जिल्ला प्रशासन कार्यालय रूपन्देही द.नं. १४३/०७०/०७१

वर्ष ७ अंक १, कार्तिक २०७६

ओझेल भित्रका वास्तविक सचेतना अभियान

हाम्रो गोरेटो

राष्ट्रिय मासिक

**संरक्षक**
नेपाल मगर संघ, ५ नं. प्रदेश समिति
देवराज खनाल
लीला राना मगर
सूर्य श्रीस मगर

**सल्लाहकार**
सांसद तुलाराम घर्ती मगर (वसन्त)
लोकबहादुर थापा
बालकृष्ण काउछा मगर
डि. बि. पुन मगर
गणेशमान महत्तो

**कानूनी सल्लाहकार**
अधिवक्ता सुरेन्द्र थापा मगर

**प्रबन्धक**
तारा पुन मगर

**संवाददाता**
सुरज थापा
संगीता थापा
श्रीधर पोखेल
नरबहादुर गुरूङ
शिव थापा मगर
तेज बहादुर थापा मगर
दायना मकवानी मगर
किशोर गुरूङ
सिंह बहादुर ढेंगा मगर

**अतिथि सम्पादक**
गणेशमान गुरूङ

**कार्यकारी सम्पादक**
चन्द्रा थापा मगर

**प्रधान सम्पादक/प्रकाशक**
तुलबहादुर दर्लामी मगर (अरूण)

**कम्प्यूटर रूपाङ्कन**
बिरेन्द्र सिंजाली मगर

**मुद्रण**
सत्यशिला अफसेट प्रेस, ९८४७४७५९१३
बुटवल-१०, रूपन्देही

**प्रधान कार्यालयः**
बुटवल-६, ट्राफिक चोक, रूपन्देही
फोन नं.: ९८४७४६१७७०, ९८४६०४६४६७
E-mail: hamrogoreto@gmail.com

## यस भित्र . . .

| | |
|---|---|
| दक्षिणका विस्तारवादी बादशाह | ५ |
| संघीयता कार्यान्वयनका चुनौतीहरू | ७ |
| समृद्धिको नारा तुसारापात हुँदै 'सरकार उल्टो दिशातर्फ' | ९ |
| नेपाली भूमिमाथि भारतको ठाडो हस्तक्षेप | ११ |
| "हाम्रो गोरेटो"ले देखाएको गोरेटो | १४ |
| नयाँ प्रदेश प्रमुख नियुक्त पुराना कम्युनिष्टलाई प्राथमिकता | १७ |
| पितृसत्ताभित्र लुकेको पुरुष हिंसा | २१ |
| भारतद्वारा प्रकाशित नक्सामा आपत्ति छ-प्रचण्ड | २४ |
| समाजवादी क्रान्तिका आधारभूत शर्तहरू | २६ |
| गन्तव्य होमस्टे | ३१ |
| होमस्टेमा पर्यटकको केन्द्र विन्दु रानीमहल | ३७ |
| यसरी समयको ख्याल राखौं | ३९ |
| घैडाँडे मामा | ४१ |
| एम. जी. द्वारा बौघा गुम्हामा निःशुल्क दन्त शिविर | ४३ |
| मानवीय पहिचान नै चाहिन्छ | ४५ |
| बम काण्डका मुख्य अभियुक्त आलम पत्राउ | ४७ |
| गजल | ४९ |
| कविता | ५० |

## पाठकवर्गमा अनुरोध

**हाम्रो गोरेटो** राष्ट्रिय मासिक पत्रिका छैठौं वर्ष सफलताकासाथ पूरा गरी **सातौं** वर्षप्रवेशसँगै **अनलाईन न्यूज** सहित निरन्तर प्रकाशन भइरहेका सुखद अवसरमा आदणीय लेखक, पाठकवर्ग, विज्ञापनदाता एवं शुभेच्छुकहरूमा धन्यवाद एवं हार्दिक आभार व्यक्त गर्दै यहाँहरूको निरन्तर लेख, रचना, विज्ञापन एवं सहयोग साथै स्वस्थ्य प्रतिक्रियाको लागि हार्दिक अनुरोध गर्दछौं।

ओझेल भित्रका वास्तविक सचेतना अभियान
हाम्रो गोरेटो
राष्ट्रिय मासिक

Online News:
**hamrogoreto.com**

**प्रधान कार्यालयः**
**बुटवल-६, ट्राफिकचोक, रूपन्देही**
मो. ९८४६०४६४६७,
९८५७०२९२६७, ९८४७४६१७७०
Email:hamrogoreto@gmail.com

## सम्पादकीय

# हाम्रो गोरेटो सातौं वर्ष प्रवेशमा

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" भन्ने मूल नारा लिई सत्य, तथ्य, निश्पक्ष र निर्भिक समाचार सम्प्रेषित गदै पत्रकारीतामा मोफसलको राजधानी बुटवलबाट प्रकाशित हाम्रो गोरेटो राष्ट्रिय मासिक २०७० सालमा रुपन्देही जिल्लामा दर्ता भई २०७३ सालमा प्रेस काउन्सिल नेपालद्वारा 'ख' वर्गमा क्षेत्रीय स्तरमा सूचिकृत हुन सफल भएको छ। स्थापना कालदेखि नै ओझेलमा रहेका विशेष घटना क्रमहरुलाई विशिष्ट ढंगले विचार विश्लेषणात्मक शैलीमा उजागर गर्दै हाम्रो गोरेटोले आफ्नो गोरेटो कोर्दै आएको छ।

नेपालमा सर्वाहारा वर्ग पछाडि पारिएको वर्ग, विभेद उत्पीडनमा पारिएको वर्गको बलिदानीपूर्ण सघर्षको फलस्वरुप सामन्ती, एकात्मक शासन व्यवस्था परिवर्तन भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। मुलुकमा व्यवस्था परिवर्तन भएपनि नागरिकका अवस्था औसत जनजीवन ज्यूका त्यूँ छ। देशको राजनैतिक आन्दोलन पूरा भयो भनेर सत्तासीन दलले आर्थिक समृद्धि र सुशासनको कुरालाई अघि सारेको छ। तर, सर्वसाधारण नागरिकका आधारभूत आवश्यकताहरु र दैनिक जीवीकोपार्जन गर्ने कामहरुमा सहजिकरण र व्यवस्थापन गर्न सकेको छैन। त्यसतर्फ भन्दा राजनैतिक दल सिद्धान्त र पदको लागि खिचातानी गरिरहेका छन्। किनकी पद र सत्तामा पुगेपछि आफन्त, नातेदार र आसेपासेहरुलाई समेत पुस्तौलाई पुग्ने गरी अकुत सम्पत्ती आर्जन गर्ने मुख्य मिशन बनाएको कुरालाई नकार्न सकिन्न। यो नै देश विकासको प्रमुख बाधक बनेको छ।


जनआन्दोलनको जंगमा टेकेर प्रधानमन्त्री के.पी. शर्मा ओलीको नेतृत्वमा दुई तिहाईको बाम सरकार गठन भएको छ। जनमत र जनआकांक्षाकै दृष्टिकोणबाट विश्लेषण गर्ने हो भने स्व. वि.पी. कोइरालाको नेतृत्वको सरकार पछिको दोस्रो शक्तिशाली सरकार हो यो। नागरिकहरुले बामपन्थी सरकार बनाउनको लागि विश्वास गरी दुई तिहाईको मत दिएका थिए। तर सरकारको काम र क्रियाकलापलाई हेर्ने हो भने अहिले सबैभन्दा कमजोर अवस्था देखिएको छ।

समय र आचरण विपरीत कार्य भ्रष्टचार हो। त्यसलाई मलजल गर्ने शासन पद्धति आफैमा कुशासन हो। अहिले यही क्रियाकलापले बढवा पाइरहेको देखिन्छ। यस्तो गतिविधिले अन्तर्राष्ट्रिय जगतमा समेत नेपालको प्रतिष्ठा माथि गम्भिर रुपमा प्रश्न चिन्ह खडा भएको छ। भ्रष्टचार एवम् कुशासन प्रणालीका कारण आम नेपाली नागरिकहरुले समय सापेक्ष राज्यबाट विकासे सुविधा पाउनबाट वञ्चित भएका छन्। अझ देश विकास र जनसेवा गर्ने भनि नेतृत्वमा पुगेका व्यक्तिहरु नै विकास निर्माण कार्यमा आफै ठेकेदार, आफ्नै ठेक्का, आफ्नै फार्म र आफै सिफारीस कर्ता बनेर प्रस्तुत हुने व्यापारिक शैलीले भ्रष्टाचार, कमिशन र घुसखोरी झन् बढाएको छ। स्थानीय तहमा पनि विकास निर्माणका कार्यहरु अगाडि बढेका छैनन्। अघि बढाइएका विकास निर्माणका कामहरु पनि गुणस्तरीय बन्न सकिरहेका छैनन्। त्यस्ता कार्यले नागरिकका सुशासन र समृद्धिको सपना साकार बनाउन कसरी सकिन्छ ?

वास्तवमा हामीले सात वर्षदेखि उठाइरहेको मुद्दा मुलुकमा सुशासन ल्याउन र नागरिकका आधारभूत आवश्यकताहरु समानुपातिक ढंगले उपयोग गर्न सकून भन्ने हो। जसको लागि समय सापेक्ष राजनीतिक विचार र सिद्धान्तमा स्पष्ट हुन जरुरी हुन्छ। हुनत सरकारले विकास र समृद्धिको नारालाई अघि सारेको छ। तर पूरानै संरचना, संस्कार तथा कार्यशैलीलाई अपनाउँदा समृद्धि नारामा मात्र सीमित हुने देखिन्छ। तसर्थ राज्य व्यक्तिले होइन नीति– नियम र संविधानले चल्नु पर्दछ। राज्यमा नागरिकको सर्वोच्चता हुने गरी केन्द्र, प्रदेश हुँदै स्थानीय तहका नेतृत्व वर्गले समेत सुशासनको लागि गम्भिर भएर सोंच्न जरुरी छ। सरकार आफ्नो भूमीको रक्षा गर्दै सुशासनयुक्त शासन प्रणाली र भ्रष्टचार मुक्त समाज निर्माण गर्न सकोस् यस वर्षदेखि hamrogoreto.com अनलाईन खबर शुभारम्भ सहित छैठौं वर्ष पूरा गरी सातौं वर्षमा प्रवेश गरेको हाम्रो गोरेटो राष्ट्रिय मासिक परिवार सबैमा यही शुभकामना व्यक्त गर्दछौं।

# दक्षिणकाविस्ता रवादी वादशाह





**दिल साहनी**

भारतले कालापानी लुम्पियाधुरा र लिपुलेकलाई आफ्नो नक्शामा पारे पछि सरकार दह्रो गरी बोल्न नसके पनि नेपाली जनता मोदी सरकारका कानका जाली फुट्ने गरी बोलेका छन् । भारतको बिरुद्धमा देशभक्त नेपालीहरूको अभूतपूर्व रुपमा राष्ट्रिय एकता प्रदर्शित भइरहेको छ। यो निकै सकारात्मक कुरा हो । नेपाली जनता भन्न थालेका छन् सरकारले भारतीय फौजलाई नेपालको भूभागबाट हटाउन सक्दैन भने त्यो जिम्मा नेपाली जनताले लिनेछन् र उसलाई नेपालको भूभागबाट भगाउने छन् । जे होस् कालापानी लिम्पियाधुरा र लिपुलेक नेपालको भूभाग हो भन्ने कुरा इतिहासले साबित गरिसकेको छ । निश्चित रुपमा कालापानी नेपालले ढिलो चाँडो फिर्ता लिने छ । फेरि पनि के कुरा पनि निश्चित छ भने विस्तारवादी भारतले सजिलै कालापानी छोडेन भने हामीले त्यसलाई फिर्ता गराउन निकै लामो लडाई लड्न पर्ने हुन सक्दछ। आफ्नो मातृभूमिको लुटिएको वा जबरजस्ती कब्जा गरिएको जमीन फर्काउन हामीले जस्तो सुकै कदम पनि चाल्नु पर्ने र चाल्नु सक्नु पर्ने अवस्था पनि आउन सक्दछ। हामी हर कुराको लागि सदा तयार रहन आवश्यक छ।

भनिन्छ नेपालले भारतबाट कालापानीबाट त्यहाँ तैनाथ गरेका आफ्ना सेना नहटाउञ्जेल भारतको अतिक्रमणको चर्को बिरोध गरिरहने कुरालाई एक मिनट पनि नबिसाई टेबलमा बसेर बार्ता गर्नु हुँदैन । अर्को कुरा भारतसित बार्ता गर्दा समझदारी आफ्नो पक्षमा दाबी बमोजिम भएन भने त्यस बार्तालाई असमान सन्धि सम्झौता गरेर टुंग्याउने होइन कि टंग्रीएर उठ्नु पर्दछ । आफ्ना भावी सन्तानलाई आफ्नो अधिकार खोज्ने ठाउँ राखिदिनु पर्दछ। सबै कुरा मेटेर आउनु हुँदैन।

बिस्तारवादी भारतले हाम्रो जमीनमाथि मात्र होइन हाम्रो जनसंख्यामाथि समेत कब्जा गर्न खोजिरहेको छ। त्यसको लागि खुला सीमाको फाइदा उठाउँदै जति सक्दो भारतीयहरूलाई नेपालमा हुल्ने र तिनलाई नेपाली नागरिकता दिलाएर जनमतबाट नै नेपाललाई सिक्किम बनाउने दाउ पनि खेलिरहेको छ। उसको त्यस्तो हरकतलाई रोक्न नेपालले पहिलो कुरा त सीमा खुला राख्न हुँदैन। सीमामा पर्खाल नै लगाउन नसके पनि काँडेतार लगाउन सक्नु पर्दछ । पैसा पुग्दैन भने विदेशमा बसेका नेपालीले समेत पैसाको खोलो बगाउन सक्दछन् । अर्को कुरा नेपाली नागरिकता पोस्कर बाँडे जस्तै बाँड्न हुँदैन । गलत तरिकाले नेपाली नागरिकता लिनेहरूको संख्या धेरै भएकोले त्यसको छानबीन गरी झूठा विबरणको आधारमा लिइएका नागरिकता खारेज गर्नाका साथसाथै त्यस्तो झुठा नागरिकता दिने र दिनलाई सिफारिस गर्नेलाई समेत कडा कारबाही गर्नु पर्दछ। मुलुकमा सिक्किमीकरण हुनुबाट बचाउन पनि नेपाल सरकारले यस्तो नीति लिन आवश्यक छ।

नेपाल र भारतबीचमा भइरहेको खुला आवत जावतलाई नियन्त्रित वा नियमित गर्न आवश्यक छ। अहिले नै दुई देशबीचमा पासपोर्ट लागू नगरे पनि को आयो को गयो त्यसको रेकर्ड राख्न सक्नु पर्दछ। यसले गर्दा यो मुलुकमा अपराधीहरूको घुसपैठलाई पनि रोक्न मद्दत पुर्‍याउँछ।

अर्को कुरा सरकारले अब हाम्रा सुरक्षा निकायलाई सीमामा खटाउन जरुरी छ । त्यसको लागि सुरक्षा निकायको संख्या कम हुन्छ भने भर्ती खोलेर ज्यादा भन्दा ज्यादा युवाहरूलाई सेना सशस्त्र प्रहरी र प्रहरीमा भर्ती गर्न आवश्यक छ । यसको लागि मुलुकमा भइरहेको व्यापक भ्रष्टाचारलाई रोक्न सक्ने हो भने पनि ठूलो धनराशी जुट्न सक्दछ । यसले गर्दा बेरोजगारीलाई कम गर्नाको साथसाथै युवा जनशक्तिको विदेश पलायनको सख्या पनि न्यून गर्न सकिन्छ।

कुरा त्यति मात्र होइन सरकारले हरेक नागरिकलाई राष्ट्रको सिपाही बनाउन अनिवार्य रुपमा सैनिक तालिम दिन आवश्यक छ । भारतीय विस्तारवादको आक्रमणलाई जबाव दिन सक्ने शक्ति हामीले विकास गर्नै पर्दछ । भारतीय सेना ,व्रिटिश सेना नेपाली सेना तथा प्रहरी सेवामा भर्ती भएर पेन्सन भएका नेपाली नागरिकका हातमा बन्दुक थमाइदिने हो भने उनीहरू यो मुलुकको माटोको रक्षाको लागि जतिबेला पनि लड्न तयार हुन सक्दछन् । यो कुरा हामीले बिर्सनु हुँदैन ।




फेरि अर्को कुरा हामीले विस्तारवादी भारतको आक्रमणको संभावित आक्रमण रोक्न बाहिरबाट खरिद गरेर हतियार थुपार्ने मात्र होइन आफै हतियार बनाउन सक्ने क्षमताको पनि विकास गर्न आवश्यक छ । अत्याधुनिक हात हतियारको विकास पनि गर्नु सक्नु पर्दछ । कुरा के भने हामीले विस्तारवादी भारतलाई के कुराको बोध गराउन जरुरी छ भने हामी कमजोर छैनौ । हाम्रो देश सानो भए पनि कमजोर छैन । यस कारण पनि कि यो बीर गोरखालीहरूको देश हो । गोरखालीको नाम लिंदा हिटलरको पनि मुटु काँप्दछ । नेपोलियनको पनि मुटुले ठाउँ छोड्दछ । हामी हर दुष्टिले कमजोर भयौं भने भारतले हामीलाई हेप्न सक्दछ र आफ्नो अतिक्रमणकारी मिचाहा प्रवृत्तिलाई जारी राख्न सक्दछ ।

अब नेपालले भारतीय विस्तारवादलाई के जबाव दिन आवश्यक छ भने नेपाल भारतको असल छिमेकी हुनलाई मात्र होइन आवश्यक परे एक नम्बरको दुश्मन हुन पनि तयार छ । दुश्मन यस अर्थमा मित्र मानेर उसले आफ्नो गुमेको भूभाग प्राप्त गर्न सक्दैन भने शत्रु ठानेर लडेर भए पनि त्यसलाई फिर्ता गराइछोड्नु पर्छ । भलै त्यसको लागि सयौं हजार वर्ष किन नलागोस् ।

हामीले के कुरामा पनि ध्यान दिन आवश्यक छ भने कम्तीमा पनि सीमा क्षेत्र हामीले खालि राख्न हुँदैन । त्यहाँ बस्ती बसाल्नु पर्दछ । त्यहाँ सुकुम्बासीहरूलाई जग्गा वितरण गरेर सबै आवश्यक भौतिक सुविधा उपलब्ध गराइ बसोबास गराउन सकिन्छ। यसले एकातिर हाम्रो सुकुम्बासी समस्या समाधान हुन सक्दछ भने अर्कोतिर उनीहरूले सीमा रक्षकको भूमिका पनि पूरा गरिरहेका हुन सक्दछन् । त्यसो गर्न सकिन्न भने पनि सीमा क्षेत्र खालि राख्न हुँदैन । खालि राखेमा भारतीय विस्तारवाद कति बेला अतिक्रमण गर्दै आफ्नो सैनिक क्याम्प खडा गरको हुन्छ हामीलाई थाहा पत्तो पनि नहुन सक्दछ । हामी नै आफ्नो भूमिको बारेमा बेखबर रह्यौ भने दुश्मनले हाम्रो कमजोरीबाट फाइदा उठाउन सक्दछ ।

यतिबेला हामीले अर्को कीर्तिनिधि बिस्टको आवश्कता छ जसले कालापानीमा तैनाथ भारतीय सैनिकलाई त्यहाँबाट हटाउने पहल गरोस् । पहल गर्न सकोस् ।

हामीले के कुरा बुझ्न जरुरी छ भने यतिबेला दक्षिणको वादशाह निकै धुर्त कपटी जाली बर्बर र लुटाहा छ। बिस्तारवादी छ। अतिक्रमणकारी छ। क्षेत्रीय प्रभुत्ववादी छ। दक्षिणको वादशाह न हिजो हाम्रो मित्र थियो न आज हाम्रो मित्र रहेको छ। यो कुरा उसका हरेक क्रियाकलापले प्रष्ट पारेको अवस्था छ। हामी दक्षिणको वादशाहबाट सावधान रहन जरुरी छ।

नेपालमा पनि थुप्रै लेन्डुप दोर्जेहरूको अवतार भएको छ । यो मुलुकका लेन्डुप दोर्जेहरूको हर गद्दारीको पर्दाफास गर्न पनि उत्तिकै आवश्यक छ । लेन्डुप दोर्जेहरूले धमिराले जस्तै भित्र भित्र देश खाएर खोक्रो बनाउन सक्दछन् । साथसाथै हामीले दलाल नेता र तिनको दलालीको पनि बेलामा नै उपचार गर्न आवश्यक छ। दलाल नेता वा पार्टी पनि नागरिकको आदेशभन्दा पनि विदेशी प्रभुको आदेशमा चल्न थाल्दछन् । मुलुकको यतिबेला यस्तो हालत भएको एउटा कारण यो पनि हो र यो अझ एउटा प्रमुख कारण पनि हो ।

देशलाई बचाउन जनता जागरुक हुन र उनीहरूका नशा नशामा राष्ट्रप्रेमको रगत सञ्चालित भएको हुनु पर्दछ । उनीहरूमा मन मस्तिष्कमा राष्ट्रप्रेमको भावना भरिएको हुन आवश्यक छ । घटनाक्रमले के कुरा साबित गरेको छ भने हामी नेपालीमा राष्ट्रप्रेम प्रचुर मात्रामा छ । हामी देशको रक्षाको लागि मर्न र मार्न पनि तयार छौं । यो नै हाम्रो सबभन्दा ठूलो सम्पति हो । यही सम्पत्ति नै राष्ट्रको बल हो । ताकत हो । इतिहासमा हामी कहिले गुलाम रहेनौं । भविष्यमा पनि हामी गुलाम भएर बाँच्न चाहँदैनौं । यो कुरा दक्षिणका विस्तारवादी वादशाहले लेखेर राखे हुन्छ।

# संघीयता कार्यान्वयनका चुनौतीहरु



अधिवक्ता सुरेन्द्र थापा मगर

देश संघीयतामा जाने कि नजाने भन्नेबारेमा निकै ठूलो वहस हुँदै थियो। मधेशी, जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र वर्गले संघीयतालाई आफ्नो प्रमुख मुद्दा बनाएर प्रदर्शन गरिरहेका थिए। जिल्लाहरु पुरानै संरचनामा बसेर संघीयतामा जान मन पराए। नवलपरासी र रुकम बाहेक अन्य सवै जिल्लाहरु फुट्न मानेनन्। यस्तै परिस्थितीको सेरोफेरोमा जनमोर्चाका नेता चित्र बहादर केसीले संविधान सभामा भनेछन् "काँचो सुन्तला नखादै यो चाल खाए कुन चाल" संघीयता सम्बन्धी गरिएको यो व्यङ्ग्य निकै चर्चित पनि भयो। संघीयताले एकातिर सदियौदेखिको उत्पीडन मुक्त गराउँछ भन्नेहरु थिए भने अर्को तर्फ संघीयताले जग्गा प्लटिङ्ग जस्तै बनाउँछ देशलाई भनेर राष्ट्रिय जनमोर्चाले भन्दै आएको थियो। अन्तत : दोस्रो संविधान सभाको निर्वाचन २०७० साल मंसिर ४ गते सम्पन्न भएपछि गत २०७२ साल असोज ३ गते संविधान सभामार्फत संघीय गणतन्त्रात्मक संविधान जारी भयो।

नेपालको इतिहासमा पहिलो चोटी हाम्रो देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक धर्म निरपेक्ष राष्ट्रको रुपमा परिभाषित भयो। संघीयताले सिंहदरबारको अधिकार गाउँघरमा पुऱ्याउँछ भनेर धेरै पटक शब्दहरु दोहोरीए। नागरिकहरुलाई आमूल परिवर्तन हुन्छ, विभेदको अन्त्य र समृद्ध राष्ट्रको निर्माणमा एकाएक राष्ट्रले प्रगति गर्छ भन्ने लाग्यो। संविधान जारी भए पछि तीन तहको निर्वाचन सम्पन्न भयो। यति खेर हाम्रो देशमा संघ प्रदेश र स्थानीय तह गरि ७६१ वटा सरकार निर्माण भएका छन्। संविधान वमोजिमको संघीयता लागु गर्न सबै तहका सरकार कानून बनाएर कार्यान्वयनमा जुटेका छन्। तै पनि संघीयता स्यालको सिङ जस्तो भएको छ। स्याल कराउँदा स्यालको सिङ देखिन्छ भने झै नेताहरुले भाषण गर्दा संघीयता भेटिन्छ। तर आम नागरिकले अनुभूति गर्ने गरेर संघीयता अझै भेट्टिएको छैन्। संघीयता कार्यान्वयनमा बन्नु पर्ने सबै कानुनहरु अझै बनेका छैनन्। ता पनि संविधानको मौलिक हकसँग सम्बन्धीत १६ वटा कानुन बनिसकेको अवस्था छ। संघीयता कार्यान्वयनमा यो महत्वपूर्ण उपलब्धीको रुपमा मान्न सकिन्छ। नेपालमा मोटामोटी हाल सम्म ३८० वटा कानूनहरु क्रियासिल छन्। ती मध्ये संघीयता कार्यान्वयनसँग सम्बन्धीत १६४ वटा कानून पूर्ण संशोधन गर्नुपर्ने छ। यसै गरि १५० वटा कानुनहरु सामान्य संशोधन गरिएका छन्। करिब ५० वटा पुराना कानुनहरु खारेज गर्न पर्ने अवस्थामा छ। यसैगरी संघले प्रदेशको निम्ति बनाईदिनु पर्ने सबै कानुन बनाई दिएको अवस्था छैन। संविधानमा संघको अधिकार सूची अन्तर्गत रहेका ३५ वटा अधिकारसँग सम्बन्धीत कानून बनाउनु पर्ने अवस्था छ। यसै गरि प्रदेशको २१ वटा अधिकारसँग सम्बन्धीत कानुनहरु अझै संघले बनाइदिई सकेको छैन्। संघ र प्रदेशको साझा अधिकारसँग सम्बन्धीत प्रायःसबै कानूनहरु बनेका छैनन्। साझा अधिकार सूचीका कानून बन्न नसक्दा संघीयता कार्यान्वयनमा नै अन्यौलमा परेको छ। संघ र प्रदेशको साझा अधिकार सूची अन्तर्गत फौजदारी तथा देवानी कार्यविधि देखि एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण गर्ने सम्मका कानून निर्माण गर्नु पर्ने देखिन्छ। संघले प्रदेशको निम्ति १८ वटा कानून बनाई दिनुपर्नेमा हाल सम्म ४ वटा नमूना कानून मात्र बनाई दिएको छ। ती मध्ये प्रदेश लोकसेवा आयोग कानून बनाउन मापदण्ड तथा कार्यविधि, स्थानीय सभा सञ्चालन ऐन लगायत अन्य केही कानुनको नमूना तयार गरि संघले पठाएको बुझिन्छ।

**संघीयता कार्यान्वयनका चुनौतीहरु :**

(क) कानून निर्माणमा अलमल - हामी सरकार परिवतर्नमा होइन समूल व्यवस्था परिवर्तन भएको अवस्थामा छौ। व्यवस्थालाई सञ्चालन गर्ने नयाँ कानूनहरुको निर्माण सुस्त गतिमा भएको छ। नेपालको संविधानको धारा ५६ अनुसार राज्यको संरचनासँग प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजित गरिएको छ। यसै गरी नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने कुरा प्रस्ट रहेको छ। राज्य शक्तिको प्रयोग गर्ने अधिकार तीन तहमा विभाजित भएको हुँदा नै यी सबै तहलाई सरकार भनिएको छ। सरकारले कानून निर्माण गर्छ, प्रहरी ,कर्मचारी भर्ना

गर्न सक्छ। कर उठाउन सक्छ। संविधानको धारा ५७ अनुसार राज्य शक्तिको वाडफाड संघीयता कार्यान्वयनको मुलभूत मेरुदण्ड हो। राज्यशक्तिको वाँडफाँड सम्बन्धी कानून निर्माण नभए सम्म संघीयताले गति लिन सक्दैन। तसर्थ मुलरुपमा संघले संविधानको धारा ५७ र धारा १०९ सँग सम्बन्धीत संघको अधिकार सूचीसँग सम्बन्धीत कानून निमार्ण गर्नु पर्छ। संघले ती अधिकारसँग सम्बन्धीत कानून निर्माण नगरेसम्म प्रदेशले आफ्नो कानून बनाउन सक्दैन् । यसैगरी प्रदेशले कतिपय कानून नवनाएसम्म स्थानीय तहले आफ्नो कानून निमार्ण गर्न नसक्ने अवस्था छ। यसरी हेर्दा संघीयता कार्यान्वयनको हलो संघमा अल्भेको अवस्था छ। संघले छिटो भन्दा छिटो आफ्ना अधिकारसँग सम्बन्धीत कानून निर्माण गरिदिनु पर्छ।

(ख) **संघ ,प्रदेश र स्थानीय तहबीच समन्वयको कमी –**

राज्यशक्तिको बाँडफाँड सम्बन्धमा अधिकारको सूची रहे पनि तीनै तह विच अधिकार वाँडफाँडमा जटिलता छ। कतिपय अधिकारहरु तीनै तहमा विभाजित भएका छन्। जस्तै सहकारी सम्बन्धमा संघ , प्रदेश र स्थानिय तह गरि तीनै तहको अधिकार हुने उल्लेख छ। कुन तहले कति अधिकार ग्रहण गर्ने भन्ने सम्बन्धमा स्पस्टता छैन् । यसै गरी सञ्चार सम्बन्धमा संघको अधिकार सूचीमा दुर सञ्चार , रेडियो फ्रिक्वेन्सीको वाँडफाँड रेडियो टेलिभिजन हुलाक छ भने प्रदेशको अधिकार सूचीको ३ मा रेडियो, एफ एम , टेलिभिजन सञ्चालन गर्ने अधिकार प्रदेशमा रहेको छ। अर्को तर्फ संघ र प्रदेशको साभा सूचीमा सञ्चार माध्यम सम्बन्धी अधिकार उल्लेख छ। एफ. एम. सञ्चालन सम्बन्धी अधिकार स्थानीय तहलाई समेत दिएको अवस्था छ। यसरी संविधानमा नै अधिकारको बाँडफाँडमा स्पस्टता नहुँदा संघ,प्रदेश र स्थानीय तहबीच राम्रो समन्वय हुन सकेको छैन्। राज्य शक्तिको प्रयोग गर्ने निकायबीच राम्रो समन्वय नहुँदा संघीयता कार्यान्वयनमा थप जटिलता पैदा भएको छ। यी तीनै तहका सरकारबीच अधिकारको बारेमा शीतयुद्ध जस्तै परिस्थिति सृजना भएको छ। तर्सथ यी तीनै तहको अधिकार बाँडफाँडमा कानून बनाएर स्पस्टता गरियो भने स्वभाविक रुपमा अहिले अदृश्यरुपमा रहेको शीतयुद्ध रहदैन्।


(ग) **सरकार सञ्चालनमा नयाँपनको कमि –**

संघीयता हाम्रो निम्ति विलकुल नयाँ व्यवस्था हो। यतिखेर पात्र परिवर्तन भएको छ प्रवृत्ति परिवर्तन हुन सकेको छैन। हामी सदियौदेखि एकात्मक व्यवस्थामा हुर्क्यौ । हाम्रा सोचाई ,मुल्यमान्यता पुरानै छन्। मुल पात्र संघीयता प्रति इमान्दार रहने हो संघीयता कार्यान्वयनमा जटिलता हुँदैन् । तर संघ ,प्रदेश र स्थानीय तहका सञ्चालकहरुमा संघीयता अनुकलको आचरण देख्न मुस्किल परेको छ। डोजर आतंक र पजेरो संस्कृति संघीयता कार्यान्वयनको पहिलो बाधक बनेको छ। स्थानीय तहका सरकार प्रमखले सबै भन्दा पहिला आफूलाई पजेरो संस्कृतिमा रुपान्तरण गरेका छन् । यो संघीयताको चरम दुरुपयोग हो। प्रदेशका सञ्चालकहरु पनि संघीयता प्रति जति इमान्दार हुनु पर्ने हो हुन सकेका छैनन्। विना अधिकारको मन्त्री भएर भन्डा हल्लाउँदै दैनिक उद्घाटन र प्रमुख अतिथिमा समय खर्चन, उनिहरुको दिनचर्या बनेको छ। घर दैलोको सरकार भनेको गाउँघरका, गरिब निमुखाको आँखामा धुलो पार्दै पजेरोमा नेता गुड्नु होइन। संघीयताको व्यवस्थापनमा उहाँहरुको पनि अहम् भूमिका रहन्छ। राज्य सञ्चालकहरुको सोंचमा परिवर्तन नभएसम्म संघीयताले मुर्तरुप लिन सक्दैन् । हामी कहाँ व्यवस्था फेरियो सोंच फेरिएन। आम नागरिकहरुले निकै साना कुरामा समेत परिवर्तन भएको आभास गर्नपाएका छैनन्। तसर्थ संघीयता कार्यान्वयनमा तीनै तहका सरकार सञ्चालकको सोंचमा परिवर्तन हुन जरुरी छ। दिमागमा एकात्मक सोंच लिएर हातमा संघीयताको माला जपेर समाज परिवर्तन हुँदैन । तसर्थ संघीयता कार्यान्वयनमा राज्य सञ्चालकको एकात्मक सोंच र पुरानै प्रवृत्ति पनि बाधक रहेको छ।

अन्तमा संघीयता सफल र असफल बनाउने मुख्य जिम्मेवारी हाम्रा नेताहरुमा रहेको छ। संघीयता भनेको एक प्रकारको समभदारी र प्रतिबद्धताको शासन प्रणाली हो। हाम्रा नेताहरु संघीयता प्रति इमान्दारी हुनपर्छ । कर्तव्य विमुख जनप्रतिनिधिले संघीयता कार्यान्वयन हुन सक्दैन्। राजनीति पेशा होइन , सेवा हो। जसमा आफ्नै आर्दश हुनुपर्छ । यतिखेर समाज सेवाको नाममा विकृती मौलाएको छ। जस्लाई परिवर्तनको जरुरत थियो जस्लाई संघीयता र समावेशी लोकतन्त्रले आत्मसाथ गर्नु पर्थ्यो ती समुदाय वर्ग क्षेत्र लिंग अहिले पनि पाखा परेका छन्। हाम्रो लोकतन्त्रले समावेशी आचरण गुमाउँछकी भन्ने डर छ। हाम्रो राज्य र समाज असफल हुँदा त्यसलाई सुधार्ने इच्छा शक्ति हामीमा हुनु पर्छ। अहिले सम्म परिवर्तन र समृद्धी केवल सम्भ्रान्त वर्गमा शहर बजार र सदरमुकाम वरपर मात्र सिमित भएको छ। संघीयताको समृद्धी र परिवर्तन गाउँघरमा , गरिबकहाँ र गरीखाने वर्गमा पुग्नु पर्छ। संघीयता कार्यान्वयनमा सत्तापक्ष र प्रतिपक्ष विभाजित हुनुहुँदैन् । यसैगरी आम नागरिकले पनि संविधान अनुकुलको संघीयता कार्यान्वयनमा आ-आफ्नै ठाउँबाट कर्तव्य निर्वाह गर्नुपर्छ। अहिलेसम्म संघीयता प्रयोगमा देखिएको प्रयासलाई हेर्दा संघीयता अफाब सिद्ध हुने लक्षण कहिकतै देखिएको छैन। संघीयतामा नै हाम्रो समृद्धीको भविस्य जोडिएको छ तसर्थ संघीयतालाई हामी सबैले दिलैदेखि आत्मसाथ गर्नुपर्छ। हाम्रो संघीयताको यात्रा उज्ज्वल भविस्यको दिशातर्फ उन्मुख छ।

# समृद्धिको नारा तुसारापात हुँदै

## "सरकार उल्टो दिशातर्फ"



प्रकाश भट्टराई

नेपालमा राणा शासन अन्त्य पछि राजनीतिक खेल हुँदै गर्दा २०१७ सालमा राजा महेन्द्रले शासन हातमा लिए। ३० वर्षसम्म हुकुमी शासन भएपनि देशमा विकास भएको चर्चाचली रहेको छ। यही हुकुमी शासन अन्त्य गरी ०४६ सालमा वहुदल ल्याइयो तर यसलाई पनि फलिफाप हुन दिइएन, अनि माओवादी १० वर्ष युद्ध हुँदै ०६२।६३ को आन्दोलनले गणतन्त्रको नाममा देशमा शासन गर्ने शासकहरुको जन्म भएको छ। र देश संघीयतामा गएको छ भनिदै संघीयता धोविको घाट जस्तै बनाइदैछ।

**वर्तमानमा समृद्धि के लाई मान्ने**

समृद्धि त्यस्तो कुरा हो जहाँ देश र जनताको चरम विकास हुन्छ, न्यायमा समानता, भ्रष्टाचार विहिन समाज, हरेक जनताको शिक्षा स्वास्थमा पहुँच, उद्योग, कलकारखाना, रोजगारका अवसर सिर्जना हुनु सभ्य, इमान्दार, नैतिकवान सरकार जुन जनताप्रति बफादार, पारदर्शी , विद्युत, खानेपानी सो सुलभ जनता र सरकारबीच सौहार्दपूर्ण व्यावहार र जनताको अपेक्षा अनुसार नीति निर्माण र योजना तर्जुमा गर्दै आवश्यकताहरुको परिपूर्ति हुने देश र समाज नै समृद्धिको आधार मान्न सकिन्छ।

के यी कुराहरुमा सरकार लागि परेको छ त ? वर्तमान समयमा स्थानीय र केन्द्रीय सरकारका जनतालाई बाडेका एजेन्डा, चुनावी नारा पुरा गर्दै छन् त ? खोतल्दै जादा हिज आम चुनावको दौरानमा जनतालाई ठुला–ठुला आश्वासन बाड्दै विपक्षिलाई गाली गर्दै विपक्षीले केही गर्न सकेन अब हामी एमाले र माओवादी नेकपा कम्यूनिष्ट पार्टीलाई बहुमतको सरकार बनाउन सक्ने मत दिनुहोस् हामी जनताका अपेक्षा पुरा गर्छौ भनि विकासको मूल फुटाउने कसै परे आकासबाट तारा नै खसाल्ने, कोही भोको, रोगी, वेरोजगारी, अशिक्षीत हुनु पर्दैन, आर्थिक समानता हुनेछ, भ्रष्टाचारको अन्त्य गर्नेछौं अनि सुखी जनता समृद्ध नेपाल बनाउने वाचा गरेको यो दुईतिहाइको सरकार गठन भएको छ।

**भ्रष्टाचारसंगै सरकार उल्टो दिशातर्फ**

यो सरकार ३ वर्ष पुरा गर्दैछ यस बीचमा सरकारले जनतालाई चुनावी एजेण्डा अनुसार के दियो त ? देशमा पानीजहाज, रेल, भ्रष्टाचार विहिन समाज, न्यायीक सुशासन, रोजगार, उत्पादन जनजिवीकाको लागि सुशासन र जनताको दैनिक जिविकामा परिवर्तन हुनेछ र देशले समृद्धिको बाटो लिनेछ भनेर ठूला–ठूला र चर्को-चर्को कुरा भए तर आज दुई वर्षको समिक्षा गर्दा सरकार उल्टो दिशामा हिडिरहेको छ। पार्टी भित्र गुटबन्दी चरम स्वार्थमा डुबेर जनअपेक्षा अनुसार काम नभएको भनेर नेकपाका केन्द्रीय र प्रभावशाली नेताहरुले नै आरोप लगाएका छन्। जस्तै कि मन्त्री र कार्यकर्ताले सरुवा बढुवामा भ्रष्टाचार गरेको, गाउँमा लुट मच्चाएको भनेर माधवकुमार नेपालले आरोप लगाएका छन्। यसै गरी अग्नी सापकोटाले –भ्रष्टाचार कहाँ छैन जताततै व्याप्त छ भनेका छन्। घनश्याम भुसालले सरकार विहानदेखि बेलुकासम्म दलालसंग उठ्बस गरेको भनेका छन् । यसै गरी देशका नागरिक समाजका अगुवा लगायत बुद्धिजिवीलेसमेत सरकार उल्टो दिशामा हिडेको भ्रष्टाचार गरेको, फजुल खर्च गरेको, महङ्गा गाडी सुविधामा लागेको, विदेश भ्रमणमा खर्च गरेको, ठेक्कापट्टामा लापर्वाही गर्नेलाई कारवाही नगरेको, कानुन हातमा लिई संविधानको मर्म अनुसार नचलेको, अदालत र भ्रष्टाचार निवारण आयोगलाई प्रभावमा पारेका राष्ट्रपतिको सुविधामा अनावश्यक खर्च गरेको महङ्गी नियन्त्रण गर्न नसकेको, सरकारी जग्गा हड्प्ने पार्टीका नेता, कार्यकर्तालाई कारवाही नगरी बचाउने काम गरेको भन्दै चुनावी नारालाई भोट बैंक गराएर जनतालाई झुक्याएर ढाटेर जनतालाई धोका दिएको जस्ता कुरा र वैदेशीक समझदारी कुटनितिक असफलताले गर्दा नेपालको साख गिर्दै गएको जस्ता सरोकारवालाका कुरामा सरकारले काम गर्न सकेन बरु उल्टै आफ्नो बचाउ गर्न हुने नहुने कुरा गर्ने गरेको भनि खण्डन भइरहँदा देशले समृद्धि हासिल गर्न सकेन भन्ने व्यापक जनगुनासो बढिरहेको पाइन्छ।

**सिद्धान्त एउटा – व्यावहार अर्को, कुरा एउटा काम अर्को**

जनता अत्यन्तै आशवादी थिए कि कम्युनिष्ट त्यो पनि एमाले र माओवादी एकीकरण भएपछि पूँजीवादको अन्त्य गर्दै गरीव जनता सर्वहारा जनतालाई कम्युनिष्ट विचार अनुसार व्यावहार गर्ने छ। शिक्षा र स्वास्थ्यमा सहुलियत हुनेछ, धनी गरीब बराबर

हुनेछन्, भ्रष्टाचार रोकिनेछ, उत्पादन बढाएर उद्योगधन्दा खोलेर आर्थिक समृद्धि आउने छ , समाजमा न्याय बराबर हुनेछ भनेर भोट दिए तर कम्युनिष्टहरु पूँजीवादको विरोध गरेर नयाँ कम्युनिष्टहरु आज त्यही पूँजीवादको स्वाद चाख्दै नेता, कार्यकर्ता महल र पजेरोमा सयल गर्ने, छोराछोरी विदेश पढाउने आफूहरु उपचार गर्न विदेेश जाने, सरकारी जग्गा हडप्ने र भ्रष्टाचारलाई संस्थागत गर्दै नीतिगत भ्रष्टाचार मा समेत संलग्न भएको कुरा कम्युनिष्ट कै केन्द्रीय नेताहरु र जनताले समेत आरोप लगाएका छन् । के यही हो कम्यूनिष्ट शासन आखिर  कम्युनिष्ट किन भएको र के का लागि भएको ? सिद्धान्त एउटा गर्ने व्यवहारमा उल्टो गर्ने जुन चरित्र देखा परेको छ । यस बारेमा ठूलै बहस छलफल हुन पर्ने बेला आएको छ । सरकार एकतर्फ सफल छौं पनि भन्छ उता सरकारका मन्त्रीले काम गर्न सकेनन् भनेर मन्त्रीमण्डल फेरि रहछ । यो वास्तवमा मन्त्री असफल हुनु भनेको सरकार असफल हुनु हो । जुन कुरा सिद्धान्तगत रुपमा यो कम्यूनिष्ट सरकार चल्न सकेन । उता पूँजीवादको विरोध गर्ने यता पूँजीवादमा रमाउने र पश्चिमा देशहरुको साँठगाँठमा कहिले हेलीवाहन चलाउँछ कहिले विदेशसँग ऋण मागेर परदेश सरकार चलाउँछ । के यही हो कम्यूनिष्ट नीति र व्यवहार त्यसैले अब कम्यूनिष्ट विचारमा उल्टो काम गर्ने हो भने यसबारे राष्ट्रमा वहस चलाउने बेला आयो । वास्तवमा कम्यूनिस्ट कस्तो व्यवहार आचरण, नीति, नियम हुनुपर्छ र जनतालाई ढाँटेर भुक्याएर अश्वासन बाँडेर हैन कि वास्तविक काम हुनुपर्छ । यो कम्यूनिष्टको नाममा वदनाम र जनता र देशप्रति वैमानी भइरहेको छ यतातर्फ सबैको ध्यान जान जरुरी देखिन्छ ।

**छिमेकी देशसँग समान व्यावहार गर्न जरुरी छ**

भनिन्छ,  नेपाल दुई ढुङ्गा बीचको तरुल हो । नेपाल विदेशीको इच्छा अनुसार स्वार्थ अनुसार चल्नु हुँदैन । परनिर्भतालाई कम गर्दै विशेष कुरामा विकासको लागि सहयोग लिनुपर्छ । त्यस्तो पैसा सही ठाउँमा सही समयमा पारदर्शी र इमानदार हुँदै विकास निर्माणमा लगाउनु पर्छ ताकि विदेशीले समेत नेपालको सरकार र जनताप्रति विश्वास गर्न सकुन तर अहिलेसम्म यस्तो हुन सकेन । नेता, सरकारले ऋण लिने अनि गुणस्तर काम नगरी ठेक्कापट्टामा भ्रष्टाचार गर्ने गराउने र त्यो पैसाबाट सुख, सुविधा लिने गर्दा नेपाली जनता माथि ऋणको भारी थोप्रिएको छ ।

भारत र चीनसँग अत्यन्तै सहिष्णुताका साथ दुवै देशलाई विश्वासमा लिएर समान व्यवहार गर्ने, मैत्रीपूर्ण व्यहार गर्ने, पक्ष-विपक्षमा नलाग्ने ताकि विदेशको विकासले नेपाललाई पनि सहयोग होस् तर यस्तो हुन सकेन कहिल्यै प्रजातन्त्रवादीले एउटा सरकार विदेशीलाई अंगालो उता कम्यूनिष्टले अर्को कम्यूनिष्टलाई खुसी पार्नका लागि पर्ने गर्दा आज देशमा भारत  र चीनले नेपाली भूमि मिचिरहेको छ । यस्तो बेलामा दुई देश बीच कुटनैतिक रुपमा सल्टाउनु पर्छ यो देशको अस्मितामा खेलवाड गर्नु हुँदैन । यो कनै सरकारले गरेन । एकातिर राष्ट्रवादको चर्कोकुरा गर्ने अर्कातिर देशको सीमा मिचिदा पनि दह्रो रुपमा उभिन नसक्ने कारण के हो भने विदेशीको चलनखेल गर्ने स्थान बनि रहेछ , यस बारे समयमै चनाखो हुन जरुरी छ ।

**सरकार  आफ्नै असक्षमताले अल्मलिएको छ**


०४६ सालपछि विभिन्न समयमा पटक पटक एमाले र माओवादीले सरकार चलाएका छन् र केही गर्न सकेनन् तर फेरी गत चुनावमा कम्यूनिष्टहरु एक भएर चुनाव लडे र भनिरहेको नेपाली कांग्रेसले राम्रो काम गरेन । हामी आएपछि जनताका पुरै आवश्यकता पुराउँदै र समृद्धि ल्याउँछौ भनेकै आधारमा जनताले दुइतिहाई भोट दिए र केन्द्र, प्रदेश र स्थानीय स्तरमा कम्यूनिस्ट सरकार बन्न सफल भयो तर विडम्वना कम्युनिष्ट, कम्युनिष्ट हुन सकेन बरु जनतालाई फोस्रो आश्वासन बाँडेर, झुट बोलेर भूलभूलाई बनाइरहयो, उता भ्रष्टाचार, वेरोजगारी महङ्गी, हत्या, हिंसा, बलत्कार, सरकारी जग्गा हड्प्ने, अस्थीरता, विदेशी चलखेल जनताको अपेक्षा अनुसार काम गर्न नसक्नु कानुन हातमा लिएर हत्याको आरोप लागेको भ्रष्टाचारमा मुछिएका व्यक्तिलाई मन्त्री बनाउने काम गर्न नसक्नेलाई मन्त्रीमा राखी रहने , काम गर्नेलाई हटाउने गुट-उपगुट गर्ने र देशमा सुशासनको ठाउँमा कुशासन चलिरहेको कुरा नेकपा कै सांसददेखि सडकसम्म भनिरहेछन् । तर सरकार फेरि हामी सक्षम छौं विरोध गर्न पाइदैन विरोध गर्नेलाई अरीङ्गाल लगाइदिने छौं भनि खुलेआम भनी रहेछ, यसरी जनता अब यो सरकारको विकल्प खोज्न थालेका छन् ।

नेकपाकै प्रभावशाली नेता प्रभु शाहले मन्त्री मण्डल पुनःस्थापनमा भ्रष्टाचारको चलखेल भएको बताएका छन् । यता प्रदिप नेपालले सरकारले राम्रा व्यक्तिलाई सरकारबाट हटाएर पूँजीवादको चङ्गुलमा लगिरहेको भनिरहेका छन् ।

**सरकार जनअपेक्षा अनुसार काम गर**

अब देशमा जनतालाई चुनावी नारा र कम्युनिष्ट विचार बाँड्न भन्दा देशकाल परिस्थिति अनुरुप देशका सबै पार्टीलाई साथ लिएर समझदारी पूर्वक देश विकास गर्नु र विदेशीले मिच्दै गरेको सीमामा लागि  पर्ने बेला भएको छ । सरकारले धेरै काम गर्नु पर्ने छ तर केही भएन भन्दै गर्दा दुईचार काम गरेर देखाउः- १. सीमानमा देशको जमीन फिर्ता गर, २. भ्रष्टचारमा जोसुकै होस् कारवाही गर, ३. मेरो र तेरो हैन सकभर इमान्दारलाई देशको जिम्मा देउ, ४. विपक्षीहरुसँग समन्वय गर, ५. शिक्षा, स्वास्थ्यमा सुलभ गर, ६. महङ्गी र रोजगारको व्यवस्थापन गर, ७. जनचाहना अनुसार काम गर । सक्छौं कम्युनिष्ट वन तर कमाउनिष्ट नबन अनि देशको विकास हुन सक्छ –त्यसैले इमान्दार बन तर वहीयात, झूट र नौटंकी कुरा नगर्दा राम्रो होला ।

## यस्तो हो खास नक्सा




# नेपाली भूमिमाथि भारतको ठाडो हस्तक्षेप




**अरुण दर्लामी मगर**

आफ्नो देशको नक्सा अक्सर केन्द्रीय नापी विभागले प्रकाशित गरेको हुन्छ । तर, दुःखको कुरो नेपाली नक्सा भारतमा छापिएर नेपाली बजारमा विक्री वितरण गरिदै आएको छ। आफ्नो भूमि, राष्ट्रियता, आफ्नो मातृभूमि प्राण जस्तो चिजलाई गम्भीरतासाथ लिएको देखिदैन नेपाली शासकहरुले । अहिले भारतबाट हालै प्रकाशित आफ्नो राजनैतिक नक्सामा नेपाली भूमिलाई समावेश गरी सार्वजनिक गरेपछि सर्वसाधरण आम नागरिकदेखि राजनैतिक दलका नेताहरुसमेत सडकदेखि सदनसम्म विरोधमा उत्रिएका छन् ।

भारतबाट सार्वजनिक गरिएको नक्सामा नेपालको सुदुरपश्चिममा पर्ने दार्चुला जिल्ला व्यास गाउँपालिका १ को उत्तर पश्चिममा रहेको लिपुलेक, कालापानी, लिम्पियाधुरा क्षेत्र नक्साद्धारा कार्टोग्राफिक एग्रेसन गरी कटक्क काटेर भारत तर्फ मिसाईएको छ । नेपालको संविधान धारा ४ (२) (क) को अनुसार नेपालको क्षेत्र यो संविधान प्रारम्भ हुँदाका बखतको हुनेछ भन्ने उल्लेख गरिएको छ। जस अनुसार नेपालको कुल क्षेत्रफल १ लाख ४७ हजार १८१ वर्ग किलो मिटर छ । अहिले भारतबाट प्रकाशित नक्सामा कालापानी क्षेत्रनै समावेश गरी नेपालीबाट ३ सय ७२ वर्ग किलो मिटर भूमि चोइट्याइएको छ। यस अघि नापी विभागबाट प्रकाशित नक्सामा पनि सुगौली सन्धीको मनसाय अनुरुप नेपालको उत्तरी पश्चिमी कुनाको सीमा लिम्पियाधुरा पुर्याइएको छैन । त्यस नक्सामा ३ सय १० वर्ग किमी भूमि संकुचित गरिएको छ। त्यो भूमि पहिले पनि भारतको कब्जामा थियो । त्यस्तै अन्तर्राष्ट्रिय कानुनले वन्देज गरेको र दुई देशको सीमा छुट्याउने भूभाग दशगजा क्षेत्रमा स्थायी संरचना बनाउने र आवाद गर्ने काम भारत सरकारको नीति निर्देशनमा भएका छन् ।

सन् १८१६ को सुगौली सन्धी अनुसार लिम्पियाधुरा काली नदीको मुहान हो । सोही नदी नेपाल भारत सीमाना पनि रहेको थियो । सन् १९०३ मा प्रकाशित चीनको प्राचीन इतिहासमा पनि लिम्पियाधुराबाट उद्गम भएको नदीलाई सीमाना मानी त्यस पूर्वको भूभाग नेपाल लेखिएको



छ । त्यति मात्र होइन तत्कालिन केन्द्रीय नापी विभागका अनुसार महाकाली नदी वारी पर्ने हुनाले कालापानी हाम्रो हुनुपर्छ भन्ने अडान छ । स्मरणीय के छ भने सन् १८१६ को सुगौली सन्धीको धारा ५ मा नेपालका महाराधिराज मौसुफ स्वयम्का लागि मौसुफका उत्तराधिकारी वा वारिसका लागि काली नदीको पश्चिममा रहेको भूभाग परित्याग गरि बक्सन्छ, र त्यहाँका बासिन्दासँग कहिले सम्बन्ध राखि बक्सने छैन भनेर तत कालिन भारतमा शासन गरेका अग्रेंज सरकार र नेपालका राजाका प्रतिनिधिबीच मकवानपुरको सुगौली भन्ने ठाउँमा सन्धी सम्पन्न भएको थियो । यो विषयमा अहिले सत्ता बाहिर रहँदा अधिकांश नेपालका राजनैतिक पार्टीहरुले यो सन्धी र १९५०को सन्धीको विरोध गर्दै आएका थिए । सुगौली सन्धी भन्दा पहिले नेपाल टिस्टादेखि कुमाउ गढ्वालसम्म फैलिएको थियो । राष्ट्र कवि माधव घिमिरेले आफ्नो स्वदेश गानमा पनि पश्चिम किल्ला काँगडा पूर्वमा टिस्टा पुगेथ्यौं भनेर स्वदेश गानमा उल्लेख गरेका छन् । स्वदेश गान त्यत्तिकै त पक्कै बनेन होला । अहिले पनि ग्रेटर नेपालका अभियान्ता फणिन्द्र नेपालले यो मुद्दालाई उठाई रहेका छन् । त्यस्तै करिव २५ वर्ष अघि सुदुर पश्चिमका राष्ट्रवादी नेता स्व.प्रेमसिंह धामी भारतसंग भएको महाकाली सम्झौताको विरुद्ध उभिएका थिए । त्यसै गरी तत्कालीन नेकपा (माले) का महासचिव बामदेव गौतमले २०५५ सालमा कालापानी अतिक्रमण गरी भारतीय सेना बसेको बिरोधमा तत्कालिन नेकपा (माले) संग निकट मानिने अनेरास्ववियू कालापानीको सीमा क्षेत्रमा पुगि काली हाम्रो सीमा हो काली कुटीयाङ्दी हो । काली पूर्व बसेका भारतीय सेना फिर्ता जा... भनेर नारा समेत लगाएका थिए । त्यसैगरी तत्कालीन प्रधानमन्त्री स्व.गिरिजाप्रसाद कोईरालाले पनि कालापानीबाट भारतीय सेना नहटे भारतको भ्रमण नगर्ने अडान लिएका थिए । अहिले भारतले आफ्नो राजनैतिक नक्सा सार्वजनिक गरे पश्चात राष्ट्रिय मुद्दाको रुपमा सीमा विवादको विषयले सबै पार्टीका भातृ संघ संगठनहरु व्यापकरुपमा आन्दोलित बनेका छन् । हुन त प्रधान मन्त्री केपी ओली, नेकपाका अर्का अध्यक्ष प्रचण्ड र नेपाली कांग्रेसका सभापतिं शेरबहादुर देउवा पनि भारतीय प्रधान मन्त्रीसँग यस बिषयमा सम्पर्क गरेको बताएका छन् ।

सार्वभौम सत्ता कहिल्यै पनि सानो र कमजोर हुँदैन । अहिले जसरी एकजुट भई सम्पूर्ण दल र नेपाली नागरिक समाजले कालापानी अतिक्रमणको विरोधको आवाजहरु उठाएका छन् । ती आवाजलाई राज्यले सम्वोधन गर्दै भारत लगायत अन्तर्राष्ट्रिय निकायसँग कुटनीति पहल गरी समाधान गरेर स्वाधिन राष्ट्रको परिचय दिन सक्नुपर्छ । जनस्तरबाट विरोधको जति ठूलो आवाज उठाए पनि राज्यले पहल नगरे अतिक्रमण रोक्न सकिने अवस्था छैन । दार्चुलाका सांसद गणेशसिंह ठगुन्नाका अनुसार सीमा क्षेत्रमा सेना, सशस्त्र प्रहरी, प्रहरी वल उपस्थिति हुनु पर्ने अदान छ । उनले अतिक्रमित क्षेत्रबाट हिउँद याममा नागरिकहरु सदरमुकाम झर्ने र घर फर्कदा भारतसँग अनुमति मागेर फर्कनु पर्ने अवस्था आउन सक्ने अनुमान गर्छन् ।

त्यति मात्र होइन २०१५ सालको संसदीय निर्वाचनमा लिपुलेक पश्चिमका गाउँका स्थानीय बासीन्दाहरुले मतदान गरेका प्रमाणहरु छन् । उसो त वि.सं. २०१८ सालमा सरकारले लिम्पियाधुरा क्षेत्रका गाउँहरुमा





जनगणना गरेको थियो । १९९० सालसम्म त्यस क्षेत्रको तिरो बैतडी मालपोत कार्यालमा बुझाइने गरिन्थ्यो । त्यतिबेलाका तिरो तिरेको, पत्रचार गरेको, पुराना दस्तावेजका आधारहरु पनि प्रशस्तै भेटिन्छन् । अहिले ति गाउँ भारतको कब्जामा छ । सन् १९५४ मा भएको भारत चीन सम्झौता अनुसार दुई देशले नेपाली भूमी मार्फत व्यापारी मार्ग खोलेका थिए । त्यसबेला पनि नेपाललाई कुनै जानकारी दिएको थिएन । लिपुलेक भञ्ज्याङ र वरपरका गाउँहरुमा पनि भारत र चीनका नागरिकहरु आवत–जावतका लागि खुला गरिएका छन् । अझै पनि निती भन्ने ठाउँमा ईन्डोतिब्बतीयन बोर्डर पुलिसले त्यहाँको सुरक्षा गरेको छ । त्यस्तै झन्डै ६० वर्षदेखी कालापानी, नाभी, न्युराङ, तुलसी भञ्ज्याङ, गुञ्जी,छोटा कोलास, लिपु लेक,नाबी, डाडु कुटी, निहाल, विलास, लिम्पियाधुरा, जस्ता स्थानहरुमा भारतीय सेनाले अतिक्रमण गरी बसेका छन् ।

नेपालको भारतसँग २२ जिल्लामा नेपाली भूमि जोडिएको छ तर, अहिले नेपाली भूमि ७१ ठाउँमा अतिक्रमित भएका छन् । त्यस्तै किर्तिनिधि बिष्ट प्रधानमन्त्री भएको बेला १८ ठाउँको चेक पोष्ट हटाएका थिए । त्यसो त सन् २०१४

मा गठीत नेपाल भारत संयुक्त सीमा कार्यदलको देहरादुनको छैठौ बैठकमा दुई देशबीच कुल ८ हजार ७ सय ५३ सीमा स्तम्भ बनाउने निर्णय भएको थियो । र कार्यदलले ५ वर्ष यता ५ हजार ५ सय सीमा स्तम्भ बनाई सकेको छ। उक्त कार्यदलले सीमा विवाद नभएका ठाउँहरुमा मात्र काम गर्दै आएको छ । यहि समस्यालाई सम्बोधन गर्न २०७१ सालमा दुबै देशले सीमा संयुक्त कार्य दल गठन गरेको थियो ।

नेपाली भूमि अतिक्रमण गरी भारतले नक्सा प्रकाशित गरेपछि इतिहासमा पहिलोपटक नेपाली नागरिक र राजनैतिक पाटीहरु एकजुट भएका छन् र सरकार पनि दुई तिहाईको बलियो छ। फलाम तातेको बेला हानेमा आकार निकाल्न सकिन्छ भनेझै सरकारले यहीबेलामा आफ्नो सीमाना छुट्याएर सुरक्षामा सरकारको उपस्थिति देखाउनु पर्दछ । जसरी नेपालीले भारतले भनेको नमान्दा र उसको इशरामा नचल्दा नाकाबन्दी खेपेका थियौं । त्यस समयमा प्रधानमन्त्री के.पी. ओलीले आफ्नो स्वतन्त्र र स्वाधिन राष्ट्रियता प्रतिको अडान कै कारण भारतले नाकावन्दी आफै खुलाएको थियो। अहिले पनि आम नागरिकको आशा र विश्वासमा सरकारले कुठाराघात गर्नु हुँदैन। सरकारले मातृभूमि नेपालको लागि केही गरेर देखाउने बेला आएको छ।

एक अध्ययनले पनि के देखाउँछ भने विश्व बजारमा भारतको भुटान बाहेक अरु कुनै देशसँग राम्रो सम्बन्ध छैन भने चीनको भारत बाहेक अरु कुनै राष्ट्रसँग नराम्रो सम्बन्ध छैन। यसले पनि भारतको रवैया, हस्तक्षेपकारी भूमिका र हेपाहा प्रवृति स्पष्ट देखिन्छ।



परराष्ट्र मन्त्रालय

प्रेस विज्ञप्ति

भारत सरकारले हालै प्रकाशित गरेको नयाँ राजनीतिक नक्शालाई लिएर नेपालको कालापानी क्षेत्र सम्वन्धमा प्रकाशित बिभिन्न समाचार एवं टिप्पणीप्रति नेपाल सरकारको ध्यानाकर्षण भएको छ ।

कालापानी क्षेत्र नेपालको भूभाग हो भन्ने विषयमा नेपाल सरकार स्पष्ट छ ।

नेपाल तथा भारतका परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगका बैठकहरूबाट दुई देश बीचका समाधान हुन बाँकी सीमा सम्वन्धी समस्याहरूको समाधानको लागि प्राविधिकहरूको सल्लाहमा दुवै देशका परराष्ट्र सचिवहरूले काम गर्ने गरी जिम्मेवारी दिइएको छ ।

दुई देश बीच सुल्झाउन बाँकी रहेका सीमा सम्वन्धी विषयहरू दुवै पक्षको आपसी सहमतिमा टुङ्ग्याउनु पर्ने र एकपक्षीय ढंगबाट गरिने कुनै पनि निर्णय नेपाल सरकारलाई मान्य नहुने कुरा स्पष्ट छ ।

नेपाल सरकार नेपालको अन्तर्राष्ट्रिय सिमाना रक्षाको लागि प्रतिबद्ध रहेको र दुई मित्र राष्ट्रहरू बीचको सीमा समस्याको समाधान ऐतिहासिक दस्तावेज एवं तथ्य प्रमाणहरूको आधारमा कूटनीतिक माध्यमबाट हुनु पर्ने मान्यतामा दृढ रहेको छ ।


२०७६ कार्तिक २०

जनगणतन्त्र चीनको राष्ट्रपति सी चिन फिङ गत असोज २५ गते नेपाल भ्रमणमा आए । चीनद्धारा नेपालको विकास निर्माण हुने कुराले सारा नेपालीको मानसपटलमा खुशीले तरंगीत बनाएको थियो । भ्रमणको बेला राष्ट्रपति सी चिन फिङले मुख्य प्राथमिकता केरुङ काठमाण्डौ रेल मार्गको डी. पि. आर. र सडक लगायत दर्जनौ योजनाहरु सहित पूर्वाधार निर्माण सम्बन्धी योजनाहरुको सम्झौता मुख्य प्राथमिकतामा पारिएको छ। नेपाल र चीनबीचको सम्बन्ध प्रगाध बनेर नेपालको अधिकांश व्यापार चीनसंग हुन सक्ने सम्भावना देखेपछि भारतलाई सैह्य हुन सकिरहेको थिएन। चीनले नेपाललाई भूपरिवेष्ठीतबाट भूजडित बनाउने विश्वभर चर्चा चलेको बेला भारतले नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायत ३ सय ७२ वर्ग कि. मी.क्षेत्रलाई अतिक्रमण गरी आफ्नो राजनैतिक नक्सामा पारेर नेपाली भूभाग माथिको ठाडो हस्तक्षेप गरेको छ। भारतको यो प्रवृतिले नेपाललाई स्वतन्त्र, सार्वभौम र स्वाधिन राष्ट्रको रुपमा स्थापित हुन नदिई आफ्नो अधिनस्थ, स्वशासित क्षेत्रको रुपमा राख्न खोजेको छ । भारतले ६० वर्षदेखि अतिक्रमित गरे आफ्नो सेना राखेको भूमिलाई नक्सा प्रकाशित गरी आधिकारिता दिन खाजेको देखिन्छ । नेपाल र पाकिस्तानलाई पनि भारतले सिक्किम, भूटान लगायतका देशहरुलाई जस्तै एउटै कित्तामा राखेर आफ्नो अधिनमा राख्न खोजेको आभास हुन्छ। भारतको यस कदमले निहित अर्थ राख्दछ। अर्थपूर्ण यो कदमलाई बुझ्न जरुरी छ। प्रधानमन्त्री के.पी. ओलीले नाकाबन्दी हुँदा भारतसँग व्यापारिक कारोवार पनि नगर्ने र भारत भ्रमण नजाने भनि अडान लिएका थिए। पछि बाध्य भएर भारतले नाकाबन्दी खुलाउनु पऱ्यो । अहिले पनि प्रधानमन्त्री के.पी. ओली नै छन्। ओलीले कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतका भू-भाग नेपालकै रहेको र १९६२ देखि त्यहाँ बस्दै आएको भारतीय सेनाहरु त्यस ठाउँबाट हटाउनु पर्नेमा दृढता लिएको देखिन्छ । त्यसो त परराष्ट्र मन्त्रालयले पनि विज्ञप्ती जारी गरी भारतद्वारा प्रकाशित नक्साको विरोध गरेको छ।

अन्तर्राष्ट्रिय कानून विपरीत नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डता माथिको भारतको यो ठाडो हस्तक्षेप हो । भारत, चीन र नेपाल त्रिदेशीय वार्ता गरी ऐतिहासिक दस्तावेज र तथ्य प्रमाण सहित फेला पारिएको कागजातहरुलाई लिएर पनि अझ प्रमाण खुल्न सकेन भने ब्रिटिस सरकारको सहयोगमा वैज्ञानिक आधार बनाएर नक्सा सच्चाउन उच्चस्तरका कुटनीतिक र राजनीतिक वार्ता गरिनु पर्छ। यदि कुटनीटिक पहलबाट सच्चाउन अटेर गरेर प्रभुत्ववाद लाद्न खोजेमा अन्तर्राष्ट्रिय अदालतमा समेत जान आवश्यक देखिन्छ र कहिल्यै पनि विवाद नआउने गरी सीमा क्षेत्रमा जङ्गी पिलर गाड्नु पर्दछ।

समिक्षा

# ‘हाम्रो गोरेटो’ले देखाएको गोरेटो



खोमा तरामु मगर

**१. बिषय प्रवेश**

नेपालमा म्यागेजिनको इतिहास करिब एक शताब्दी पुरानो रहेको छ। वि.सं. १९५५ मा ‘सुधासागर’, वि.सं. १९५९ मा ‘तरंगिणी’, वि.सं. १९९१ मा ‘शारदा’ मासिक हुदै वि.सं. १९९२ मा ‘उद्योग’ म्यागेजिनको प्रकाशन भएयता नेपालमा अहिले करिब तीन हजार संख्यामा म्यागेजिन प्रकाशन हुदै आएको छ। यो संख्या २०४६ सालको राजनीतिक परिवर्तनसंगै दुई तिहाई म्यागेजिनहरु प्रकाशित हुदै आएका छन् । यो अवधिमा नेपाली म्यागेजिन क्षेत्रले गुणात्मक र संख्यात्मक दुवै फड्को मारेको छ।

रुप-रङ्गदेखि आकार प्रकारसम्म, अन्तर्वस्तुदेखि प्रस्तुतिसम्म, भाषा/शैलीदेखि गुणवत्तासम्म म्यागेजिनले नेपाली समाजको विविधतालाई प्रतिविम्बित गर्दै आइरहेको छ । अझ भन्ने हो भने यसले बिद्यमान नेपाली समाजको समग्र विविधतालाई ‘आमसञ्चार’ को रुपमा समेट्न सक्ने महत्वपूर्ण माध्यम बन्दै गईरहेको कुरालाई पुष्टि गरिरहेको छ । सुधासागर प्रकाशनको इतिहासदेखि अहिले १२१ बर्षपछिको यो समय विन्दुसम्म आइपुग्दा नेपाली पत्रकारिता क्षेत्र कायापलट भएको छ। रंगीन कलेबरमा ‘ब्रोडसीट’, ‘टेब्लोइड’ र ‘म्यागेजिन’ विस्तारित हुँदै रेडियो, टिभी र ‘अनलाइन न्युजपोर्टल’ यसका साक्षी हुन् ।

रुपन्देहीमा आधा दर्जन दैनिक, साप्ताहिक पत्रपत्रिका, टेलिभिजन, झण्डै दुई दर्जन एफएम रेडियो, अनलाइन न्युजपोर्टलहरु प्रकाशन प्रसारण हुँदै आइरहेका छन् । केही साहित्यिक पत्रिकाहरु समेत प्रकाशन भइरहेका छन् । यही भीडमा ‘हाम्रो गोरेटो’ राष्ट्रिय मासिक प्रकाशन हुँदै आएको छ। म्यागेजिनले थुप्रै बिषयवस्तुलाई उठान गर्ने कोसिस गरेको छ। तर यहाँ म्यागेजिनले उठाएका केही बिषयहरुमाथि मात्र संक्षिप्त चर्चा गर्न



खोजिएको छ।

**२. राष्ट्रियताको बिषय**

नेपालको सन्दर्भमा राष्ट्रियताको विषय पेजिचो बन्दै आएको छ । सन् १८१६ पूर्व स्वतन्त्र, सम्प्रभु र आत्मनिर्भर राष्ट्रको रुपमा रहिआएको नेपाल ब्रिटिश साम्राज्यवादका कारण १८१६ पछि अर्धउपनिवेश बन्न पुग्यो । तत्पश्चात १९४७ मा ब्रिटिश साम्राज्यवादको प्रत्यक्ष उपनिवेशबाट मुक्त भएको भारतबाट पनि सन् १९५० को सन्धिदेखि अर्धउपनिवेशमा प्रवेश गर्‍यो । नेपाल उपविनेवेशीकरण हुँदै भारतीय साम्राज्यवादको उदयसंगै नवउपनिवेशीकरणको प्रक्रियामा प्रवेश गरेको बहस सुरु भएको छ। अर्थात् भारतीय हस्तक्षेप उत्कर्षमा पुगेको छ । देशभक्त नेपालीहरुले राष्ट्रियताको विषयमा आन्दोलन गर्दै आएका छन्। ‘हाम्रो गोरेटो’ म्यागेजिनले पनि देशभक्त लेखकहरुलाई स्थान दिएको छ र राष्ट्रियताको बिषयमा आवाज उठाउने प्रयत्न गरेको छ। वाम बुद्धिजीवी एवं लेखक दिल साहनीले भनेका छन्, “नेपालमाथि भारतीय विस्तारवादले चौतर्फी हमला गरेको छ । कालापानीमा भारतीय सैनिक राखेर बसेको छ। चीनसित मिलेर भारतले लिपुलेकमा कब्जा जमाएको छ। एक पक्षीय रुपमा नयाँ स्तम्भ बनाएर नेपालको भुभाग भारतमा पारेको छ। सुस्ता सुस्त-सुस्त निलिरहेको छ ।” (अङ्क ६, चैत २०७५, पेज ५) साहनीले सत्तामा पुगेका वा सत्ताका नजिक रहेका नेपाली शासकहरु लेन्डुप दोर्जेको भूमिका रहेको बताएका छन् । साहनीले प्रश्न गरेका छन्, “रगत र पसिना बगाउन सक्ने युवाहरुलाई विदेश धपाएर विदेशी नागरिकलाई समेत अझ वंशजको आधारमा नागरिकता बाँडेर देशको विकास हुन्छ ? मुलुक समृद्धितिर फड्को मार्दछ ? राष्ट्रियता बच्न सक्दछ ?” (अङ्क ८, जेठ २०७६)। अरुण दर्लामी मगरले लिपुलेकको सन्दर्भ उठाउदै भनेका छन्, “चीन र भारतको व्यापारिक पारवहन सम्झौता त्रिदेशीय सीमा लिपुलेकलाई आधार बनाएर गरे। नेपाललाई

घुमाईफिराई उपनिवेश बनाउने दाउ रचिदैछ। हामी नेपाली आफूलाई सार्वभौम राज्य भनी गौरव गरिरहेका छौं । यस घटनाले राष्ट्रप्रेमी नेपालीहरुको मन छिया-छिया बनाएको छ । राष्ट्रप्रति गौरव गर्ने नेपालीका लागि कदापी सह्यै हुन सक्दैन ।" (बर्ष ६, २०७५ कार्तिक) म्यागेजिनले राष्ट्रियताको सन्दर्भमा बुटवलस्थित ऐतिहासिक जितगढी किल्लाको बिषयलाई समेत प्राथमिकताका साथ उठाएको छ।

**३. जनजाति आन्दोलन र म्यागेजिनकारिता**

मूलधारका नेपाली छापा माध्यमले आदिवासी जनजातिका मुद्दाहरुलाई स्थान दिदै आएका छन् । २०४६ हुँदै गणतन्त्र घोषणापछि नेपाली मिडियाको जुन प्रस्फुरण देखियो त्यसपछि आदिवासी जनजातिका मुद्दाहरुलाई म्यागेजिनहरुले प्राथमिकताका साथ उठाउदै आएका छन् । आदिवासी जनजाति पत्रकारहरुको आफ्नो प्रयत्नबाट समेत यो मुद्दालाई उठाउने कोसिस गरिएको छ । जनजाति मञ्च, कानुङ लाम, लाफा, मगरात आदि म्यागेजिन यसका प्रतिनिधि उदाहरण हुन् । यी म्यागेजिनहरुले आदिवासी जनजातिको इतिहास, भाषा, साहित्य र संस्कृतिको संरक्षण र विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् । त्यसैगरि कइरन, थारु संस्कृति, कोइ्पी, तमु, पारुहाङ, राज्यसत्ता, छार गोडमा, रोधी, छ्योर्तेन, छारम्हेन्दो आदि प्रकाशनहरुले पनि महत्वपूर्ण भूमिका खेलेका छन् । यद्यपी यी पत्रपत्रिकाहरु अधिकांश बन्द भएका छन् । जनजाति म्यागेजिन लामो समय टिक्न नसक्नु एउटा समस्या रहेको छ । यसको प्रमुख कारण संगठित रुपमा सम्पादकीय समूह निर्माण नगर्नु, एउटा व्यक्तिको जोसबाट सुरु भई सधैंभरि निजमै निर्भर रहिरहनु हो । प्रमुख जिम्मेवारी लिएको व्यक्तिको जोस कायम रहुन्जेल पत्रिका निस्कने र जोस सेलाउँदा वा ऊ अन्यत्र व्यस्त हुन पुग्दा बन्द हुने प्रायः सबै पत्रिकाका साझा समस्या हुन् ।

**४. इतिहास, भाषा र संस्कृतिको क्षेत्र**

'हाम्रो गोरेटो' म्यागेजिनले मगर आदिकवि जितबहादुर सिंजाली मगरको जीवन र मगर आन्दोलनमा उहाँको योगदानमा आधारित बिषयहरु, मगर, थारु गुरुङ, आदि जातिको इतिहास, भाषा, संस्कृति र लिपीसंग सम्बन्धित सामग्रीहरु, मगरात पहिचानसंग सम्बन्धित बिषयहरु र आदिवासी जनजातिहरुका नयाँ प्रतिभाहरुबारे म्यागेजिनले थुप्रै सामग्रीहरु समेटेको छ । म्यागेजिनमा विष्णुकुमार सिङ्जाली मगरद्धारा लेखिएको "मगर भाषामा औपचारिक शिक्षाको अवसर र चुनौती" शीर्षकको सामग्री यहाँ उल्लेखनीय छ । लेखमा सिङ्जाली मगरले नेपालमा बोलिने भाषा र मगर भाषा, लोपोन्मुखताको आधारमा भाषाको वर्गीकरण, मातृभाषाको महत्व, मगर जातिको परम्परागत शिक्षा प्रणाली आदि बिषयलाई सुक्ष्म ढंगले उल्लेख गर्नुभएको छ । यो सामग्री निकै खोजमूलक चार अङ्कसम्म फैलिएको छ । सिङ्जाली मगरको अर्को महत्वपूर्ण लेख "मगर मातृभाषामा शिक्षाको महत्व" शीर्षकको रहेको छ । मगर मातृभाषाको अवस्थावारे उनले लेखेका छन्, "घर परिवारबाट नै बच्चाले भाषा, संस्कृति र सभ्यता सिक्दछ । त्यसैले मगर मातृभाषा बोल्ने मगर परिवारमा बच्चाले मगर भाषामा घर परिवार, समाज, वातावरण तथा विज्ञान बुझेको हुन्छ । जब बच्चा औपचारिक शिक्षाका लागि विद्यालय जान्छ तब मगर बच्चाको मनोविज्ञान पढेर पनि बुझ्न नसकेका शिक्षकहरु त्यो बच्चालाई मातृभाषाको माध्यमबाट सिकाई स्थानान्तरण गर्नुपर्नेमा दण्ड दिएर शिक्षाप्रति वितृष्णा जगाउने गर्दछन् । त्यसैको परिणाम मगर बच्चाहरु स्कूलमा भर्ना धेरै भएका हुन्छन् तर एसएलसी तथा उच्च शिक्षा उत्तीर्ण गर्नेहरु औंलामा गन्न सकिन्छ ।" (अंक ५, फागुन २०७६, पेज नं. १६) डा. मीन श्रीस मगरको भूमे पर्वको उत्पत्ति, विकास, यसको महत्व र संरक्षणवारे महत्वपूर्ण खोजमूलक सामग्री प्रकाशित भएको छ । डा. मगरको "मातशक्ति देवी, दुर्गा र बलि पुजा" शीर्षकमा नेपालको अधिकांश पहाडी समुदायमा मातृशक्ति देवी पुज्ने परम्परावारे पौराणिक स्रोतहरुमा आधारित खोजमूलक सामग्री प्रकाशित भएको छ । डा. मगरले भनेका छन्,"स्याङ्जाको प्रसिद्ध आलमदेवीलाई मास्की राना मगर र गोर्खाली शाहहरुको कुलदेवीको रुपमा पुजिन्छ । स्थानीय लोकश्रुतिअनुसार भीमसेनपातीको बुटानेर अलप भएको राकन्याको आत्मा भीकोट गाउँकी एक मगर कन्यामा आरोपित भएपछि आलमदेवीको स्थापना र उपासना सुरु गरिएको थियो ।" (अंक १२, असोज २०७६, पेज नं. ६)

सुदीप सिंजाली मगरले "संरक्षणको अभावमा ज्यूमामोई झुमारानी" शीर्षकमा मगर जातिको अन्त्यन्तै लोपोन्मुख संस्कृति ज्यूमामोई झुमारानीवारे लेखेका छन् । यो संस्कृति गुल्मीको सत्यवती गाउँपालिका एक्सिङमा अहिले पनि जीवितै छ । जहाँका मगरहरु अहिले पनि मगर मातृभाषा बोल्ने गर्दछन् । एक्सिङका मगर समुदायले यो संस्कृतिलाई संरक्षण गर्ने प्रयत्न गरेछन् । सिंजाली मगर लेख्छन्, "यो संस्कृतिमा मगरहरुको विहेको वास्तविकता झल्काएको देखिन्छ । श्रीपञ्चमीको दिन धुमधामसंग मनाएर यो संस्कृति राती १२ बजे निकालिने चलन छ।" (अंक ५, फागुन २०७५, पेज ३५) । थारु जनकवि बमबहादुर थारुको थारु जाति, भाषा, पहिचान र यसको लोकसंस्कृतिवारे गहन सामग्री प्रकाशित छ । जनकवि थारुले थारु जातिको इतिहास, विकासक्रम र यसको विभिन्न कालखण्डहरुबारे उल्लेख गरेका छन् । मगर र थारु जातिले परम्परागत रुपमा मनाउँदै आएको माघे सकराती पर्वको महत्ववारे पनि सामग्री प्रकाशित छ । प्रथम सहिद लखन थापा मगर र शुकदेव गुरुङको इतिहास र प्रजातान्त्रिक आन्दोलनमा उनले गरेका योगदानहरुको चर्चा पनि म्यागेजिनले गरेको छ । उदय राना मगरले नेपालमा पूर्वीय दर्शनले स्थापित गरेका सामाजिक सांस्कृतिक

मूल्य मान्यताहरुको प्रभाववारे उल्लेख गरेका छन् । "बौद्ध धर्मप्रति जनजातिहरुको आस्था" शीर्षकमा बिष्णु घर्ती (भनभनेली) ले धर्म, बौद्ध धर्म र जनजातिहरुवीचको सम्बन्धवारे उल्लेख गरेका छन् ।

**५. जनजाति आन्दोलनको मुद्दा**

नेपालमा संघीयताको कार्यान्वयन र जातीय पहिचानको सवालवारे प्राडा. ओम गुरुङको लेख उल्लेखनीय छ । प्राडा. गुरुङले लेखेका छन्, "संविधानले उत्पीडित आदिवासी जनजाति र मधेशी समुदायलाई आत्मनिर्णय, अग्राधिकार, स्वशासन र स्वायत्तताको अधिकार दिएको छैन । यसले उत्पीडित जाति र समुदायलाई सत्ताको मालिक र सत्ता साझेदार बनाउँदैन । संविधान लागु गर्ने क्रममा नेपालका आदिवासी जनजाति लगायत अन्य उपेक्षित उत्पीडित वर्ग समुदायले प्रतिगामी ठानेको यही संविधानमा समेत व्यवस्था गरिएको स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र पनि कटौती गरिएको छ । यो संविधान प्रदत्त स्वाशासन र स्वायत्तताको अपहरण हो ।"

मगरात आन्दोलनवारे डिबी पुन मगरले के हो मगरात आन्दोलन ? मगरातलाई किन जातीय राज्य भनिदैछ ? मगरात शासन कस्तो हुन्छ र प्रदेशको नाम किन मगरात राख्नुपर्छ ? भन्ने प्रश्नसंग सम्बन्धित लेख प्रकाशित छ । उनले लेखेका छन्, "मगरात नेपाली समाजको पहिलो राज्य र सभ्यता हो । यो कुनै जातीय राज्य होइन ।" (अंक ५, फागुन २०७५, पेज ६) उनले थप लेख्छन्, "पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा र रुकुम प्राचीन १८ मगरातको पुर्ख्यौली भूगोल हो भने रुपन्देही, दाङ र बर्दियासम्म मगरात राज्य विस्तार गरिएको भूगोल हो । प्रदेश नं. ५ को अधिकांश खोलानाला, नदी, झरना, पहाड, पाखा, भञ्ज्याङ, चौतारी र गाउँका ठाउँका नाम मगर खाम र मगर ढट भाषामा स्थापित छ । यसले के पुष्टि गर्दछ भने यो भूमि आदिम मगरात सम्भताको थलो हो भन्ने स्पष्ट छ ।" (अंक ५, फागुन २०७५, पेज ७) । संघीयता, मानवअधिकार, गणतन्त्र, समावेशी, समानुपातिकबारे ऋषि आजाद, गणेश उँचै, सविन पुलामी मगर लगायतले विभिन्न शीर्षकमा लेख लेखेका छन् । "कम्युनिस्ट आन्दोलन र हाम्रो भूमिका" शीर्षकमा मोहनविक्रम सिंहले संघीयताको बिषय उठाउँदै नेपालमा संघीयता भारतीय विस्तारवादको प्रभावमा ल्याएको र मधेशवादी शक्तिहरुले त्यसको पक्षमा आवाज उठाएको उल्लेख गरेका छन् ।

**६. कृषि, उद्योग, पर्यटन र विविध**

कृषि, उद्योग, पर्यटन, भाषा, साहित्य, संस्कृति र समसामयिक थुप्रै सामग्रीहरु म्यागेजिनले उठाउने प्रयत्न गरेको छ । २०७६ साउन ७ गते गुल्मीको ठूलो लुम्पेकमा बाढी पहिरोले ल्याएको विपत्तिको अवस्था, व्यवस्थापनमा भएको सवल पक्षवारे जीतु तरामु मगरको अनुभूतिजन्य सामग्री "बादल फाटेको रात" शीर्षकमा प्रकाशित छ । देश विदेशबाट नेपालीहरुको सहयोगसंगै बाढी पहिरोको विपत्तिले मुर्छित ल्हुम्पेकीहरुको दुःखेको घाउमा मलहम लगाउने प्रयास गर्‍यो । तरामु मगरले लेखेका छन्, "संकटको बेला एकजुट हुने नेपालीहरुको परम्परा नै हो । जहाँ संकट परेको छ त्यहाँ हरेक नेपालीको सहयोगी मनको नाता जोडिन्छ । विपदमा परेकाहरुलाई मात्र होइन, सिंगो ठूलो लुम्पेकी र लिम्घेली जनतालाई ठूलो ऋण लागेको छ ।" (अङ्क १०, साउन २०७६, पेज नं. १५) । अस्लेवा रामबारीको ऐतिहासिकतावारे लोककथामा आधारित संक्षिप्त परिचय राजेन्द्रकुमार आचार्यले "पारगुल्मीतिरको किस्सा रामबारी" शीर्षकमा लोककथा लेखेका छन् । लोककथामा ढुंगा पल्टाएको प्रसंगमा "रामराम भन्दाभन्दै राम्राबारीमा गएर अडिएर त्यो बारीलाई 'रामरामबारी' भन्न थालियो । कालान्तरमा रामरामबारी छोटिएर 'रामबारी' चलन चल्तीमा आयो ।" (अङ्क १२, असोज २०७६) । लोककथामा ठूलो लुम्पेकका मुखियाराजा हरिसिङको चर्चा, हर्सिङकोटबाट 'हचिङ्कोट' भएको प्रसङ्ग उल्लेख गरेका छन् । पर्यटनका क्षेत्रमा रुन्देहीको गजेडी तालको बिषयलाई रिपोर्टिङको रुपमा उठाइएको छ ।

**७. बिसौनी**

२०७६ असार ५ गते सर्लाहीको लालबन्दीमा नेकपाका नेता कुमार पौडेलको हत्या भएको प्रसंगलाई लेखक दिल साहनीले "मुठभेडको नाममा गैरन्यायिक हत्या" शीर्षकमा घटनावारे सरकारको फाँसीवादी चरित्रको नाङ्गो रुपबारे उल्लेख गरेका छन् । लेखक साहनीले भनेका छन्, "कुमार पौडेललाई पक्राउ गरी झुठो मुठभेडको नाउँमा उनको बर्बर हत्या गरेको आभास मिल्छ । जंगली तरिकाले उनको हत्या गरेको झलक मिल्दछ । मानुभन्दा पहिला उनका हात भाँचेको दृश्य सार्वजनिक भएको छ । हात भाँचिएको व्यक्ति दोहोरो भिडन्तमा मारियो भन्न सकिन्न ।" म्यागेजिनले सम्पादकीय मार्फत नागरिक समाज, मानवअधिकार, गणतन्त्र, संघीयता, आदिवासी जनजाति आन्दोलन, बजेट, पहिचान, राष्ट्रियता, भ्रष्टाचार, समृद्धि, प्रेस स्वतन्त्रता आदि बिषयमा केन्द्रीत रहेर विचार सम्प्रेषण गरेको छ ।

नेपाली पत्रकारिताको वृत्तमा म्यागेजिनको महत्वपूर्ण भूमिका हुँदाहुँदै पनि यो क्षेत्र स्वयं कमजोरीबाट मुक्त भने छैन । संगठित प्रयासको अभावमा प्रायः म्यागेजिन लामो समय टिक्न सक्दैनन् । लामो दुरीसम्म यात्रा गर्ने वैकल्पिक ढाँचाहरु उत्खनन् र प्रयोग भएको पाइएन । केही अपवाद वाहेक समग्र म्यागेजिनहरु निस्किएका छैनन् । अर्थात् केही म्यागेजिनहरु त भए तर त्यस्ता म्यागेजिनहरु भएनन् जो पढ्नैपर्ने, सङ्ग्रह गर्नेपर्ने होऊन् । यी बाहेक म्यागेजिनको अर्को कमजोरी परिवर्तित समय र समाजको चरित्र चित्रण गर्न नसक्नु हो । यी कमजोरीहरुबारे र समग्र म्यागेजिनहरुबारे नै विस्तृत बहस र अनुसन्धान हुनुपर्ने देखिन्छ ।

# नयाँ प्रदेश प्रमुख नियुक्त

## पुराना कम्युनिष्टलाई प्राथमिकता

देश संघीय प्रणालीमा गएसँगै सातवटै प्रदेशमा प्रदेश प्रमुखको पद सिर्जना भएको हो। संविधानको धारा १६३ अनुसार प्रदेश प्रमुखलाई प्रत्येक प्रदेशमा सरकारको प्रतिनिधिका रुपमा हेरिन्छ। राष्ट्रपतिसँग सपथ खाने प्रदेश प्रमुखहरुलाई राष्ट्रपतिले जुनसुकै बेला पदमुक्त गर्न संविधानले छुट दिएको छ।

तत्कालीन शेरबहादुर देउवा नेतृत्वको चुनावी सरकारले २०७४ माघ ३ गते प्रदेश प्रमुखहरु नियुक्त गरेको थियो। करिव २ वर्ष पछि सरकारले सातै प्रदेशका प्रदेश प्रमुखलाई हटाएको छ। सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले प्रदेश प्रमुखहरुलाई पदमुक्त गरेकी हुन्।

मन्त्रिपरिषद्को बैठकले प्रदेश प्रमुखहरुलाई पदमुक्त गर्न सिफारिस गरेको थियो। संविधानको धारा १६५ को उपधारा १ को खण्ड अनुसार प्रदेश प्रमुख प्रदेश प्रमुखहरुलाई पदमुक्त गरिएको राष्ट्रपति कार्यालयले जनाएको छ।

प्रदेश १ का प्रा. डा. गोविन्दबहादुर तुम्बाहाङ, २ का रत्नेश्वरलाल कायस्थ, ३ की अनुराधा कोइराला, गण्डकी प्रदेशका प्रमुख बाबुराम कुँवर, प्रदेश ५ का उमाकान्त झा, कर्णाली प्रदेशका दुर्गाकेशर खनाल र सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख मोहनराज मल्ल पदमुक्त भएका छन्।

चुनावलगत्तै प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २०७५ असोज २० मा चुनावी आचार संहिता जारी भइसकेपछि देउवा सरकारले गरेका राजनीतिक नियुक्ति बदर गर्ने निर्णयसमेत गरेको थियो।

त्यसबेला नै प्रदेश प्रमुखहरुको पद के गर्ने भन्ने बहस भएको थियो। तर सरकारले यसबारे थप निर्णय गर्न नपाउँदै सर्वोच्च अदालतले मन्त्रिपरिषद्को निर्णय अमान्य भनि उल्ट्याइदिएपछि सरकार रोकिएको थियो। राष्ट्रपति कार्यालयबाट जारी विज्ञप्तिमा संविधानको धारा १६५ अनुसार प्रदेश प्रमुखहरुलाई पदमुक्त गरिएको उल्लेख छ। तर, संविधानको धारा १६५ ले सबै प्रदेशका प्रमुखहरु एकैसाथ पदमुक्त हुने परिकल्पना गरेको छैन।

संविधानको धारा १६५ अनुसार प्रदेश प्रमुखहरुले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा पदमुक्त हुने व्यवस्था छ। सोही धाराको उपधारा १ को (ख) मा प्रदेश प्रमुखको पदावधि सकिनुअगावै राष्ट्रपतिले निजलाई पदमुक्त गर्न सक्ने व्यवस्था छ। यही व्यवस्थाअनुसार राष्ट्रपतिले सातै प्रदेशका प्रदेश प्रमुखहरुलाई एकसाथ पदमुक्त गरेकी हुन्।

सातवटै प्रदेशको प्रदेश प्रमुखको रिक्त पदमा नेकपा सचिवालय बैठकले गरेको निर्णयबमोजिम सरकारले सात प्रदेशका प्रमुख नियुक्तिका लागि सोमबार राष्ट्रपतिसमक्ष सिफारिस गरिसकेको छ। राष्ट्रपति कार्यालयले सोमबार नै सातै जनालाई प्रदेश प्रमुखमा नियुक्त गरिसकेको छ। जस अनुसार नेकपाले प्रदेश प्रमुखमा कम्युनिष्ट पार्टीलाई योगदान गरेका राजनीतिक कार्यकर्ताहरुलाई प्राथमिकता दिएको छ। प्रायः यस्ता संवैधानिक नियुक्तिमा पूर्वप्रशासकहरुले मौका पाउने गरेकोमा यसपटक वामपन्थी राजनीतिकर्मीहरुलाई प्राथमिकता दिइएको छ। पार्टीभित्र माधव नेपाल पक्षले असहमति जनाए पनि ज-जसले नियुक्ति पाएका छन्, उनीहरु पुराना कम्युनिष्ट नेता-कार्यकर्ताहरु रहेका छन्।

सात प्रदेशका प्रमुखहरुको संक्षिप्त परिचयः

**सोमनाथ प्यासी अधिकारी**



कास्कीका पुराना वाम नेता सोमनाथ प्यासी प्रदेश १ को प्रमुख बनेका छन्। उनी पूर्वसांसद समेत हुन्। पञ्चायतभित्र घुसेर पञ्चायती शासनकै भण्डाफोर गर्ने नीतिअनुरुप तत्कालीन नेकपा मालेले त्यतिबेलाका चर्चित युवा सोमनाथ प्यासी अधिकारीलाई ०४३ सालमा कास्कीबाट राष्ट्रिय पञ्चायत सदस्यको जनपक्षीय उम्मेदवार बनाएको थियो।

सोमनाथ प्यासी त्यतिबेलाको पार्टी नीतिअनुरुप चुनाव जितेर राष्ट्रिय पञ्चायतमै बहुदलको पक्षमा आवाज बुलन्द गर्थे। स्पष्ट वामपन्थी विचार बोकेका सोमनाथलाई ०४८ सालको आम निर्वाचनमा तत्कालीन एमालेबाट सांसद जित्न सघायो।

६९ वर्षीय अधिकारी ०२५ सालदेखि

कम्युनिस्ट आन्दोलनमा निरन्तर छन् । उनी ०२७ सालमा पृथ्वीनारायण क्याम्पस पोखराको स्ववियु सभापति भएका थिए । केही समय म्याग्दीको दरवाङ र दोभामा शिक्षक बनेर पार्टी काम गरेका अधिकारीले ३ वर्ष जेल जीवन समेत बिताए । ०३७ सालमा अनेरास्ववियुको केन्द्रीय उपाध्यक्ष बनेका प्यासी ०४३ सालमा राष्ट्रिय पञ्चायत सदस्यमा अत्यधिक मतले निर्वाचित भएका थिए । उनी ०४६ सालको जनआन्दोलनको बेला वाममोर्चाको कास्की जिल्ला संयोजक थिए ।

०४८ मा कास्की ३ बाट सांसद जितेका उनी संसदीय दलको सचिवसम्म भए । एमालेको केन्द्रीय कमिटीमा पुगेका प्यासी पछिल्लो समय एमालेको निर्वाचन आयोग अध्यक्ष तथा स्थायी कमिटीको पदेन सदस्य थिए । नेकपाको उनी आमन्त्रित स्थायी कमिटी सदस्य हुन् ।

**तिलक परियार**



दलित आन्दोलनका अगुवा तिलक परियार प्रदेश २ को प्रमुख बनेका छन् । तिलक परियारको जन्म रोल्पा, लिवाङ्गको साधरण परिवारमा भएको हो । अध्ययनका लागि भारत गएर स्नातकसम्म अध्ययन गरे भारतमै रहँदा राजनीतिमा सक्रिय बने र मशालको दिल्ली कमिटीको सचिवसमेत बने । भारतमा एसएलसी पास गरेपछि रोल्पा फर्किएका परियारले केही समय भूमि सुधार कार्यालयमा खरिदारको काम गरे । त्यसपछि स्थानीय विद्यालयमा पनि पढाए । त्यो जागिर छाडेर फेरि उच्च शिक्षा पढ्न भन्दै उनी भारत फर्किए । उनले भारतमै स्नातकसम्म अध्ययन पूरा गरे ।

भारत बसाइपछि उनी जन्मथलो फर्किए पनि पछि बाँकेको राप्ती सोनारी गाउँपालिकाको बिनौनामा बसाइँ सरे । ०५० सालतिर बिनौनाबाट फेरि कोहलपुर नगरपालिका १२ निबुवामा बस्न थाले ।

०२८ सालदेखि नै राजनीतिमा लागेका परियार माओवादी आन्दोलनमा समेत सक्रिए भए । माओवादी जनयुद्धको क्रममा उनी 'हिम्मत' उपनामले चिनिन्थे । सशस्त्र जनयुद्धको क्रममा ०५४ सालमा उनी पक्राउ समेत परे । यद्यपि ०५८ सालमा दाङको हापुरेमा माओवादी र सरकारी टोलीबीच वार्ता हुँदा परियार रिहा भए ।

पुराना कम्युनिष्ट नेताको पहिचान बनाएका उनी दलित आन्दोलनका अगुवा हुन् । उनी तत्कालीन माओवादीसम्वद्ध राष्ट्रिय दलित मुक्ति मोर्चाको अध्यक्षसमेत बने । उनी माओवादीको सचिवालय सदस्य समेत भए भने दुई पटकसम्म सांसदसमेत बने ।

अन्तरिम व्यवस्थापिका संसदमा माओवादीले ८३ सिट पाउँदा एकजना तिलक परियार पनि थिए । त्यसपछि ०६४ को पहिलो संविधानसभा चुनावमा उनी बाँके क्षेत्र नम्बर १ बाट सभासद निर्वाचित भए । त्यसपछि उनी माओवादी पार्टीको सल्लाहकारसमेत बने ।

तर, माओवादी पार्टी विभाजनपछि उनी प्रचण्डको साथ छाडेर मोहन वैद्यतिर लागे । दोस्रो संविधानसभाताका वैद्य माओवादीमा रहेका उनी चुनाव बहिस्कारमा सक्रिय भएका थिए । वैद्य नेतृत्वको पार्टी विभाजनपछि उनले नेत्रविक्रम चन्द (विप्लव)को साथ रोजे । नेतृत्वसँग असहमति बढ्दै गएपछि उनले विप्लवको पनि साथ छाडे ।

त्यसपछि मोहन वैद्यसँग अलग्गिएका रामबहादुर थापा (बादल) समूहसँगै विप्लव समूहबाट अलग भएको तिलक परियारको समूह पनि प्रचण्डकै नेतृत्वको माओवादीमा फर्कियो ।

परियारको नियुक्तिले दलित आन्दोलनमाथि न्याय गरेको प्रतिक्रियाहरु आइरहेका छन् ।

**विष्णु प्रसाई**



गत स्थानीय चुनावमा मेयरमा पराजित झापाली नेता विष्णु प्रसाईलाई ३ नम्बर प्रदेशको प्रमुख बनाइयो भनेर सामाजिक सञ्जालमा टिप्पणी भइरहँदा उनको राजनीतिक पृष्ठभूमि र इतिहासलाई पनि बिर्सन नमिल्ने नेकपाका नेताहरुको तर्क छ ।

६६ वर्षीय प्रसाई ०२८ सालको झापा क्रान्तिसँगै कम्युनिस्ट राजनीतिमा लागेका थिए । ०२७ सालमा अनारमनीमा भएको अनेरास्ववियूको कार्यक्रममा पहिलो पटक पक्राउ परी एक महिना राजबन्दी भएपछि प्रसाई पूर्णकालीन राजनीतिमा होमिएका थिए ।

विसं ०३६ सालदेखि ०४५ सालसम्म पूर्वी नेपालमा हुने पञ्चायत विरोधी जुनसुकै घटना हुँदा पनि झापामा प्रहरीले विष्णु प्रसाईलाई नै पक्राउको वारेन्ट जारी गर्थ्यो । तत्कालीन नेकपा मालेको नीतिअनुरुप नै वि.सं. ०४३ सालमा धाइजन गाउँ पञ्चायतको जनपक्षीय प्रधानपञ्चसमेत निर्वाचित भएका थिए प्रसाई ।

त्यसबेला झापामा जुझारु र कडा छविका कारण प्रसाईलाई झापाली टाइगर नामले चिनिन्थ्यो । उनि ०५४ सालमा जिल्ला विकास समिति झापाको उपसभापति निर्वाचित भएका थिए । उपसभापति भएकै बेला उनी ०५६ सालको आम निर्वाचनमा झापा ३ बाट उम्मेद्वार बने तर कांग्रेसका कृष्ण सिटौलासँग पराजित भए ।

झापाको धाइजनस्थित सम्पन्न परिवारमा हुर्किएका प्रसाई आफ्नै बुबा विरुद्ध बिद्रोह गरे । बुबाले मोहीहरुमाथि थिचोमिचो गर्दा भूमिसुधार कार्यालय गएर खेत जोत्ने किसानलाई मोहीयानी हक दिलाउन सहयोग गरेको नेकपा नेताहरु सम्झन्छन् ।

०७४ मा नेकपा एमालेबाट मेचीनगर नगरपालिकाको मेयरमा पराजित भएपछि प्रसाईंले आफूमाथि अन्तर्घात गरेको भन्दै सांसद रविन कोइरालामाथि मतगणनास्थलमै झम्टिएका थिए । प्रसाईं केपी ओलीका निकटस्थ हुन् ।

**अमिक शेरचन**



उपप्रधानमन्त्री भइसकेका बरिष्ठ कम्युनिस्ट नेता अमिक शेरचन गण्डकी प्रदेशका प्रदेश प्रमुख बनेका छन् ।


नेकपा चौम हुँदै कम्युनिस्ट आन्दोलनको नेतृत्वमा आएका शेरचन ०४८ सालमा तत्कालीन संयुक्त जनमोर्चाबाट सांसद निर्वाचित भएका थिए । त्यतिबेला प्रचण्ड नेतृत्वको माओवादी पार्टी एउटै थियो ।

नौ सिट जितेर संसदको तेस्रो पार्टी बनेको जनमोर्चा ०५१ मा नेकपा माओवादी फुटेपछि कमजोर बन्यो । शेरचन त्यसपछि संयुक्त जनमोर्चाको लामो समय अध्यक्ष भए । ०५१ सालमा उनी पराजित भए । ०५६ सालमा रामेछापमा तत्कालीन एमालेको सहयोगमा उम्मेदवार बन्दा पनि उनी जित्न सकेनन् ।

तत्कालीन राजा ज्ञानेन्द्रले सत्ता हातमा लिएपछि भएको सात दलको आन्दोलनमा अमिक शेरचन एक नेता थिए । त्यो आन्दोलनबाट शेरचन राष्ट्रिय नेताका रुपमा स्थापित भए । उनी जनआन्दोलनपछि बनेको गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा उपप्रधानमन्त्री बने । शेरचन ०६४ को संविधानसभामा चितवनबाट निर्वाचित भए ।

माओवादी र एकता केन्द्रको एकीकरणपछि शेरचन पार्टीको स्थायी कमिटी सदस्य रहे । पछिल्लो समयमा शेरचन पार्टीको आमन्त्रित स्थायी कमिटी सदस्य छन् ।

**धर्मनाथ यादव**



'मास्टरजी' को नामले चिनिने धर्मनाथ यादव प्रदेश ५ का प्रदेश प्रमुख नियुक्त भएका छन् । पार्टीले ढिलो भए पनि धर्मनाथ यादवको योगदानको मूल्यांकन गरेको छ ।

सिराहाका वाम समर्थकहरुको प्रतिक्रिया आएकोछ । करीव ५० वर्षअघि १६ पैसा लेबी तिरेर कम्युनिस्ट पार्टीको सदस्यता पाएका यादवले लाभको पद भने कहिल्यै पाएनन् । ०४८ सालमा संसदीय निर्वाचन प्रतिस्पर्धा गरेका यादव त्यसयता कुनै चुनाव लडेनन् । ०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा पार्टीले उनको नाम समानुपातिक सूचीमा राखेपनि सांसद हुनपाएनन् ।

सिराहाको सुखीपुर नगरपालिका ६ खरही टोल निवासी ७० वर्षीय यादव ०४३ सालमा शिक्षण पेशा छाडेर तत्कालीन नेकपा माले हुँदै एमालेको राजनीतिमा पूर्णकालीन भएका थिए ।

धर्मनाथ विज्ञान विषयका प्रखर शिक्षक थिए । उनी अहिले पनि गाउँमा 'मास्टरजी' भनेर चिनिन्छन् । ०७३ साल फागुनमा झापाको बिर्तामोडमा बसेको तत्कालीन एमालेको स्थायी समिति बैठकले उनलाई पूर्ण केन्द्रीय सदस्य बनाएको थियो । यसअघि उनी ०४८ साल र ०५१ सालमा एमालेबाटै आम निर्वाचन लडेका थिए । तर, जित्न सकेका थिएनन् ।

हाल नेकपा केन्द्रीय सदस्य तथा जिल्ला सहइञ्चार्ज रहेका यादव साहित्यकार र गीतकार पनि हुन् । उनले मैथिली र नेपाली भाषामा साहित्य रचनाहरु गर्दै धेरै गीतहरु समेत लेखेका छन् ।

**गोविन्द कलौनी**



प्राध्यापन पेशा छोडेर मदन भण्डारीको आग्रहमा मूलधारको राजनीतिमा होमिएका

गोविन्द कलौनी कर्णाली प्रदेशका प्रमुख बनेका छन् । कलौनी सुदूरपश्चिममा तत्कालीन एमालेका जल्दाबल्दा नेता मानिन्छन् । डडेलुधरामा कम्युनिस्ट पार्टीका संस्थापक मानिने कलौनी शेरबहादुर देउवाका कुनैबेलाका चुनावी प्रतिस्पर्धी पनि हुन् ।

कञ्चनपुरको कृष्णापुर नगरपालिका-२ बाँणे निवासी कलौनी वि.स. २०१२ जेष्ठ २९ गते कलौनी वैतडीको दोगडा केदार गाउँपालिका-१ मा जन्मिएका हुन्। बैतडीमा जन्मिए पनि डडेल्धुरा, बैतडी र कञ्चनपुरलाई कार्यथलो बनाएका कलौनी शिक्षक पृष्ठभूमिका हुन् ।

वि.सं. २०३१ देखि ०४७ सालसम्म उनी प्राध्यापक पेशामा संलग्न भए । त्यसबेला उनी एमालेको शिक्षक संगठनमा आवद्ध थिए । ०४७ सालमा नेता मदन भण्डारी सुदूरपश्चिम भ्रमणकोबेला भण्डारीको आग्रहमा उनी मूलधारको राजनीतिमा प्रवेश गरेका थिए ।

०४८ सालको संसदीय चुनावमा डडेल्धुराबाट कलौनी हालका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग चुनाव लडे । तर, पराजित भए । कलौनी ०५६ सालमा राष्ट्रियसभाको चुनाव लडे । त्यसबेला उनी एमालेबाट अलगिएर मालेमा पुगिसकेका थिए । कांग्रेससँग मिलेर चुनाव लडे पनि उनी पराजित भए ।

कलौनीले चुनावी प्रतिस्पर्धालाई ०६४ सालसम्म निरन्तरता दिए । तर, सफल हुन सकेनन् । ०६४ मा उनी कञ्चनपुर-२ बाट एमालेको संविधान सभा सदस्यका उम्मेदवार बनेका थिए ।

पछिल्लो समय कलौनी पुनः शिक्षा क्षेत्रमै सक्रिए थिए । कञ्चनपुरमा उनले आफ्नै नेतृत्वमा क्याम्पसहरु सञ्चालनमा ल्याएका छन् । ६४ वर्षीय कलौनीले ०४७ देखि ०५२ सम्म डडेल्धुरा र बैतडीमा एमालेको जिल्ला नेतृत्व गरे । उनी पछिल्लो सयम नेकपा एमालेको निर्वाचन आयोग उपाध्यक्ष थिए। जसको अध्यक्ष सोमनाथ प्यासी पनि प्रदेश प्रमुख भएका छन् ।

**शर्मिलाकुमारी पन्त**

बेपत्ता परिवारहरुकी अध्यक्ष बनेकी चितवनकी शर्मिलाकुमारी पन्त (त्रिपाठी) सुदुरपश्चिम प्रदेशको प्रदेश प्रमुख बनेकी छिन् । चितवन निवासी शर्मिला २०६०



सालसम्म सामान्य घृहिणीको थिइन् । उनका पति ज्ञानेन्द्र त्रिपाठी तत्कालीन नेकपा मालेबाट विद्रोह गरी ०५८ तिरै माओवादी जनयुद्धमा लागेका थिए । २०६० असोज ९ गते सादा पोशाकका सुरक्षाकर्मीले पक्राउ गरेका त्रिपाठी त्यसपछि बेपत्ता पारिए ।

श्रीमान बेपत्ता भएपछि उनको दिनचर्या फेरियो । उनी पतिको खोजीमा लाग्दालाग्दै माओवादी जनयुद्ध सकियो । बेपत्ता परिवारहरुको संगठन बन्यो र उनी त्यसको अध्यक्ष बनिन् । पति बेपत्ता भएसँगै माओवादी पार्टीमा सक्रिय भएकी शर्मिला प्रचण्ड पहिलोपटक प्रधानमन्त्री हुँदा नेपाल वायु सेवा निगमको सञ्चालक समितिका सदस्यसमेत भएकी थिइन् ।


**Full Body Checkup मा विशेष छुट**

हामीले मोटरसाइकल अथवा आफ्नो सवारी साधन प्रत्येक ६/६ महिनामा नियमित जाँच गरिन्छ ताकि सवारी साधनको इन्जिनहरु ठिक अवस्था छ छैन भन्ने थाहा हुन्छ । त्यसैगरी तपाईको शरीरको सबै अङ्गहरु इन्जिन सरह ठिक छ वा छैन भनी प्रत्येक ६ महिना अथवा वर्षमा एक पटक चेक जाँच गर्नुभएको छ ? सवारी साधनहरुभन्दा मानव जीवन मूल्यवान छैन र ? तसर्थ समयमै विशेषज्ञद्वारा जाँच गरी दिर्घायू जीवन बिताऊँ ।

**Fullbody Check-up मा विशेष छुट**

| PACKAGE-A | PACKAGE-B | PACKAGE-C | NEURO PACKAGE |
|---|---|---|---|
| ~~Rs. 7000/-~~ | ~~Rs. 12120/-~~ | ~~Rs. 14320/-~~ | ~~Rs. 6700/-~~ |
| Rs. 4500/- | Rs. 7000/- | Rs. 9000/- | Rs. 5000/- |

**OPD सेवा मात्र रू. १००/-**

SIH

**सिद्धबाबा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.**

बुटवल-८, सुख्खानगर, ऊँ मार्ग, रुपन्देही (राजमार्ग चौराहाबाट ५०० मि. पूर्व)

फोन नं. ०७१-५४९२०१, ५४९२०२, ५४९२०३, ५४९२०५,

E-Mail:- siddhababa.hospital@gmail.com

# पितृसत्ताभित्र लुकेको पुरुष हिंसा



रीमा वि.सी.

कस्तो जोई टिंङ्गे, छोरो मान्छे भएर पनि रुने। कति लाज नभएको मान्छे होला। कति नामर्द्ध रहेछ। केही कुरा सहन नसक्ने ? हो यो हाम्रो समाजको यथार्थता। हाम्रो समाज पितृसत्तात्मक संरचनाबाट गुज्रिएको समाज हो। जसको छाप महिलामाथि मात्र हिंसा हुन्छ भन्ने परेको छ। हो संख्यात्मक रुपले महिलाहरु पुरुषको तुलनामा बढी पीडा खेपेका छन्। तर यो होइन कि पुरुषहरुले पीडा खेपेकै छैनन्। पितृसत्तात्मक सोंच पुरुषमा मात्र होइन महिलाहरुमा पनि छ। आजको यो आलेखमा मैले पितृसत्ताभित्र लुकेको पुरुष हिंसाका विषयमा मैले देखेंको बुझेको विषयलाई विश्लेषण गर्ने कोशिश गरेको छु।

पितृसत्तात्मक संरचनाबाट गुज्रिएको समाजमा पितृसत्ताले महिलालाई मात्र थिच्छ मिच्छ,शोषण गर्छ, हिंसा गर्छ भन्ने बुझाई बाक्लो छ। तर मेरो विचार अलिक फरक छ हो पुरुषको तुलनामा महिलाहरुले बढी पीडा खेपेका छन्, थिचिएका छन्,मिचिएका छन् विभिन्न खाले हिंसाको सिकार भएका छन्। विभिन्न समयमा गरिएका अध्ययनले पनि महिला पीडित भएको कुरा देखाउँछ। यति भनिरहँदा के पुरुष पीडित नै छैनन त ? पीडा नभएर होला त उजुरीहरु नआएको ? यो भने पक्कै होइन। मलाई लाग्दैन पुरुषमा पीडा नभएर उजुरीहरु नआएको। पुरुष पनि मान्छे हो उसको पनि मुटु छ, उसलाई पनि पीडा उसको पनि मन दुख्छ। पुरुषभित्र पनि पीडा छ त्यो पीडा बाहिर आउन सकिरहेको छैन्। पुरुषले आफ्नो पीडा त्यत्ति सजिलै पोख्न आँट गर्दैनन, डाँको छोडेर रुन सक्दैन्। आफ्नो मनको बह सजिलैसँग पोख्न सक्दैनन्। समाजले पुरुषलाई मर्दको उपाधी दिएको छ। पुरुषलाई मर्द भएर रुनु हुदैन, छोरो भनेको हिम्मत भएको हुनुपर्छ भन्ने मानसिकता थोपरेको छ। जसले गर्दा पुरुषले आफ्नो पीडालाई उकुस मुकुश पारेर राखेको हुन्छ।

समाजमा पुरुषको तुलनामा महिलाहरुले धेरै हिंसा खेपेका छन् भन्ने कुरा व्यापक बाहिर आउँछ। हो त्यो यथार्थ र सत्य पनि हो। तर के पुरुषहरुले हिंसा खेपेकै छन त ? यो विषयमा कही कतै वहस सुनिदैन्। महिलाअधिकारकर्मीहरुले महिलाका विषयमा खुव पैरवी गरेको देखिन्छ तर पुरुषहरु हिंसामा परेका घटनाहरुलाई खासै महत्व दिइदैन्। आखिर किन यतिधैरै विभक्त, पक्षपाती छ हाम्रो समाज ? सधैं पुरुषको गल्ती देख्ने हाम्रा आँखाले किन महिला सधैं सही र सत्य हुन्छिन् अन्याय गर्न सक्दैनिन भन्ने भावनामा बग्छौ हामी ? किन महिलाको हजारौं रुपलाई हामी देखदैनौ ,विश्लेषण गदैनौ ?अव यस्ता ओझेलमा परेका विषयलाई पनि जोड दिनुपर्छ भन्ने लाग्छ।

समाजले पुरुषले गर्ने काम र महिलाले गर्ने काम अर्थात भूमिकालाई विभाजन गरेका कारण पनि पितृसत्तात्मक संरचनालाई मलजल दिइरहेको हो की भन्ने मलाई लाग्छ। पितृसत्ता चाहे त्यो महिलामा होस चाहे पुरुषमा होस त्यसको समयमा व्यवस्थापन गर्नुपर्ने हुन्छ। त्यसको समयमा व्यवस्थापन गर्न सकिएन् भने त्यसले हिंसाका डर लाग्दा घटनाहरु निम्त्याउन सक्छ। त्यस कारण हामीले मातृसत्तात्मक संरचनाका विषयहरुको अभ्यास र अध्ययन गर्ने अवसर पार्यौ आखिर यस्तै कारणले एकले अर्काको अस्तित्व स्वीकार गर्न नसक्दा टिक्न नसकेको र हामी लैङ्गिक विकास र समविकासका कुरा गर्न थालेको यथार्थतालाई पनि विर्षनु हुदैंन्।

पुरुषवाद महिलामा पनि छ। मलाई संझना छ महिलाहरुका विभिन्न तालिम गोष्ठीहरुमा सहभागी भएका महिलाहरुलाई तपाइको परिवारमा सबैभन्दा पीडा दिने मान्छे को हो भनेर सोध्दा अधिकांशको मुखबाट सासु भन्ने शब्द आउँछ। पछिल्लो समय बुहारी भन्ने कुरा पनि आउन थालेको छ। किन के कारणले गर्दा तपाइले सासुलाई घरपरिवारमा सबैभन्दा बढी पीडा दिने भन्नु भयो भन्ने प्रश्नको जवाफमा अधिकांशको मुखबाट आउथ्यो घरमा छोरी जन्माउदा सबैभन्दा दुखी बनाउने सासुले हो। नातिनी पाएकोमा खिन्न बनाउने र नाती भएको भए किरिया गर्थ्यो, पिण्ड चलाउथ्यो बंश धान्थ्यो भन्ने कुरा आउँछ। नाति जन्माउँदा र नातिनी जन्माउँदाको परिवारमा खुशी र नातिनि जन्मदाको पारिवारिक माहोल टोटल फरक हुन्छ। अहिले पनि हाम्रो समाजमा छोराको डिमाण्ड बढी हुन्छ। नाति जन्मेको भए मरेपछि पनि पिण्ड चलाउथ्यो भन्ने विभिन्न किसिमका कुराहरुले घोच्ने अधिकांश सासुआमाहरु हुन्छन्। त्यसैले पितृसत्ता पुरुषमा मात्र होइन महिलाहरुमा पनि छ जसको कारणले बुझेर हो वा नबुझेर हो पितृसत्तालाई मलजल दिने काम

महिलाहरुबाट पनि भएको छ। मेरो विचारमा यो समविकासको बाधक हो भन्ने लाग्छ।
हाम्रो समाजमा पुरुषलाई एउटा छुट्टै खालको व्यवहार गरिन्छ। हरेक सन्तानका निमित्त आफ्ना आमा बाबा समान हुनुपर्ने हो। आमाका विषयमा थुप्रै गुणगानहरु गाइन्छन्। तर बाबाको निम्ति कमैले गुणगान गाउँछन्। आमाले नौ महिनासम्म गर्भमा राख्ने, दशधारा दुघ खुवाउने र रेखदेख गर्ने काम गरिन यहाँसम्म ल्याउनका लागि हजारौ पटक रगतको खोलो बगाएकी हुन्छिन भने बाबाले पनि सन्तानको सुखका निम्ति कम पसिना बगाएका हुदैन्। तर त्यही बाबुको विषयमा पनि सन्तानले खासै महत्व दिएको पाइदैन्। यो पनि एक खालको विभेद हो भन्ने लाग्छ।
आखिर जसले जसलाई गरे पनि हिंसा हिंसा नै हो। यसले महिला, पुरुष र तेस्रो लिङ्गी केही भन्दैन्। पुरुषविरुद्ध शारिरीक,मानसिक,सामाजिक, यौनजन्य जस्ता हिंसाहरु पुरुषलाई पनि हुन सक्छ। तर पनि अन्य हिंसाको तुलनामा पुरुषहरुमाथि मानसिक हिंसा बढी हुन्छ भन्ने लाग्छ। समाजमा प्रविधि र विकाससँगै यस्ता खालका घटनाहरुको अवस्था पनि विकसित भएको छ। महिलाहरु हिंसामा परेको वेला विभिन्न संघ संस्थाहरुले सहयोग गरिरहेका हुन्छन्। उनीहरुको पीडामा मलम लगाउने काम भैरहेको हुन्छ। तर पुरुषहरुमाथि परेका पीडाको भारी बिसाउने ठाउँ र आवाज उठाउने फोरम छैन्। त्यसकारण पितृसत्ताभित्र अल्झिएको,जेलिएको र रोमलिएर लुकेको पुरुष हिंसा बढ्दो अवस्था छ भन्ने मेरो बुझाई हो।
समाजमा पुरुषहरु पीडामा परेका कुराहरु विस्तारै उठन थालेका छन्। पुरुषहरु म पीडामा परें भनेर विस्तारै बाहिर निस्कन थालेका घटनाहरु पनि छन्। तर अझै पनि अधिकांशको सोच भनेको आफूलाई महिला भन्दा माथि देखाउनु देखिन्छ। मैले उजुरी हाले भने म कमजोरी बन्छु, समाजले मलाई कमजोर ठान्छन्। पितृसत्ताको आडमा पुरुषहरुमा एक खालको दम्भ, घमण्ड छ। आफुमाथि परेको पीडा बाहिर ल्याउन नचाहानु। र आफ्नो पीडालाई कसैको मजाक र हाँसोको विषय बन्छ की भन्ने एक खालको हाउगुजी हो भन्ने लाग्छ। पुरुष पनि हिंसामा पर्छन र ? भनी कतै समाजमा आफ्नो खिल्ली उडाइने छ होइन त्यसकारण पनि पीडा सहेर मुटुभित्र ढुंगा राखेर बाहिर हाँस्न खोजेका हुन्छन्।



नेपाली समाजमा अधिकारका नाममा कर्तव्य विर्षने र कानूनले दिएका अधिकारको दुरुपयोग गर्ने गरेका घटनाहरु पनि प्रशस्त भेटिन्छन्। दासयत्व पुरा गर्नुनपर्ने तर अधिकारको मन्त्र जपिरहने र सम्पत्तिको लोभले सम्बन्ध विच्द्देद गर्ने, प्रेमको नाटक गर्ने, सम्पत्ति कुम्ल्याउने र पटक पटक त्यस्तो व्यवहार दोहोरयाएरहने खालका घटनाहरु पनि पछिल्लो समय बढेको देखिन्छ। हुनत नेपालमा मात्र होइन अन्य मुलुकहरुमा पनि पुरुष हिंसामा परेका घटनाहरु बेला बेला सुन्न र पढन पाएको थिए। तर नेपालमा जस्तै अन्य मुलुकमा पनि पुरुषका घटनाहरु बाहिर आउँदैनन्। बेलायतको द म्यानकाइण्ड इनिसियटिभ भन्ने एक संस्थाले गरेको अध्ययन अनुसार २०१५ मा २.८ प्रतिशित पुरुषहरु महिलाहरुबाट हिंसामा परेका तथ्यांक सार्वजनिक गरेको छ। भने हरेक तीनजनामध्ये एक जना पुरुष विभिन्न खाले हिंसाबाट पीडित हुने गरेको देखाएको छ। वेलायतमा सन् २०१४ र २०१५ मा मात्र १८ जना पुरुषले प्रेमिका वा पत्नीबाट ज्यान गुमाएका थिए।
पछिल्लो समय नेपालमा पुरुषहरुमाथि मानसिक हिंसा अत्याधिक बढी छ। अहिले धेरै युवाहरु बैदेशिक रोजगारीका लागि विभिन्न खाडी मुलुकहरुमा गएका छन्। घरमा बुढा बाआमा, र साना बाल बच्चाहरुलाई छोडेर परदेशिएका छन्। विदेशबाट परिश्रम गरेर पठाएको पैसाको सही सदुपयोग नभएको, मोजमस्तीमा उडाएको, परपुरुषसँगको सम्बन्ध बढाएको र घर फर्कदा चिचिला कलिला छोराछोरीको विजोग पारेका समाचारहरु बेला बेला सुन्ने गरिन्छ। यस्ता घटनाहरुले पनि विभिन्न खालको हिंसाहरुलाई बढाइरहेको छ। सबै महिलाहरु त्यस्तो मानवता हराएका छैनन्। कतिपयले आफुले पनि दुख गर्ने र पतिले कमाएको पैसाको सही सदुपयोग गरेर राम्रो उदारहण बनेका महिलाहरु पनि छन जसले समाजलाई राम्रो सन्देश दिएका छन्।
अन्त्यमा हिंसाको कुनै जात हुदैन्। यो जो कोहीलाई पनि हुन सक्छ। चाहे त्यो महिला, चाहे लैङ्गिक तथा यौनिक अल्पसंख्यक होस चाहे पुरुष त्यस कारण पितृसत्ताको प्रभाव पुरुषमा मात्र होइन महिलाहरुमा पनि छ। त्यसकारण पितृसत्तात्मक संरचना र मुल्यमान्यताको अन्त्य नहुँदासम्म यसको असर सबैतिर पर्छ। त्यसकारण अधिकारको प्रयोग गर्दा अधिकारसँगै दायित्व र कर्तव्यलाई पनि सँगसँगै जोडन सके यस्ता हिंसाको न्यूनीकरण गर्न सकिन्छ।

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !



**प्रो. राधेश्याम थारु**

**दाउन्ने देवी मोटर पार्टस**

बर्दघाट न.पा.-४, नवलपरासी, मो. ९८४७२०९९२६, ९८१७४३२२७१

**हामीकहाँ विभिन्न मोटरसाईकल मर्मत गरिनुका साथै
पार्टपुर्जा पनि सुपथ मूल्यमा पाइन्छ।**

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**प्रो. दैनिक सिंजाली मगर**

**सिंजाली फार्मेसी**

देवदह न.पा.-१०, चरङ्गे, रुपन्देही
मो. ९८१२९८८३५४

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**प्रो. चेतन ब. लामिछाने राना**

**लुम्बिनी चाउमिन तथा सस उद्योग**

बुटवल-८, सुख्खानगर, रुपन्देही, ९८४७१६४४४४, ९८०४४३०९३७
हामीकहाँ अत्याधुनिक मेशिनद्वारा उत्पादित उच्च गुणस्तरीय,
हाईजनिक एण्ड अर्गानिक चाउमिन तथा सस उत्पादन गर्नुका
साथै होमडेलिभरी पनि गरिन्छ।

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !




**इन्द्र बहादुर महतो**

**सुदिप भेट कन्सर्न**

कावासोति-१६, डण्डा बजार, नवलपुर, ९८४७०४८४९६, ९८४७१४४५२०, ९८४४७४९०३१

**हामीकहाँ पशुपंक्षीको औषधी उपचार, बिउ बिजन, चोकर, दाना, चल्ला
लगायत एग्रो तथा भेट सामानहरु सुपथ मूल्यमा पाइन्छ।**

# भारतद्वारा प्रकाशित नक्सामा आपत्ति छ–प्रचण्ड



उप-निर्वाचनको लागि चुनाव प्रचार-प्रसार समिति कास्की २ को आयोजनामा नेकपाका अध्यक्ष प्रचण्ड पोखरा आई कास्की क्षेत्र नं. २ को उपनिर्वाचनमा परिणाम ननिस्किने बेलासम्म रातदिन खटेर नयाँ सन्देश स्थापित गर्न कार्यकर्ताहरुलाई अनुरोध गरेका छन् । साथै नेकपाका उम्मेदवार विद्या भट्टराईलाई विजयको लागि अग्रिम शुभकामना पनि दिएका छन् । अध्यक्ष प्रचण्डले भारतबाट प्रकाशित नक्साले नेपाली राष्ट्रियता धरापमा पारेको भन्ने एक प्रश्नमा प्रचण्डले भारतको नयाँ नक्साबारे आपत्ति जनाएका छन् । प्रचण्डले भौगोलिक अखण्डता र सार्वभौमिकतामा नेकपा लचिलो नहुने र पार्टी र सरकार दुवैले भारतको नक्सालाई पुनः विचार गर्न आधिकारीक धारणा सार्वजनिक गरेको बताएँ । भारतबाट जुन नक्सा सार्वजनिक भएको छ त्यो नेपाललाई मान्य छैन उनले भने । सीमा अतिक्रमणको सन्दर्भमा सरकारले कुटनीतिक तवरबाट समाधानको पहल गर्ने बताए । लिपुलेक सम्बन्धमा भारत र चीनको सहमति हुँदा संयोगवश आफै भारत भ्रमणमा भएको सन्दर्भ कोट्याउँदै त्यस समयमै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग यो कार्य गलत भएको र पुनः विचार गर्न आग्रह समेत गरेको उनले बताएँ ।

# मंसिर १४ गते उपनिर्वाचन हुँदै

प्रतिनिधि सभा सदस्य एक र प्रदेश सभाका तीन रिक्त स्थानहरुमा मंसिर १४ गते उपनिर्वाचन हुने भएको छ । तापलेजुङ्ग जिल्लाको लिङखिम र फुरुम्बु गाउँपालिकाको बीच भागमा अवस्थित सिस्ने खोलामा हेलिकप्टर दुर्घटनामा परी संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्री रविन्द्र अधिकारीको निधन भएको थियो । अधिकारीको निधन पश्चात रिक्त रहेको कास्की जिल्ला प्रतिनिधि सभा क्षेत्र नं. २ मा उपनिर्वाचन हुँदैछ । यस क्षेत्रमा नेकपाले अधिकारीको पत्नी विद्या भट्टराईलाई उम्मेदवार बनाएको छ भने कांग्रेसले खेमराज पौडेललाई उम्मेदवार बनाएको छ । त्यसै गरी साझाबाट रजनी के.सी., विवेकशीलबाट जमुना शर्मा, समाजवादी पार्टीबाट इ. धर्मराज गुरुङ्ग, नेकपा मालेबाट टेकराज भण्डारी, राप्रपाबाट रोम बहादुर भण्डारी, देशभक्त समाजबाट विरबहादुर विश्वकर्मा, राष्ट्रिय जनमुक्ति पार्टीबाट पूर्णबहादुर राना, नेशनल मंगोल अर्गनाईजेशनबाट रियाज गुरूङ्ग, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट गजेन्द्र सुब्बा, नेपाली कांग्रेस (वि.पि.)बाट चन्द्रबहादुर राना भाट, राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त) बाट गंगा मल्ल, राष्ट्रिय नागरिक पार्टीबाट नवराज घले, राष्ट्रिय मुक्ति आन्दोलन नेपालबाट जयवन्त बिक्रम



**विद्या भट्टराई**
उम्मेदवार- नेकपा
कास्की २



**खेमराज पौडेल**
उम्मेदवार-नेपाली कांग्रेस
कास्की २

शाहाले पार्टीको तर्फबाट उम्मेदवारी दिएका छन् भने कमलजङ्ग कुँवर, यज्ञप्रसाद पंगेनी, जमुना शर्मा, लक्ष्मी कुमारी भुजेल, सुनिल भुसाल, सुनिल बहादुर कोइराला, उमानाथ गौतम, दिपक रेग्मी, रनबहादुर दमै, नवराज वास्तोला, पुरुषोत्तम खनालले स्वतन्त्र

उम्मेदवारी दिएका छन् ।

८ हजार भन्दा बढीको मतान्तरले स्व. रबिन्द्र अधिकारीले जितेको उक्त क्षेत्रमा नेकपाको तर्फबाट अधिकारीकै पत्नी विद्या भट्टराईले अझ बढी मतान्तरणले जित्नेमा विश्वस्त छिन् । भट्टराईले यस क्षेत्रका नागरिकका जनमत र जनविश्वास गुम्न नदिने विश्वास दिलाएकी छिन् । स्व. अधिकारीको सपना र विश्वास अधुरो रह्यो त्यसलाई पूरा गर्ने प्रतिबद्धता लिएकी छिन् । त्यसैगरी अर्को प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार खेमराज पौडेलले सरकारले नागरिकका आकांक्षा पुरा गर्न नसकेकोले बलियो प्रतिस्पर्धी खोजेको बताएका छन् ।

त्यसैगरी प्रदेश सभा तर्फ भक्तपुर १ (क) मा नेकपाको तर्फबाट देवीप्रसाद ढकाल, नेपाली कांग्रेसबाट कृष्ण भँडेल, साझाबाट सुरज प्रधान रहेका छन् । त्यसै गरी बाग्लुङ २ (ख) मा राष्ट्रिय जनमोर्चाबाट खिम बिक्रम शाही, कांग्रेसबाट जित शेरचन, विवेकशिल पार्टीबाट सन्तोष भण्डारी रहेका छन् ।

कास्की क्षेत्र नं २ मा अघिल्लो निर्वाचनमा ७० हजार ६ सय ५१ मतदाता थिए । त्यसमध्ये ४९ हजार ९ सय १३ जनाले मतदान गरेका थिए । यस वर्ष १ हजार २ सय २० मतदाता थपिएका छन् । त्यस्तै उपनिर्वाचन हुने प्रदेशतर्फ गण्डकी प्रदेशको बाग्लुङ २ (ख) मा सत्तारुढ दल नेकपा र राष्ट्रिय जनमोर्चा गठबन्धन भएको छ । जसमा अन्य निर्वाचन क्षेत्रमा नेकपालाई समर्थन गर्ने गरी यस क्षेत्रमा राष्ट्रिय जनमोर्चाका खिम बिक्रम शाहीलाई उम्मेदवार चयन गरेका छन् । यस अघि उक्त क्षेत्रमा वाम गठबन्धनबाट जनमोर्चाकै टेक बहादुर घर्ती विजय भएका थिए । उनको विरामी भई निधन भएको थियो । गत चुनावमा कांग्रेसबाट जित शेरचन नै प्रतिस्पर्धीमा थिए । त्यसबेला घर्तीले ११ हजार ८ सय ८४ मत लिई विजय भएका थिए । उनले शेरचनलाई ३ हजार २ सय ६० मत अन्तर पारेका थिए । कूल मतदाता ३३ हजार २ सय ४० रहेका थिए । यस पटक उक्त क्षेत्रमा ३ हजार ६ सय ८६ नयाँ मतदाता थपिएका छन् । त्यसैगरी प्रदेश नं. ५ को दाङ ३ (ख) मा तत्कालिन एमालेका उत्तर कुमार वलीले ६ हजार ४ सय ३५ मत अन्तरले कांग्रेसका उम्मेदवार बुद्धिराम भण्डारीलाई पराजित गरेका थिए । वलीको निधन पछि उनकै श्रीमती बिमला वलीलाई नेकपाले उम्मेदवार बनाएको छ । वलीले २३ हजार ९ सय ७० मत लिई विजय भएका थिए । त्यतिबेला ६५ हजार ८ सय २ मतदाता थिए भने यस पटक उक्त क्षेत्रमा ७ हजार ३ सय ७० नयाँ मतदाता थपिएका छन् ।


हार्दिक शुभकामना

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**इन्द्र कुमारी थरुनी**
उपाध्यक्ष
**सुस्ता गाउँपालिका**
वडा नं. २




हार्दिक शुभकामना

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**कृष्णलाल मुखिया**
वडा अध्यक्ष
**सुस्ता गाउँपालिका**
वडा नं. २

विश्लेषण

# समाजवादी क्रान्तिका आधारभूत शर्तहरु



डि.बि. पुन मगर

पछिल्लो समय नेपाली राजनीतिमा समाजवादी क्रान्तिले बाक्लै बजार पाईरहेको छ। चाहे कम्यूनिष्ट विचारधारा मान्ने राजनैतिक दलले होस ,चाहे त्यो गैर कम्यूनिष्ट विचारधारा राख्ने दलले होस। नेपालमा क्रियाशिल अधिकांश राजनीतिक दल र दलका नेताहरुले समाजवादी क्रान्ति गर्नुपर्छ अथवा नेपालमा समाजवादको व्यवस्था चाहिन्छ भनिरहेका छन् । तर मैले देख्न नसकेको वा उनीहरुसंग स्पष्ट समाजवादी कार्यदिशा नभएको हो, त्यो समाजवाद कसरी आउँछ? समाजवादमा पुग्नका लागी के के गर्नु पर्दछ ? समाजवादी व्यवस्था कसरी लागु हुन्छ ? अनि समाजवादमा नेपाली समाजमा रहेको विद्यमान जातिय,लिङ्गीय, क्षेत्रिय र वर्गिय अन्तर-विरोधहरुको अवस्था कस्तो रहन्छ? त्यो अन्तरविरोधहरुको सहि निराकरणको लागी कस्तो खाले समाजवादी कार्यादिशा अपनाउनु पर्दछ, आदि विषयमा विस्तृत व्याख्या पाईएन। तसर्थ यो सानो लेख मार्फत नेपालमा समाजवाद किन आवश्यक छ ? र समाजवादका आधारभुत शर्तहरु के के हुन? भन्ने विषयमा संक्षिप्त विचार राख्ने पर्यत्न गरेको छु।

**क. समाजवाद किन आवश्यक छ ?**

नेपाली समाज भरखरै मात्र सामन्तवादको चपेताबाट बल्ल बल्ल मुक्त भएको छ भने सामन्तवादका धार्मिक,सांस्कृतिक र मनोवैज्ञानिक जराहरु अझैपनि व्यापकरुपमा जिउदै रहेको छ। अझ डरलाग्दो अवस्था सामन्तवादको सत्तामा दलाल नोकरशाही पुँजिपति वर्गले सिंगो देशलाई घेराबन्दीमा पारेको छ। यसरी दलाल नोकरशाही पुँजीपति वर्गको एकछत्र घेराबन्दीका कारण गरिब किसान, आम सर्बसाधारण जनताहरु दिनानुदिन ठगिरहेका छन।एउटा सानो घडेरी बेच्ने देखी चिया पसल किनबेच गर्न सम्म तेस्रो व्याक्तिसँग दलाली गर्न नागरिकहरु बाध्य छन। दोस्रो मुलुकसँगको आयात निर्यातको त कुरै नगरौं ,हात बजार ,यातायात, शिक्षा, स्वास्थ्य सबै क्षेत्रमा दलालहरुको सिण्डीकेत छ। यीनै सिण्डीकेतकै कारण उपभोक्ताले हरेक उपभोग्य सामानमा चर्को मुल्य तिर्न बाध्य छन। राजनीतिक,सामाजिक र प्रशासनिक तथा न्यायिक क्षेत्रमा समेत दलालीहरुको बढ्दो सक्रियताका कारण देश एक पछि अर्को निजिकरण र उदारीकरण हुँदै परनिर्भता ,अराजकता र अस्तव्यस्ता तिर धकेलिँदै छ।यी तमाम समस्याहरुको अन्तिम समाधाननै समाजवादी व्यवस्थाको स्थापना हो। तसर्थ प्रजातन्त्र,संसदिय प्रजातन्त्र ,लोकतन्त्र र गणतन्त्र जस्तो व्यवस्थाहरुको अभ्यासबाट मुलुकका उपरोक्त समस्याहरु हल नभएको वर्तमान अवस्थामा समाजवादको अभ्यास गर्नु र समाजवादी व्यवस्थामा सामन्त दलाल र राष्ट्रघाती शक्तीहरुलाई प्रवेश निषेध गर्नु पर्ने तत्कालिन आवश्यक्ता बन्न गएकोले समाजवादी व्यवस्थाको आवश्यक्ता पर्न गएको हो।

**ख. समाजवादमा जातीय अन्तरविरोध कसरी हल गरिन्छ ?**

समाजवादी व्यवस्था आफैमा जातिय विहिन, वर्ग विहिन, समानता र स्वतन्त्रतामा आधारित समुन्नत आधुनिक मानव समाज हो। समाजवादी व्यवस्थामा कुनै पनि जातका आधारमा भेदभाव गरिंदैन। क्षेमता अनुसारको काम र काम अनुसारको मामको स्वतन्त्रनीति लागु हुन्छ समाजवादमा जाति, धर्म र संस्कृति सम्वन्धी कुनै कानुन बनाइदैन। किनकि समाजवादी व्यवस्थामा मानिसहरु चेतनाले पुर्ण संमृद्ध हुन्छन्। धर्म कर्म जातभात र संस्कार संस्कृति व्यक्तिको इच्छाले अवलम्वन गर्ने या नगर्ने हुन्छ। यो प्रत्येक मानिसको स्वतन्त्र अधिकारका रुपमा हुन्छ। त्यसैले समाजवादमा जातिहरु रहन्छन् तर जातिय असमानता रहँदैन। धार्मिक मठमन्दिरहरु रहन्छन्। धार्मिक आस्था राख्ने मानिसहरु रहन्छन् तर धार्मिक असमानताहरुको अन्त हुन्छ, त्यसका लागी पुर्ण धर्म निरपेक्ष राष्ट्रिय नीति हुन्छ। समाजवादमा संस्कार संस्कृतिहरु रहन्छ तर कुनै पनि व्यक्तिलाई जाति र क्षेत्रकै कारण कुनै पनि संस्कार संस्कृति मान्नै पर्ने बाध्यात्मक व्यवस्था हुँदैन। यसरी हेर्दा समाजवादी व्यवस्थामा विभिन्न जातिहरुको वीचमा देखिएको जातिय अन्तरविरोध हल गर्ने एक मात्र हतियार हो विना भेदभाव क्षमता र योग्यता अनुसारको काम र काम अनुसारको मामको राष्ट्रिय नीति। जुन नीतिले क्षमता र योग्यता

अनुसारको काममा विविधता देखिन्छ भने सेवा दुविधामा एकरुपता ल्याईन्छ । समाजवादको यो विन्दुमा पुगेपछि जातीय मुक्तिका आवाजहरु आफसे आफ मठ्थर हुँदै जान्छन् । किन कि जातीय असमानता नदिखिए पछि जातिय अन्तर विरोध हुँने कुरै रहँदैन । समाजवादी व्यवस्थामा जाति भनेको मात्र महिला र पुरुष रहन्छ ।

**समाजवादी क्रान्तिका आधारभुत सर्तहरुः**

**१.जातीय मुक्तिः**

नेपालको एकिकरण पश्चात सुरु भएको जातीय उत्पीडन नेपाली समाजको एक नम्बर समस्या हो । नेपाल जस्तो बहुजातिय, मुलुकमा ब्राहमणवादी सामान्तवादी चिन्तन द्वारा लाडिएको एकल जातिय सोंचबाट उत्पन्न भएको जाती अनुसारको पेषा नीति असमानताको पहिलो कारक तत्व हो । १७ औं शताब्दीबाट शुरु गरिएको यो जातीय नीति आजको गणतान्त्रिक मुलकमा समेत यथावत छ । अतः समाजवादी क्रान्ति पुरा हुनका लागी सर्ब प्रथम जातीय उत्पीडनको अन्त्य हुन जरुरी छ । जातिय उत्पीडनको अन्त्यका लागी सयौं बर्ष देखि राज्य सत्ताबाट पाखा लगाईएका यहाँका आदिवासी जनजातिहरुको पहिचानका आधारमा स्वायत्त प्रदेश, स्वायत्त शासन र जल, जमिन, र जंगलमाथिको अग्राधिकारको व्यवस्था हुन जरुरी छ । उनीहरुको जातिय जनसंख्याको अनुपातमा पुर्ण समाुपातिक प्रतिनिधित्वको सुनिश्चित गरिनु पर्दछ । आदीवासी जनजातिहरुको सघन क्षेत्रमा समग्र आर्थिक, राजनीतिक र सामाजिक हैसियतको सर्वेक्षणको आधारमा विपन्न बर्गमा पर्ने जातिलाई एक पटकका लागि राजनीतिक, आर्थिक र सामाजिक रुपले अग्राधिकारको व्यवस्था गरिनु पर्दछ । अग्राधिकारको नीतिले पछाडी परेको जाति पनि अर्को अवस्थामा आउँदा विकसित जातिको संमग्र हैसियत सँग समान प्रतिस्पर्धा गर्ने हैसियतमा आई पुग्छ र स्वतन्त्र प्रतिस्पर्धा हुन्छ । अतः कतिपय कम्यूनिष्ट सिद्दान्तका स्वघोषीत लेखकहरुले भनेझैं सबै समस्याको समाधान समाजवादी क्रान्तिले गर्छ भनेर गफ हाँन्दैमा समाजवाद आउदैन । उत्पीडीत जातिहरुलाई पुर्ण समान अधिकारको ग्यारेन्ती गर्ने वित्तिकै समाजवादको विहानी आफैं झुल्कन्छ । किन कि नेपालको गरिबी, अशिक्षा र असमानताको पहिलो जग नै जातिय उत्पीडन हो ।

जहाँ सम्म राज्य सत्तामा समानताको कुरा छ । यसको एउटै उपाय हो पुर्ण समानुपातिक निर्वाचन प्रणाली । यो प्रणालीले आदिवासी जनजातिलाई मात्र न्याय गर्दैन, नेपालमा वसोवास गर्ने सबै जातिलाई समान न्याय गर्दछ । यो प्राणालीले अपनाउने वित्तिकै ८० प्रतिशत जातिय अन्तरविरोध पनि आफ से आफ हल हुन्छ । साथसाथै अल्प संख्यक जातिका लागी आरक्षित कोटा हुन्छ र अल्प संख्यक जाति समेतको राज्यमा सहभागिता हुन्छ । त्यसैले नेपालमा समाजवाद स्थापनाका लागि पहिलो सर्तको रुपमा पुर्ण समानुपातिक निर्वाचन प्रणाली जातिय पहिचानको आधारमा स्वायत्त प्रदेश र स्वायत्त क्षेत्रहरुको निर्धारण राजनीतिक आर्थिक र सामाजिक अग्राधिकार आदीको ग्यारेन्टी गर्नु पर्ने हुन्छ । समाजवादी क्रन्तिका लागि यो पहिलो शर्त हो ।

**२. धार्मिक र साँस्कृतिक मुक्तिः**

बहु धार्मिक र बहुसाँस्कृतिक युक्त नेपाली समाजमा झण्डै अधाई सय वर्ष देखि लादिएको हिन्दु धर्म सापेक्ष राज्यको नीतिका कारण एकछत्र रुपमा हिन्दु धर्म र संस्कारले राज गर्दै आईरहेको छ । विभिन्न जात जाति र समुदायहरुको पुँखौली प्रथाजनित धर्म र संस्कार संस्कृतिलाई राष्ट्यि मान्यता नदिएको मात्र होइन, एक जमानामा कडा प्रतिबन्ध नै लगाउने काम भयो तसर्थ नेपाली समाजको दोस्रो अन्तरविरोध भनेको धार्मिक सांस्कृतिक उत्पीडन हो । धर्मको आधारमा उच्च निच्चजातको वर्ण विन्यास गर्ने, त्यसैको आधारमा पेषा व्यवसायको तोक लगाउने देखि पानी नै नचल्ने जस्तो छोइ छिटो हुने जस्ता अमानवीय नीतिहरु हिन्दु धर्मकै तान्त्रिकनीतिबाट जन्माइयो । यस्तो नीतिले सिंगो नेपाली समाज विश्व समुदायकासामु लज्जित बन्न पुगेको छ भने देश भित्रका लाखौं लाख अहिन्दुवासी जाति र समुदायहरु वर्षौं देखि धार्मिक साँस्कृतिक विभेदको शिकार भईराखेका छन् । यस्तो खाले धार्मिक नीतिकै कारण अहिन्दुवादी समुदायहरु नीति निर्माण तहमा पुग्न सकिरहेका छैनन् ।

समाजवादी व्यवस्था भनेको उच्च चेतनाले लैश मानिसहरुको स्वतन्त्र राज्य व्यवस्था हो । जहाँ धर्म र संस्कृतिमा प्रत्येक मानिसहरु स्वतन्त्र हुन्छन् । माथि भनिए झैं यो व्यवस्थामा पुर्ण धर्म निरपेक्षताको नीति अवलम्वन गरिन्छ । मानिसहरुले न्यूनतम ८ घण्टा काम ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जन गर्ने व्यवस्था हुन्छ । यस मध्य ८ घण्टाको मनोरञ्जन कुन ढंगले गर्ने ? राज्यले नीति बनाउनु पर्दैन । कुन व्यक्तिले के कसरी रहँदा उठ्बस गर्दा आराम/आनन्द महसुस गर्दछ उ त्यसै गरेर रमाउछ भने विभिन्न क्रिया कर्महरु पनि उसको स्वबिवेकले गर्दछ । आजको जस्तो खस आर्यको जन्म विवाह र मृत्यु संस्कार जे छ त्यो समाजवादी व्यवस्थामा पनि खस आर्य समुदायलाई अनिवार्य हुनु पर्दछ भन्ने कुनै नीति हुँदैन । यसमा व्यक्तिको स्वतन्त्र इच्छामा भर पर्छ । यस्तै मंगोल तथा आदिवासी जनजाति, मधेशी , मुस्लिम समुदायलाई पनि प्रथा जनित क्रिया कर्म अनिवार्य हुँदैन । त्यस कारण समाजवादी राज्य व्यवस्था स्थापनाका लागि विभिन्न रुपमा रहँदै आएको धार्मिक र सांस्कृतिक विभेदहरुको अन्त्य हुन जरुरी छ । जब सम्म धार्मिक सांस्कृतिक उत्पीडनको अन्त्य हुँदैन तब सम्म बास्तविक समाजवाद

आउँदैन । कहिले काही आईहालेतापनि त्यो समाजवाद धार्मिक सांस्कृतिक अन्तरविरोधकै कारण अवसान हुने खतरा रहन्छ ।

३. **भाषिक मुक्तिः**

नेपाल जस्तो बुहभाषिक देशमा आजका दिन सम्म खस भाषालाई राष्ट्रिय भाषा मानेर अन्य १२३ भाषालाई दवाई राखेको अवस्था छ । नेपालमा जातिगत रुपमा देखिएको शैक्षिक, आर्थिक राजनीतिक र सामाजिक असन्तुलनको पहिलो कारक तत्व पनि भाषिक एकाधिकारवादी नीति नै हो । आज नेपालका आदिवासी जनजातिका छोराछोरीको शैक्षिक, सुचाय अत्यन्त चिन्ताजनक देखिन्छ। यसो हुनुको मुख्य कारण उनीहरुलाई अर्काको भाषाबाट शिक्षा दिनु र उनीहरुको आफ्नो भाषालाई दवाउनु नै हो। एउटा खस आर्यको छोराले दुईवटा भाषाको शिक्षा लिन्छ खस भाषा र अंग्रेजी त्यसमा पनि उसले खासगरी अंग्रेजी भाषाको मात्र शिक्षा पढ्नु पर्दछ। तर अन्य जातिको सन्दर्भमा आफ्नो भाषाबाहेक नै दुईवटा भाषा सिक्नु पर्दछ खस भाषा र अंग्रेजी भाषा/अनी उसलाई भाषा सिक्नै डबल समय लाग्छ त अरुविषयको अध्ययन कहिले गर्न पाउछ ? समाजवादी व्यवस्था स्थापनाका लागि यस विषयमा गम्भीर भएर सोच्नु पर्दछ । समाजवादी व्यवस्था संसारकै उत्कृष्ट र विकसित राज्य व्यवस्था भएकोले एक आफ्नो मातृ भाषा, दुई विश्व समुदायका लागी अन्तराष्ट्रिय सम्पर्क भाषाको शिक्षा आवश्यक पर्दछ । त्यस्तो अवस्थामा सम्पुर्ण नेपालीहरुले खस, भाषाबाट शिक्षा लिनै पर्ने बाध्यता नहुन सक्छ । प्रत्येक मानिसले आफ्नो मातृभाषाबाट आधारभुत शिक्षा हासिल गर्ने र अन्तराष्ट्रिय सम्पर्क भाषा अंग्रेजी भाषा सिक्नु पर्ने हुन सक्छ। यस खाले समाजवादी वैज्ञानिक शिक्षाको आधार निर्माणको लागी पनि कम्तीमा आधारभुत तहसम्म प्रत्येक समुदायका वालवालिकाहरुलाई आफ्नै मातृ भाषामा शिक्षाको व्यवस्था गर्ने नीति राज्यले लिनु पर्दछ। यसरी शैक्षिक क्षेत्रमा देखिएको भाषिक एकअधिकार नीतिलाई तोडेर नयाँ शैक्षिक नीति अवलम्वन गरियो भने स्वतः भाषिक अन्तर विरोध न्यून हुँदै जान्छ र समाजवादको आधार बलियो हुँदै जान्छ। यो समाजवादी क्रान्तिको लागि तेस्रो सर्त हो।

४. **महिला मुक्ति** :

संसारमा मुस्लिम महिला पछि सबै भन्दा बढी घरेलु हिँसाको शिकार नेपाली महिलाहरु हुने गरेको तथ्याय छ। यसको मुख्य कारण हिन्दु धर्मावर्ण अनुसारको धार्मिक संस्कार द्वारा महिला अधिकार माथि लगाइएको अकुंशको कारण हो । सनातन धर्म शास्त्र अनुसार महिलालाई घर भित्रकी रानी, घरकी लक्ष्मी जस्ता उपमा दिएर चुलोचौको गर्ने घरको सिंगार, पटार गर्ने, आफ्नो पतिको स्याहार गर्ने, उसको इच्छा पुरा गर्ने जस्ता सुरा सुन्दरीको रुपमा बच्चा जन्माउने मेसिनका रुपमा प्रयोग गर्ने साधन जसरी बनाइयो यसले समाजमा महिलाहरुलाई दोस्रो दर्जाको नागरिक बन्न विवस बनाएको छ। आमाको गर्भमा नै उनीहरु हत्या हुने सम्म बाध्यता पितृ सत्तात्मक राज्य व्यवस्थाले बनाएको छ। आफ्नै रगतको खोलो वगाएर जन्माएको सन्तानलाई नागरिकता दिन अयोग्य बनाउने सम्पुर्ण चल अचल सम्पत्तिमा कानुनी हक नहुने जस्ता विभेधकारी नीतिले हाम्रो मुलुकमा महिला र पुरुष वीचको अन्तर विरोध चर्को रहेको छ । वर्तमान अवस्थामा आई पुग्दा सैद्यान्तिक रुपले यो असमानताहरुमा केही खुकुलो बनाइएको छ। छोरीले पनि पैतृक सम्पत्तिमा समान हक पाउने, बुवा नभएको अवस्थामा आमाको नामबाट पनि नागरिकता पाउने, महिलाहरुको नाममा जग्गा रजिस्ट्रेशन जस्ता केही सिमित अधिकारहरु प्रत्यायोजन गरिएता पनि व्यवहारिक र चिन्तनगत/संस्कारमा खासै तात्त्विक परिवर्तन अझै देखिएको छैन।

समाजवादी व्यवस्था यस्तो व्यवस्था हो कि नीजी सम्पत्तिको विलोपिकरण तिर अग्रसर सामाजिक व्यवसथा हो । यौन, विवाह र प्रेम जस्तो आजको बाध्यात्मक विवाह सम्बन्धको विपरीत प्रेम विवाह र यौन क्रियामा आधारित वैज्ञानिक सामाजिक व्यवस्था हो समाजवाद । त्यस कारण समाजवादमा पुग्न का लागी हाम्रो समाजमा रहेको लिङ्गीय विभेद जसलाई महिला माथिको उत्पीडन भन्ने गर्दछौं , यसको पुर्ण रुपले अन्त्य गरी ठुला ठुला राजनैतिक ,सामाजिक, वैज्ञानिक जिम्मेवारी देखि घरको चुलो चौको सम्मको साना साना काम गर्नका लागी महिला र पुरुषको साझा समान कर्तव्य हुने कुराको सुनिश्चितता गरिनु पर्दछ र कानुनी प्रकृया देखि व्यवहारिक प्रकृया सम्मका सबै काममा महिला र पुरुषको समान हकको सुनिश्चित्तता गरिनु पर्दछ। जब सम्म यसरी लिङ्गीय अन्तर विरोधको हल गरिदैन तब सम्म समाजबाद आउँदैन । समाजवादी क्रान्तिका लागी यो चौँथौ शर्त हो।

५. **क्षेत्रीय स्वायत्तता** :

नेपाल भौगोलिक विविधतायूक्त मुलुक हो । हिमाल, पहाड र तराईजस्ता विविधताले भरिएको यो देशमा केन्द्रियकृत विकास र संमृद्धिको परिकल्पना गर्नु मनोगत हुन्छ । तराईमा हिउदको सित लहर र चैत्र बैशाखको गर्मिले सबै काममा व्यापक असर गरिरहेको हुन्छ भने हिमालमा वर्षाको झरी बादल र हिउदको हिउँले असर गरिरहेको हुन्छ । सदाबहार सन्तुलित मौसम मध्य पहाडी क्षेत्रमा मात्र हुन्छ यस्तो भौगोकि र मौसमी विविधता भएको देशमा काठमाडौंको मौसम अनुसार तयार पारिएको एकिकृत क्यालेण्डरले गर्दा विकासमा असन्तुलन हुन गएको हो।

यस खाले असन्तुलनलाई चिरेर समान

विकास र सन्तुलित शासन व्यवस्था स्थापनाका लागि नेपालमा संघीयताको मुद्दा उठेको हो। काठमाडौँ ,पोखरा, बुटवल र विराटनगर नेपालगञ्जमा पढ्ने विद्यार्थी र मुगु, हुम्ला, जुम्ला, डोल्पा, मनाङ्ग र मुस्ताङ्गमा पढ्ने विद्यार्थीहरुको वीचमा चैत्र महिनामा आएर एस.ई.ई दिईन्छ । अनि हिमालका अधिकांश विद्यालय मंसिर देखि फागुन सम्म बन्द रहन्छ भने तराईमा हिउद भरी नै पढाइ हुन्छ, यस्तो अवस्थामा हिमाली क्षेत्रका विद्यार्थीहरु पास हुने सम्भावना अत्यन्तै कम हुन्छ। यस्तो अवस्थामा कसरी समान, शिक्षाको पहुँच पुग्दछ।

यस्तै विकास निर्माणको अबस्थामा पनि हिमालमा बैशाखबाट काम शुरु हुन्छ असार मसान्तमा हिसाव क्लोज हुन्छ। वर्षको तीन महिनाको कामले कसरी विकासले गति लिन्छ ? यस्तै विविधताको विचमा समान सन्तुलनका लागी हिमाली भेगमा छुट्टै प्रदेशको माग उठेको थियो, कर्णालीमा छुट्टै प्रदेश को माग उठको थियो र तराईमा छुट्टै माग उठेको थियो । यी मागहरु सन्तुलित विकास र समाजवादी व्यवस्थामा संक्रमणका लागि सही थियो । किन कि यसो गर्दा सम्वन्धीत प्रदेशहरुले आधारभुत तह सम्मको शैक्षिक क्यालेण्डरर प्रादेशिक आर्थिक वर्षको क्यालेण्डर आफ्नो भौगोलिक र मौसम अनुकुलतामा बनाउथ्यो र सन्तुलित विकासले गति लिन्थ्यो। तर काठमाडौँ खाल्डोबाट केन्द्रिय शासन गरेर एकाधिकार हैकम जमाउदै आएका सामन्तवादी चेतनाले ग्रसित दलका नेतृत्वहरुको गलत नियतले आज नेपालको संघीयता नाम मात्रको संघीयता बन्न पुगेको छ । यो सात प्रदेश को संघीय संरचनाले नत : ऐतिहासिक मानव पहिचनलाई सम्वोधन गरेको छ नत भौगोलिक र मौसमी विविधतालाई सम्बोधन गरेको छ । अतः आजको यो संघीय संरचनाले समाजवादी क्रान्तिमा जानका लागि त्यति सहयोग गर्न सक्दैन । उदाहरणको लागि समाजवादी व्यवस्थाको एउटा आधार आधुनिक कृषि क्रान्ति हो। यो कृषि क्रान्ति नेपालको तराई भु-भागमा उपयुक्त हुन्छ भने कर्णालीका अधिकांश सुख्खा डाँडापाखा मा कसरी कृषि क्रान्ति हुन्छ ? त्यहाँ त अन्य व्यवसाय गर्नु पर्दछ। डोल्पामा कृषि क्रान्ति होइन यार्षा गुमवाको व्यवसायीकरण र पर्यटन प्रवर्द्वन गरेर फरक खालको क्रान्ति आवश्यक पर्दछ । पहाडी भु-भागमा विभिन्न खाले फलफुल, जडिवुटी र खनिजहरुको सही उत्खनन र संरक्षणबाट त्यहाँको आर्थिक संमृद्धि ल्याउनु पर्दछ। त्यसकारण नेपालमा साँच्चैको समाजवादी क्रान्ति सम्पन्न गर्ने र समाजवादी राज्य व्यवस्था सञ्चालन गर्ने हो भने कम्तीमा पनि ऐतिहासिक मानव पहिचान भौगोलिक विविधता र मौसमी अनुकुलतालाई आधार बनाएर संघीय प्रदेशहरुको संरचना विकास गरिनु पर्दछ। नेपाल जस्तो भौगोलिक विकटता भएको देशमा संघीय एकाई बनाउँदा र वजेट विनियोजन गर्दा जनसंख्यालाई आधार बनाइयो भने त्यो संघीय संरचना फेल हुन्छ। भुगोल लाई मुख्य आधार बनाई साना साना तर धेरै संघीय प्रदेशहरु बनाएर मात्र नेपालको सन्तुलित विकास सम्भव छ। यो समाजवादी क्रान्तिको पाँचौ आधारभूत सर्त हो।

**६ वर्गिय मुक्तिः**

नेपालमा सर्वहारा वर्ग नगन्य मात्रमा रहेतापनि बहुसंख्यक मानिसहरु किसान मजदुर वर्गमा पर्दछन्। गरिब, निम्न किसान, मध्यम किसान ,औधोगिक मजदुर, मौसमी मजदुर (ज्याला मजदुरी गर्ने मानिस) र आदी मानिसहरुको संख्या ८० प्रतिशत भन्दा माथि छ भने उनीहरुले नेपालको सन्दर्भमा सर्वहारा अर्थात गरिब वर्गको प्रतिनिधित्व गर्दछन। भने धनि किसान, सामन्त जमिन्दार दलाल वर्गहरु १०-१५ प्रतिशत को संख्यामा छन उनीहरुले पुँजिपति तथा धनि वर्गको प्रतिनिधित्व गर्दछन। आज को दिन सम्म राज्य सत्ता सञ्चालनको साँचो तिनै दलाल पुँजिपति वर्गको हातमा छ र १०/१५ प्रतिशत दलाल नोकर शाही पुँजिपति वर्गका प्रतिनिधिहरुले ८०प्रतिशत गरिब वर्ग माथि शासन गरिरहेका छन्। देशमा संसदीय प्रजातन्त्र, लोकतन्त्र र लोकतान्त्रिक गणतन्त्र आयो केही गरिबवर्गका प्रतिनिधि पात्रहरु पनि निति निर्माण तहमा पुगे तर १०/१५ प्रतिशत दलाल नोकरशाही पुँजिपति वर्गले साम दाम र दण्ड भेदको नीतिद्वारा उनीहरुलाई किनेर राता रात नवदलालहरु जन्मिने क्रम शुरु भयो र आज सम्म जारी छ। यसरी अर्ध विकसित तथा विकास उन्मुख सामाजिक परिवेशले पैदा गर्ने निम्न पुँजिवादी चिन्तनका नेताहरुलाई उपयोग गरेर दलाल नोकरशाही पुँजिपति वर्गले आफ्नो एकलौटी हैकम कायम राखेको अवस्था छ । ती दलाल वर्गले आफ्नो आयू लम्ब्याउनका लागी कठित आर्थिक उदारीकरण र निजीकरणको नीति मार्फत मुलुकलाई झन पछि झन आर्थिक संकटमा फसाँउदै लगेको छ। शिक्षा स्वास्थ्य जस्तो नागरिकको जन्म सिद्ध अधिकारमै निजिकरण गरी खुले आम वैधानिक व्यापार गरिरहेको छन। यस्तो नागरिकको अधिकार कुन्ठीत गर्ने व्यापार नीतिलाई वैधानिकता दिने निकाय नै दलाल वर्गको कब्जामा रहेकोले ब्यापक असमानता राज्यबाटै जन्मेको छ। राज्यको यस्तो खाले नीतिले धनिलाई झन धनि र गरिबलाई झन गरिब बनाई रहेको छ।

समाजवादी व्यवस्थामा गास, बास, शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता आधारभूत नागरिक अधिकार राज्यको नीतिमै मौलिक हकका रुपमा स्थापित हुन्छ भने व्यवहारमा पुर्णतः लागु गरिएको हुन्छ । यी पाँचवटा चिज नागरिकको आधारभूत आवश्यकता हो । यीनैको अभावमा मानिसहरु संसार भरि भौतारिनु

पर्दछ। त्यसैले यी सबै समस्याको समाधान समाजवादी व्यवस्थामा हुने भएकोले नेपालका कम्युनिष्ट नेतृत्वहरुले आजैबाट सोही अनुसारको व्यवहार अपनाउन जरुरी छ। कम्युनिष्ट आन्दोलनको ७० वर्ष लामो संघर्षबाट पनि खास कम्युन्ष्टि समाजवाद आउन नसक्नुका पछाडी कम्यनिष्ट पार्टीमा समेत नव दलाल वर्गले बर्चस्व कामय गर्नु हो। अत : कम्यूनिष्ट पार्टीलाई साँच्चैको गरिब किसान मजदुर वर्गको अगुवा दस्ता बनाउनका लागि कम्युनिष्ट पार्टी भित्र नै सम्पत्ति सुद्धिकरण अभियान चलाउनु पर्दछ। कम्यूनिष्ट पार्टी भित्रका श्रम चोर नव दलाल वर्गलाई परास्त नगरी समाजवादमा पुग्न संभव छैन समाजवादी व्यवस्था किसान मजदुरहरुको नेतृत्वमा गठन हुने व्यवस्था हो दलाल नोकरशाही पुँजिपति वर्गलाई कारगार चलान गरेर सम्पुर्ण विभेदकारी कानुनको ठेली जलाएर नितान्त नयाँ समाज सबै भन्दा विपन्न वर्गको हित र समृद्धिको लागी समानतामा आधारित राष्ट्रिय नीति बनाएर अगाडी बढ्ने स्वर्णिम युग हो समाजवाद। नेपाल जस्तो मुलुकमा दलाल नोकर शाही पुँजिपति वर्ग र सर्वहारा श्रमजिवी वर्गले एउटै मैदानमा प्रतिस्पर्दा गर्ने कानुनले समाजवाद आँउदैन। दलाल, नोकरशाही पुँजिपति वर्ग तथा राष्ट्रघाती देश द्रोहीहरुलाई प्रतिबन्द लगाएर देशभक्त, जनवादी शक्ति किसान मजदुरहरुको वीचमा प्रतिसपर्धा गरेर निस्वार्थ रुपले सुन्दर र समृद्ध समान, राजनीतिक, आर्थिक र सामाजिक रुपले समानतामा आधारित सर्बहारा वर्गिय राज्य व्यवस्था हो समाजवाद। यो समाजवादी क्रान्ति को लागि छैटौं तथा अन्तिम सर्त हो।

यी माथिका छ वटा सर्तहरु आधारभूत रुपले पुरा नगर्दा सम्म नेपालमा समाजवादी व्यवस्थाको परिकल्पना गर्न सकिदैन। कम्यूनिष्ट वा गैर कम्यूनिष्ट किन नहोस यो सर्तमा सहमत नहुने व्यक्ति संस्था र नेता समाजवादका हकदार हुन सक्दैन। समाजवाद भाषण गरेर र थेसिस लेखेर आउँदैन। महान नेता कार्ल माक्सेले भने झै संसार बदल्ने सर्वहारा वर्गले सर्वप्रथम आफुलाई बदल्न जरुरी छ। नेपालका समाजवाद स्थापना गर्न चाहीने संस्था र नेताहरुले आजको दलदल बाट निस्केर पुर्ण रुपले आफुलाई व्यवहारमा बदल्न नसक्दा सम्म समाजवाद फगत नारामा सिमित हुने निश्चित छ तसर्थ आम नव युवाहरुले अबको समाजवादी क्रान्तिको नेतृत्व गर्नु पर्दछ र पुर्ण रुपले आफुलाई माझेर समाजको कालो मैलो पखाल्नु पर्दछ। यो युवाहरुको युगिन जिम्मेवारी हो।

लेखकः नेपाल मगर संघको केन्द्रीय सदस्य तथा ५ नं. प्रदेश इन्चार्ज हुनुहुन्छ।


हार्दिक शुभकामना

"ओफेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !


**गोपाल बहादुर क्षेत्री**
वडा अध्यक्ष
**विनयी त्रिवेणी गाउँपालिका**
वडा नं. ७

हार्दिक शुभकामना

"ओफेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**पूतम बहादुर गुरुङ्ग**
वडा अध्यक्ष
**विनयी त्रिवेणी गाउँपालिका**
वडा नं. ६

# गन्तव्य होमस्टे



तिलकप्रसाद पुन 'पुर्जा'

यो याम घुमफिरको हो । गाउँघरको किसानहरु अनाज थन्क्याउने चटारोमा भएपनि शहरीयाहरु भने केही फुर्सद निकालेर डाडाकाँडा र गाउँ वस्ती चाहार्न खोज्छन् । हिजोसम्म विदेशीलाई मात्र पर्यटक भन्ने गरिन्थ्यो । समय क्रममा यो मानिसकतामा समेत व्यापक उथलपुथल हुँदै आएको छ । हिजो नेपालीहरु लामो दुरीको पदयात्रमा निस्कदा बाँस पाउन समेत कठिन हुन्थ्यो । होटेलवालाहरु भरि सक्यै विदेशी पर्यटकलाई आफ्ना होटेलमा बाँस दिन मरिहत्ते गर्थे । यसरी नेपालीलाई आन्तरिक पर्यटकको रुपमा मान्यता दिन हिचकिचाउने प्रचलन नै थियो ।

नेपालमा सन् १९९८ देखि सरकारले नै भ्रमण वर्षको घोषणा गरेसँगै विदेशी पर्यटकहरुको ओईरो लाग्न थालेको हो । अझ सन् २०२० सम्ममा २० लाख पर्यटक भित्र्याउने सरकारको लक्ष्यसँगै पूर्वतैयारी समेत हुँदैछ । शहर होस् वा गाउँ ? सुगम होस वा विकट नेपालीहरुमा समेत घुम्ने, हाइकिङ र ट्रेकिङ गर्ने भनेपछि एक किसिमको कल्चर नै विकास भइसकेको देखिन्छ । होटेलवालाहरु समेत विदेशीले भन्दा नेपालीले नै मनमर्जीसाथ पैसा खर्च गरेको बताउँछन् । यति हो "नेपालीहरु अलि बढी हल्ला गर्छन्" उनीहरुको ठहर छ ।

भर्खरै नेपालीहरुका महान् चाड दशैं तिहार विदावरी भइसकेको छ । त्यसैले शहरीयाहरु जोडी वा समूह बनाई छोटो या लामा दूरीको पदयात्रामा निस्कने गरेका छन् । यस बीचमा धार्मिक, सांस्कृतिक स्थलहरुको दर्शन गर्न पनि छुटाउन चाहन्नन् ।

अधिकांश आन्तरिक तथा वाह्य पर्यटनका आआफ्ना अभिरुचीका पाटा हुन्छन् । कोही भूगोल, वनस्पति , जीवजन्तु, चराचुरुङ्गी , वीउ वीजन सम्बन्ध विशेष अध्ययन अनुसन्धान गर्न चाहन्छन् । कोही भने सशस्त्र जनयुद्ध कालको उद्गम स्थलमा समेत पुगेर द्वन्द्वकालीन समयको अध्ययन अनुसन्धान सुक्ष्म रुपले गर्न उद्यत हुन्छन् । त्यस्तै कोही नियात्रा लेख्ने उद्देश्यका साथ यायावर बनेका हुन्छन् । कुची र रङसँग खेल्न चाहाने कलाकारहरु भने स्थलगत कला कार्यशालामा लिप्त हुँदै त्यहाँको ग्रामीण जीवनशैली र प्रकृतिका सुन्दर अवयवहरुलाई दुरुस्त क्यानभासमा उर्ताछन् । यसरी पर्यटन क्षेत्रमा नयाँनयाँ विधाहरु थप हुँदैछन् । अचेल साहसिक पर्यटन र पर्या– पर्यटनको लहर पनि उत्तिकै चलन चल्तीको शब्दावली भइसकेको छ ।

घुम्नको लागि उपयुक्त मौसम पनि असोज, कार्तिक, मंसीर नै हो । स्वदेश भित्र घुम्ने मामिलामा राजधानीवासीहरु अग्रिम पंक्तिमा पर्दछन् । यिनै कुरालाई मध्यनजर राख्दै अचेल गाउँ–ठाउँमा समेत उधुमका साथ घरबाँस (होमस्टे )को लहर चलिरहेको छ ।

विशेष गरी शनिवारको दिन कार्यालय व्यवासाय पनि बन्द हुने हुनाले नजिकैको गाउँघरमा गएर एक रात भए पनि बाँस बस्ने चलन नै आइसकेको छ । शहरीया कोलाहल, प्रदुषण, उकुसमुकुसको वातावरण र तनावबाट भुक्त भएर प्रकृतिको हरियाली स्वच्छ परिवेशमा रम्न पाउँदा उनीहरु रिफ्रेश हुन्छन्, स्वर्गीय आन्नदको अनुभूती गर्दछन् ।

यसरी गाउँघरमा समेत होमस्टे सञ्चालित भएपनि त्यहाँ बाँस बस्ने आउने पाहुनाहरु ह्वात्तै बढेका छन् । नयाँ ठाउँ, स्वच्छ हावापानी, रैथाने कला, सीप, संस्कृति देखेर पाहुनाहरु प्रफुल्ल हुन्छन् । गाम्लेका आतिथ्य संस्कार देखेर हुनसम्मको लुब्ध भएर फर्कन्छन् । आपसी अन्तरकृयाले अनुभूति आदान–प्रदान हुन्छ । मित्रता कायम हुन्छ । मन प्रफुल्ल भयो भने सकारात्मक सोंच पलाउँछ , उर्जा प्राप्ति हुन्छ । गाउँघरमै खेर गएका स्थानीय उत्पादन , सीपहरुका सदुपयोगबाट आय आर्जनमा वृद्धि हुन्छ ।

गण्डकी प्रदेश सरकारले त ३ सय वटा गाउँघरमा घरबाँसको कार्यक्रम नै सञ्चालन गरिरहेको छ । प्रत्येक सामुदायिक होमस्टेलाई १० लाखसम्म अनुदान प्रदान गर्ने व्यवस्था गरेको छ । यससँगै पर्यटनसँग सम्बन्धित संघ संस्था र विशेष गरी ग्रामीण पर्यटन प्रवर्धन मञ्च (भिटोफ)ले त आवश्यक तालीम, होमस्टे मार्ट र अवलोकन भ्रमणको चाँजोपाँजो समेत मिलाउँदै आएको छ । सन् १९६७ मा होमस्टे सम्बन्धि सरकारले आवश्यक नीति तर्जुमा गरेपछि नै यसरी होमस्टे प्रचार–प्रसार र पर्यटनमा टेवा पुगेको हो ।

यहाँ केही गाउँ–ठाउँका होमस्टे सम्बन्धि संक्षिप्तमा चर्चा एंव सूचना प्रवाह गर्ने जमर्को गरिएको छ । आगामी अंकहरुमा अझ विस्तृत रुपले वर्णन गरिने छ । यसबाट होमस्टेमा पनि जान चाहनेहरुका निम्ति धेरथोर सघाउने पुऱ्याउनेछ ।

**पसलाङ होमस्टेः**



वीर गोरखाली भन्नासाथ वीरता प्रदर्शन गरेर अन्तर्राष्ट्रिय जगतमा ख्याली आर्जन गरेका, उसो त विशाल नेपालका राष्ट्र निर्माता पृथ्वीनारायण शाहका दरबार भएको ठाउँ नै गोरखा डाँडाको थाप्लोमा गोरखा दरबार र छेवैमा गोरखकाली मन्दिर समेत छ। २०७२ सालको भूकम्पले क्षति पुऱ्याएपछि गोरखा दरबारको पुननिर्मण अन्तिम चरणमा छ। दरबार परिसदबाट दरौदी नदी र हिमालको लर्कन आँखा नझिम्काइकन हेरिरहुँ भै लाग्छ।

गोरखा बजारको बसपार्कबाट पश्चिममा अवस्थित नजिकै को मगर गाउँ हो पसलाङ। त्यहीबाट अन्नपूर्ण, बुद्ध र मनास्लु हिमाललाई दुई आँखाले जति तन्तनि पिए पनि हुन्छ। गाउँ मुन्तिर दरौदी फाँट देखिन्छ। हिउँदमा तल फाँट हुस्सुको च्यादरले गम्लङ्ग ढाके पनि पसलाङ भने उज्याले मुहारमा चक्केको हुन्छ। चोबिसे राज्यकालमा राजा रजौटा भेला गर्ने ठाउँ, द्रव्य शाह चौतारा गाउँ प्रदेश गर्नु अगावै नै देखा पर्छ। चौतारादेखि गोरखकाली मन्दिरसम्म लिगलिग दौड दौडाइन्छ। गाउँ वरपर नामरुन र पश्चिमकालिन मन्दिर छन्।

गाम्लेहरु मेहनती र फरासिला छन्। धान, कोदो, मकै र मौसमा बमोजिमका तरकारी उत्पादन हुन्छ। घर छेवैको बारीमा प्रचुर मात्रामा नास्पाती फल्ने गरेता पनि त्यतिकै खेर जान्छ। त्यसको बजारीकरण गर्न सके आय आर्जनमा वृद्धि हुने थियो।

२०७२ वैशाख १२ गतेको भूकम्पले केही घर भत्के लगतै नयाँ बनेका घरहरु पक्की छन्। गाउँकै बीचमा सामुदायिक भवन समेत निर्मित छ। आएका पाहुनाहरुलाई त्यही लगेर सोरठी, कौरा प्रदर्शन गर्दै स्वागत गरिन्छ। गोरखा उद्योग वाणिज्य संघको सहयोगमा २०७० असार देखि १२ घरमा होमस्टे शुरु गरिएको हो। गोरखा बजारबाट २.५ कि.मी.को दुरीमा छ पसलाङ। गाउँमै सवारी साधन पुग्दा हिडेर जाँदा २५ मिनेट जति। पसलाङ होमस्टे व्यवस्थापन समितिमा मन ब. राना मगर र लोक बहादुर थापा मगर सम्पर्क गर्न सकिन्छ।

**विमलनगर सामुदायिक होमस्टेः**



तनहूँको विमलनगर कुनै समयको प्रमुख व्यापारिक केन्द्र पोखराका व्यापारीहरु समेत किनमेल गर्न यही आउथे। काठमाडौं पोखरा पृथ्वी राजमार्ग खुलेपछि यसको शान ओरालो लाग्न थाल्यो। अझ डुम्रे वेशी शहर सडक निर्माण पश्चात त नाम नै गुमनाम हुन पुग्यो। नजिकैको डुम्रे जति चम्किन उति विमलनगर धमिलो बन्दै गयो। यसको पुरानो नाम चाहि विम्लिङटार हो। मोटर बाटो खुल्नु अघि यहाँका रैथाने मगरहरु हुन्। उनीहरु वन्दिपुरबाट खेतीपाति गर्न तल झर्थे। रातको समयमा जुजकीरीको पिल्पिलले टारको खेतमा सारा गरा उज्यालो पार्ने हुनाले मगर भाषामा विम्लिङटार भनिएको हो।

जब मोटर बाटो खुल्यो तब व्यापार गर्न भनी एकैचोटी २५ घर नेवार आए। व्यापारबाट नेवारहरुले प्रगति गरे मगरहरु जहाँका त्यही। डुम्रेदेखि लमजुङ्गको वेशी शहरसम्म मोटर बाटो खुलेपछि त यहाँको व्यापार घट्न थाल्यो। सँगै नेवारहरु समेत पलायन हुन थाले।

विमलनगरको पुरानो साक फर्काउन अचेल मगरहरुले नयाँ जुक्ति निकालेका छन्। सहकारी, कृषि, पशुफार्मको साथै पर्या-पर्यटनमा समेत एकजुट भएर अघि बढेका छन्। यस क्रममा २०७४ साउनबाट सामाजिक अभियना सीता थापामगरको अध्याक्षतमा समिति गठन गरेर ११ घरमा होमस्टे सञ्चालन गरेका छन्। सडकका दयाँबायाँ लहैर सालका काठपातका झ्याल, ढोका, बन्दिपुरे स्लेटले छाइएका छानो सहितका पुराना घर देख्ना साथ मन आकर्षित भएर छाड्छ जोकोहीका निम्ति पनि।

नजिकै मर्स्याङदी नदी आफ्नो लय र तालमा सुसाउँदै बहन्छ। मर्स्याङदीकै असल, बुदुना र सहर माछा होमस्टेमा पाइन्छ। वस्तीका दक्षिणतर्फ बाटोमा चनपहरा छ। जहाँ एक रक कलाइम्विङ समेत गराइन्छ। त्यस्तै पश्चिमतर्फ केही उकालो लाग्नासाथ दक्षिण एशियाको ठूलो सिद्ध गुफा अवस्थित छ।

होमस्टेमा आउने पाहुनालाई स्वागतका साथ साँझ चुड्का प्रदर्शन गरिन्छ। पाहुनालाई समेत हात समातेर नचाइन्छ। मगर परिकारमा लठ्ठ पारिन्छ। होमस्टेमा रैथाने प्रजातिको चामलको भात, निउरो, कुरीलो, सिल्टुङ, मकै, भटमास, गुन्द्रक, ढिडो, लोकल कुखुराको मासु खान पाउँदा पेट अघाए पनि मन कदापि अघाउँदैन।

सस्तो छ होमस्टेमा बास बस्न। दुई छाक खाजा लोकल खसी बेलुका मासु भात र सुतेको जम्मा ८ सय पचास रुपैयाँ मात्र प्रति व्यक्ति। समूहमा जाँदा नाच समेत हेर्न पाइन्छ। स्वेच्छाले फूल लाइदिइदिए पुग्छ। यहाँ अध्यक्ष सीता थापा मगर, सचिव शर्मिला आले मगर र कोषाध्यक्ष ववित थापा मगरलाई सम्पर्क गर्न सकिन्छ।

**कालावाङ सामुदायिक होमस्टे**

नेपथ्य ब्याण्डका चर्चित लोक पप गायक अमृत गुरुङको पुर्ख्यौली घर कालावाङ घरेडी, पोखरा महानगरपालिका २५ मा



पर्ने त्यहाँ गुरु ङ, ब्राह्मण र दलितका घरमा होमस्टे छन् । गाउँ माथि चक्के हाल्ने डाँडा छ त्यहीबाट फेवाताल पोखरा उपत्यका र सेतामे हिमालका लर्कन देख्ना साथ आगन्तुकहरु हर्षले पुलकित हुन्छन् ।

खाँटी ग्रामीण जीवनशैली छ त्यहाँ । गाउँमै तीनबाट शीवालय र एउटा गुम्बा छन् । २०७१ चैत देखि १८ घरमा होमस्टेको सुरुवात गरेका छन् । मध्यतिर आइपुग्दा उनीहरुमा नैरास्यता छायो । परन्तु एशियन फोरम जस्ता संस्था र संचार माध्यमको सहयोगले उनीहरुमा हौसला थप भयो । अचेल अग्रिम बुक गरेर बास पाउन सकिन्छ । पर्यटकीय हिसाबले पोखरा नजिकैको सराङकोट चम्किदो छ । हो, त्यसको विकल्पमा गाम्लेले कालावाड घरेडीलाई उभ्याउन कमर कसेर लागी परेका छन् । पोखरादेखि नजिकैको गन्तव्य भएर पनि त्यहाँ यसरी पाहुना ओर्लिएका हुन् ।

पोखराको विरौटाबाट ८ किलोमिटरका दुरीमा स्याङजा जाने बाटोमा तिलाहार । तिलाहारबाट सिद्धार्थ राजमार्ग छाडेर २.५ किलोमिटर उकाले लाग्नसाथ गाँउ पुग्न सकिन्छ । पोखराको पृथ्वीचोकबाट पुम्दी भुम्दी जाने सार्वजनिक यातायात बस चढेर पनि पुग्न सकिन्छ । कालावाङ सामुदायिक होमस्टेमा प्रकाश गुरुङ्ग र रविन्द्र गुरूङ्गलाई सम्पर्क गर्न सकिन्छ ।

**तालिब्राङ**

समुहका नाइकेले प्रस्ताव राख्न साथ सहमति जुटि हाल्ने । जुन विश्वास र एकताको प्रतिक हो । त्यसैमा ताली पिटेर समर्थन जनाउनाले कालान्तरमा गाउँको नाम नैं तालिब्राङ रहन गएको रे । कति मिथो कथन । जुन कथनमा पूरापूर सत्यता छ ।

४२ घरघुरी रहेका गाउँमा १० घर व्राह्मण र एक घर नेपाली थरका । बाँकी सबै गुरुङका घ्याब्रे गुरुङ हुन् उनीहरु । त्यसैले लसुन, कुखुरा र भैंसी खादैंनन् । बारी र खेत जहाँकही हरामरा देख्दा उनीहरुका जाँगरलाई सहजै पारख गर्न सकिन्छ । ढुङ्गे घर , ढुङ्गाकै आँगन । बार्दलीका छानामाथी लहरै मौरीका घार । टुँडालमा मकैंका भुट्टा-भुट्टा । गोठमा टन्नै लैना भैंसी । अनि त मह र गोरसको छेलोखेलो । खोरभरी हाँसका वथान । यी वर्णन सुन्नासाथ कतै तपाईका मन अधैर्य त



बनेनन् ? नबनुन पनि कसरी ? अझ उनीहरुका वाककला र बेलीबचनले त तपाईलाई छाडन मनले नैं दिदैन तालिब्राङलाई ।

कास्कीको अनपूर्ण गा.पा. ४ मा अवस्थित तालिब्राङ पञ्चासे जाने बाटैमा पर्दछ । पोखरा बाग्लुङ भूपि शेरचन राजमार्गको लुम्ले पुग्न वरै सल्यान चोकबाट पश्चिमतर्फ आधा घन्टामै सवारी साधनमा पुग्न सकिन्छ । बाटो कच्ची भए पनि ढुङ्गा गाडेर सहज बनाएको छ । पोखरामा हप्हपी हुँदा समेत यहाँको मौसम शीतल हुन्छ ।

गाउँमै समाजसेवी मिन ब. गुरुङ्गको परम्परागत गोलो घुमाउरो घर समेत छ । १९९० सालको भुकम्पले समेत क्षति पुऱ्याउन नसकेको । उनी भर्ती हुन गएनन् । बरु २७ वर्ष वडा सदस्य भएर जनसेवा गरे । सात दशक पार गर्दा समेत जाने हुटहुटीमा कुनै कमी आएको छैन । चिजकाजी गुरुङ समेत बहत्तर टेके । निङ्लाबाट डोको, कोठो, डालो, स्यांगु वुनेर दिन काट्छन् । पाहुनाले किनेर कोसेलीका रुपमा लान सक्छन् ।

तारादेवी गुरुङ, तमु ह्यूला सामुदायीक होमस्टे, तालिब्राङको अध्ययन हुन् । ०७१ सालबाट १५ घरमा होमस्टे चलाएका छन् । गाउँमै गुरुङ संग्रहालय समेत छ । परको पञ्चासे डाँडाको काखबाट छदरी छहरा खसेको प्रस्टै देखिन्छ । एकै दिनमा वादल उड्दै आए पनि गाउँलाई भने ढाक्दैन । गाउँ पुग्न वरैको बाटोमास्तिरको डाँडामा भ्यू टावर बनाउने लक्ष्य छ । सहयोगीको खोजीमा छन् । जहाँबाट हिमाल देख्न सकिन्छ ।

गाउँको विकासमा माछापुच्छ्रे विकास संघ, हरियो वन कार्यक्रम र भिटोफ संस्थाले सक्दो सहयोग पुऱ्याएका छन् । यहाँबाट अढाई घण्टामा पदयात्रामा पञ्चासे पुग्न सकिन्छ । फर्कदा नारेपा र बाक्लो मोही समेत ल्याउन सकिन्छ । तमु ह्यूला सामुदायिक होमस्टे, तालिब्राङका अध्यक्ष तारादेवी गुरुङ्ग र मिन बहादुर गुरूङलाई सम्पर्क गर्न सकिन्छ ।

**ताङतिङ सामुदायिक होमस्टे**



कास्कीको पूर्वउत्तरमा अवस्थित छ, ताङतिङ गाउँ । जहाँ गुरुङका २ सय घर धुरी छन् । आँखै सम्मखु टाँसिन आइपुग्छ अन्न राख्ने भकारी जस्तै सेताम्मे अन्नपूर्ण हिमाल पश्चिम पट्टि पारिको पाखामा भुरुप्पको बस्ती सिक्लेस । सिक्लेस र ताङतिङलाई मितेरी लाइदिए नि कत्ति फरक नपर्ने ।

भुरुप्पको वस्तीमा ढुङ्गे घर, ढुङ्गा नै आँगन । बाँसबाट घरायसी प्रयोजनका सामग्री बुन्नमा मरी हत्ते गर्दछन् अझै पनि बुढ्यौली उमेरहरु हिमालबाट वहने चिसो सिरेटोले गालामै म्वाइँ खाइदिन्छन् पाहुनाका । ठण्डीले जति खाएपनि पची हाल्ने आधा घण्टा चढे

नौजु डाँडा भ्यु प्वाइण्टमा पुगिन्छ। गाउँमा नौचु पैगी लामा महायान बौद्ध गुम्वा समेत छ। गुरुङका २० घरमा ०३७ सालतिर होमस्टे शुरुवात भएको हो। बाह्रमासे घाँटु र सोरठी अवलोकन गर्न सकिन्छ। कास्कीको माडी गाउँपालिकाको २ नं. वडा हो यो। सामुन्द्रिक सतहदेखि १६८५ मिटर उचाईमा अवस्थित छ यो। यहाँ पशमाया गुरूङ्ग र प्रकाश गुरूङ्गलाई सम्पर्क गर्न सकिन्छ।

**दुम्सी दरै**



तनहुँको व्यास नगरपालिका १० दुम्सी दरै गाउँ। आफ्नो संस्कृतिमा रमिरहेका दरैको ४६ घर मध्ये २०७३ माघदेखि ६ घरमा होमस्टे सुविधा छ। गाउँबाट मादी नदीको सुन्दर दृश्य, छाँगा वाराही सिद्ध गुफा घुम्न सकिन्छ। पाहुनालाई घाँटु, चुड्का, झ्याउरे, सहरा र फूलपाति नाच देखाइन्छ। दरै जातिहरु जाँडलाई मद भन्छन्। दरै मद र दरै पुलाउको स्वाद चाख्ना साथ पाहुना मख्खै पर्छन्। मादीको डुबुल्की मार्दै माछा मार्न समेत सकिन्छ। दमौलीबाट भोर्लेटार पनि बस चढेर २० मिनेटमै होमस्टे पुग्न सकिन्छ। यहाँ दुम्सी दरै नमूना ग्राम सामुदायिक होमस्टे, तनहूँमा अध्यक्ष आशा दरै र सोम बहादुर दरैलाई सम्पर्क गर्न सकिन्छ।

**घलेल होमस्टे**

कास्कीको माछापुच्छ्रे गा.पा ८ मा पर्ने घलेल गाउँको लुम्रे मास्तिर कुदी खोलामा क्यानोनिङ गराइन्छ। घलेल मुनि मर्दी खोलामा असला माछा प्रख्यात छ। घलेल गाउँमा १० वर्ष अघिदेखि होमस्टे सुविधा छ। गुरुङ समुदाय मिजासिला छन्। मर्दी हिमालको पद मार्गमा पर्दछ घलेल गाउँ।



मर्दी, माछापुच्छ्रे र अन्नपूर्णसँग लुकामारी गर्न सकिन्छ। पोखरा घलेल दुरी १९ कि.मी. हो। होमस्टेबाट जीप छुट्छन्। घलेल सामुदायिक होमस्टेमा राम ब. गुरुङ र शान्ति गुरुङलाई सम्पर्क गर्न सकिन्छ।

**नाम्जे होमस्टे**

धनकुटाको नाम्जे गाउँ अमेरिकी समाचार संस्था सिएनएनले केही वर्ष अघि विश्वले घुम्नै पर्ने १२ वटा गाउँको सूचीमा राखेपछि चर्चामा आएको हो। मगरका १९ वटा घरमा होमस्टे व्यवस्था छ। मगर संस्कृति हुर्रा नाचमा सामुदायिक भवनमा रम्न सकिन्छ। मगर खानपिन आत्मा बस्ने घर यहाँका विशेषता हुन्। गाउँको उत्पदान सबै अर्गानिक हो। दिनमा १२ पटक यहाँका



मौसम वदली हुन्छ। दिनभरमै कताबाट हुस्सु उठेर आइ नजिकैको वस्तु समेत दखिदैन। छिन भरमै फेरी घामको चहकले मन नै चञ्चल बनाइदिन्छ। धरानबाट भेडेटार हुँदै २१ कि.मी. को यात्रा पछि नाम्जे पुग्न सकिन्छ। यहाँ अनिल कुमार रानासंग सम्पर्क गर्न सकिन्छ।

**कुशाहा होमस्टे**

पूर्वको कोशी गा.पा.को ३ नं. वडा हो कुशाहा। नजिकै कोशी टप्पु वन्यजन्तु आरक्ष क्षेत्र भएकाले देशीविदेशी पर्यटकहरु विशेषतः अरना जंगली भैसी र विविध प्रजातिका पन्छी अवलोकन, अध्ययन, अनुसन्धान गर्न आईपुग्ने गर्छन। सुविधायुक्त होटलहरुलाई मंहगो बसाई हुने हुनाले गाउँमै होमस्टे सञ्चालन भएपछि पर्यटकहरुलाई सस्तो खानपीन र बसोवास मा सघाउ पुगेको छ।

कुशाहामा मगर, कार्की, महेता (मधेशी ) मण्डल, सिंह, सरदार (मधेशी कामी) का



घरमा होमस्टेको व्यवस्था छ। दिनभर कोशी वन्यजन्तु आरक्ष क्षेत्रमा सफारी गरेर वेलुकी बास बस्न आउँदा कोशी नदीको माछाको स्वादमा जिब्रो लठ्ठिन्छ। त्यस्तै सिंगाडा, गंगाटा, गुन्द्रक, तामा जस्ता रैथाने स्वाद समेत लिन सकिन्छ।

इटहरी कोशी ब्यारेजको बीचमा महेन्द्र राजमार्गको छेवैमा छ नारचोक। नारचोकबाट अटो रिक्साले २.५ कि.मी. उत्तर पश्चिममा लगेपछि कोशी टप्पु वन्यजन्तु आरक्षको प्रवेशद्वारमै पुऱ्याउँछ। त्यसको नजिकै पूर्वको गाउँ नै कुशाहा हो। यहाँ वुनु मगरसँग सम्पर्क गर्न सकिन्छ।

**माझिकुनाको सन्तोष होमस्टे**

पोखरा उपत्यकाको फेवाताल पछि



दोस्रो र तेस्रो ठूलो ताल हो वेगनास र रुपाताल। वेगनासको उत्तर पूर्वको ताल किनारमै अवस्थित छ माझिकुना। कुनै

समय गौचरन थियो यो ठाउँ। अचेल वग्रेल्ती होटल, रेष्टुराहरु खुलेका छन्। पोलेको माछा खानलाई मानिसहरु ओइरिने गरेको छन् । त्यसैलाई मध्यनजर राखी इन्द्र तिवारीले ७ वर्ष अघिदेखि होमस्टे सञ्चालन गरेका छन्। उनी रुपाताल पुनःस्थापना कृषि सहकारीको सदस्य समेत हुन्। शेयर सदस्यहरु ८ सय जति पुगेका छन्। शुरुमा २५ हजारको शेयरमा हाल ५ हजार थप गरी ३० हजार पऱ्याएका छन्। समूहले वर्षेनी ५ हजार लाभाश समेत वितरण गर्दछन् । उनले होमस्टेमा आउने पाहुनालाई रुपातालकै ताजा माछा स्थानीय जेठो बुढो (पोख्रेली भिनुवा) को भात, बारीकै अर्गानिक सागसब्जी, फलफूल खुवाउँछन्। होमस्टेबाट वेगनास डाँडा र पूरैताललाई एकै नजरमा देख्ने सकिन्छ।

सुन्दरी डाँडाबाट मुन्तिरको बस्ती नै माझकुना हो । वेगनास भोर्लेटार खुल्नु अघि सुन्दरी डाँडाका पदयात्रा गरेका थिए बेलायती युवराज चार्ल्सले । त्यसैले रोयल ट्रेकको नामले समेत ख्याती आर्जन गरेको थियो कुनै बेला।

विशेष गरी जैविक विविधता संरक्षणको क्षेत्रमा क्रियाशील गैर सरकारी संस्था ली-वर्डको पहलमा यस क्षेत्रमा सुनखरी संरक्षण र रैथाने प्रजातिको वीउ विजन संरक्षण गर्दै आएको छ। सुन्दरी डाँडामै रुपा-बेगनास सूचना केन्द्रको भ्यू टावर समेत छ। टावरबाट बेगनास र रुपातालको मनमोहक दृश्य देखिन्छ । सूचना केन्द्रको प्रर्दशनी कक्षमा लोप भइसकेका विभिन्न प्रजातिका वीउ विजन समेत देख्न सकिन्छ । त्यस्तै जानकारीमूलक प्रचार साम्रगी र चराचुरुङ्गी, माछाका सुन्दर तस्वीर अवलोकन गर्न सकिने व्यवस्था छ। वेगनास बवसपार्कबाट लामजुङको भोर्लेटार पनि वस छुटिरहन्छन्। बेगनास भोर्लेटार २७ कि.मी. । वेगनास माझकुना ३.५ कि.मी. । सुन्दरी डाँडामै टावर नजिकै छ सन्तोष होमस्टे । यहाँ सन्तोष होमस्टेका लागि इन्द्र तिवारी र सावित्री तिवारीसँग सम्पर्क गर्न सकिन्छ ।

**गाभर भ्याली होमस्टे**

प्रदेश नं. ५ अन्तर्गत बाँकेको वैजनाथ



गाउँपालिका वडा नं. १ चिसापानीमा अवस्थित गाभर भ्यालीको डाँडामा गोलाकार वस्ती छ। हिजोसम्म अनकण्टार झैं लाग्थ्यो सो ठाउँ । दुःखजिलो थियो जिन्दगीका पलहरु । सुखका दिन खोज्दै विदेशीहरु वग्रेल्ती थिए । कृष्ण चौधारीको अगुवाइमा होमस्टे सञ्चालन भएपश्चत अचेल मुहार नै फेरिएको छ। नेपाल सरकारले सूचीकृत गरेको १०० पर्यटनीय गन्तव्यमा समेत पर्न सफल भएको छ । बाँके, बर्दिया, कर्णाली, सुदुर पश्चिम प्रदेश र ५ नं. प्रदेशका अन्य जिल्लाबाट र विदेशी पर्यटकबाट समेत बास बस्न आइपुग्छन्।

थारु र भुगाली समुदायद्वारा ०७० सालदेखि १७ घरमा हामस्टे सञ्चालन गरेको छन्। दैनिक ५०० पर्यटक खचाखच हुन्छन् । यो बाँके राष्ट्रिय निकुञ्जको मध्यवती क्षेत्र अन्तर्गत पर्दछ। चुरे पर्वतको श्रृङ्गला, खेतीयोग्य जमिन चराको चिरबिर, वन्यजन्तुको अवलोकन ,हिमाल, तराईका खानाका परिकार, सांस्कृतिक विविधता यहाँ भेटिन्छ। हामीले केवल जीविकोपार्जन मात्र नेपालमै पहिलो पटक आय आर्जन, संस्कृतिकको प्रवर्द्धन, प्रकृतिको संरक्षण र बाघ पर्यटनका अवधारण अघि सारेको छौं , यस्ता सवाल उठान गर्ने गाभर भ्याली होमस्टे देशकै आन्तरिक पर्यटन प्रवर्द्धनको अगुवा स्थल हो अध्यक्ष कृष्ण चौधरी भन्छन्। यहाँ अध्यक्ष कृष्ण चौधरीसँग सम्पर्क गर्न सकिन्छ।

**जगदिशपुर होमस्टे**

कपिलवस्तु तौलिहवा न.पा. ९ स्थित जगदीशपुरमा ४० घरधुरी छन्। जसमा १० मधेशी कवेट , हरिजन र चमारका। बाँकी सबै थारुका हुन्। थारुका १३ थरमा होमस्टे सञ्चालन छन् । त्यहाँका होमस्टे अन्त्रका भन्दा सस्ता छन् । रु. १० मा काँचको गिलासभरी मीठो दूध चिया पाइन्छ। त्यति बेला जाने हो भने घर खेत छेवैको घोला, नहरमा मारेको स्थानीय प्रजातिको माछा समेत खान पाइन्छ । गर्मी सुरु हुन लाग्दा काब्रोका अचार खान पाइन्छ। घरमा आउने



पाहुनालाई चापकलको पानी तानेर पित्तलको पहेला लोटामा टक्राउँछन्। ढिकारी , चिचर, मौवाको रक्सी, अन्दीको खाजा, फलेकको साग, लोकल हाँसको मासु खान पाइन्छ।

काठका चारखट्टे र वावियो वा नरिवलको डोरीले जेलिएको खटियामा लम्पसार पर्दा सारा थकान हराउँछ । वयल गाडा गोरुले तानेको समेत देख्न सकिन्छ। बजारको बाटो छाडेर भित्री गल्ली पस्नासाथ थारु होमस्टे शुरु हुन्छन्।

प्रमुख पेशा कृषि भएकाले धान राख्ने माटोको डेटीले सहवास दिलाउछ। गाउँलेको सरल, मेहनतीपनले सुखी संसारको झल्को दिन्छ। ठेट थारुका गाउँमा पुगेभै, मान हुन्छु आगन्तकलाई। तरकारी बजारमा समेत बिक्री गर्छन् । बढी भएमा काठमाडौं पोखरासम्म निर्यात गर्छन्।

नजिक १६ विघामा मानव निर्मित जगदीशपुर ताल छ । तालबाट नहर खनी सिंचाईको समेत छिमेकी गाउँहरुमा व्यवस्था गरिएको छ। खास गरी नेपालकै सर्वाधिक

सारस चरा देखिने स्थान हो यो । हजारौ पाइल पार गरी साइवेरिबाट समेत चरा उडेर आउछन् । तालमै रैथाने चराहरु पनि छन् । अचेल एक छेउमा बोटिङ्गको व्यवस्था छ । ताल बीचको ढिस्कोमा शान्तिका अग्रदूत भगवान बुद्धको प्रतिमा निर्माणाधीन अवस्थामा छ । तालमा दिनभर चराहरुका क्रीडा देख्न पाउदा दिन ढलेको पत्तै हुन्न । यहाँबाट तौलिहवा, तिलौराकोट, निग्लिहवा र लुम्बिनी भ्रमण समेत गर्न सकिन्छ ।

बस्ती विगतमा डेहान भन्ने स्थानमा थियो । जगदीशपुर ताल नै फुटेर बस्ती बगाउन सक्ने भयले पञ्चायत कालमा बस्ती उठाएर यता बसालिएको हो ।

बुटवलको प्रदेश अस्पतालको उत्तरतर्फ जितपुर ४ नं. जाने विङगर र बस छुट्छन् । एक घन्टामा ४ नं. पुऱ्याउछु । त्यहाँबाट अटो लिएर दक्षिण तर्फ लाग्दा आधा घन्टामै होमस्टे पुग्न सकिन्छ । त्यसो त बसपार्कबाट समेत तौलिहवा जाने बस चढी पुग्न सकिन्छ । यहाँ सरिता थारु, गया प्रसाद चौधरी र बबिता थारुलाई सम्पर्क गर्न सकिन्छ ।

**इलामका होमस्टे** :

पूर्वको इलाम भन्नासाथ चियाबारीको हरीया वगान नयन वरिपरि एकतमासले फनफनी नाचिरहन्छन् । तराईमा गर्मी उत्कर्षमा हुँदा समेत चिसो हुन्छ इलाम । छिनछिनमै घाम र बादलको लुकमारी चलिरहन्छ । पूर्वको पर्यटनीय गन्तव्य इलाम पहिलो नं. मा नै पर्दछ । पारिपट्टी भारतको दार्जिलिङ्ग । अन्तुडाँडा सामुदायिक होमस्टे सञ्चालन छ त्यहाँ । सूर्योदय र सूर्योस्त हेर्न अनुकूल स्थान हो यो । तामाङ, मगर, क्षेत्री, वाहुन, प्रधानका गरी ४४ घरमा पाहुनालाई राखिन्छ । १० वर्ष अघिदेखि होमस्टेको व्यवस्था भएको हो यहाँ । सादा खानाको रु १५० र तीनवटा वेडरुमको रु १००० मूल्य पर्दछ । यहाँ अध्यक्ष धनकुमार आलेलाई सम्पर्क गर्न सकिन्छ र बालन सामुदायिक होमस्टेका अध्यक्ष वसन्त कुमारी लिम्बूलाई सम्पर्क गर्न सकिन्छ ।

**माडीमा मगर होमस्टे**

चितवन राष्ट्रिय निकुञ्जसँगै जोडिएको ३४ घर मध्ये १२ घरमा होमस्टे सञ्चालन छ।



राईको १, थापामगरका १, नेवारका २ बाँकी सबै पुनमगरले सञ्चालन गरेको होमस्टे हुन् । शिवद्धार माडी न.पा. ११ न. वडा हो यो । शुरुमा म्याग्दीबाट बनाई सरी ८० घर आए पनि निकुञ्चका जंगली जनावरले दुःख दिने थालेपछि छाड्दै जान थाले । गाउँले होमस्टे सञ्चालन गर्न थालेपछि बस्ती बाक्लो हुँदै आयो । पाहुना बढ्न थाले तिनै पाहुनालाई वन्यजन्तु अवलोकन गराई आय आर्जन गर्न थाले । उनीहरु पाहुनालाई पुन समुदायका नुत्य प्रर्दशन गरेर भरपूर मनोरञ्जन दिन्छन् । भरतपुर माडी दुरी ४० कि.मी. छ । यहाँ अध्यक्ष होम ब. पुन मगर (ठूल्दाई) र सचिव मनदेवी पुनमगरसँग सम्पर्क गर्न सकिन्छ ।

**नयाँ गाउँ सामुदायिक होमस्टे**



बाँके जिल्लाको महादेवपुरी गा.पा.को ६ नं. वडामा पर्दछ नयाँ गाउँ । जहाँ २०६२ सालदेखि थारुका ९ घरमा होमस्टे सञ्चालन छ । होमस्टेमा बास बस्ने उति साह्रो मंहगो पर्दैन । थारु परिकारका स्वाद लिदै थारु नाचगानमा रम्न सकिन्छ । कोहलपुरबाट ११ किलोमिटर पूर्व राजमार्ग छेवैमा छ नयाँ गाउँ । उसो त बाँके राष्ट्रिय निकुञ्जको काखैमा समेत पर्दछ । यहाँ मंगल थारुलाई सम्पर्क गर्न सकिन्छ ।

"ओभेल भित्रका वास्तविक सचेतना अभियान" का साथ प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न सफल होस् हार्दिक शुभकामना !

Pro. Dev Bdr Thapa
Ph.: 9847478470, 9821477101

**iDex Print**

Butwal-8, Sukkhanagar, Rupandehi, Email: devthapa508@gmail.com

T-shirt Print, Cup Print, Color Print, Photocopy Print & all kind of sublimation printing.

# होमस्टेमा पर्यटकको केन्द्र विन्दु रानीमहल

• **चन्द्रा थापा मगर**

पाल्पा जिल्ला ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाले आफैमा भरीपूर्ण छ । पाल्पाली ढाका टोपीले प्रख्यात मानिने यो जिल्लाको अर्को परिचय ऐतिहासिक धरहरा रानीमहल पनि हो । यो रानी महललाई अवलोकन गर्न आउने आन्तरीक तथा वाह्य पर्यटकहरुलाई मध्यनजर गरी तानसेन नगरपालिका वडा नं. १३ मगरहरुको बाहुल्यता भएको बस्ती बौघा गुम्हामा मगर होमस्टे सञ्चालन गर्दै आएका छन् ।

२०६६ सालमा पाल्पा जि.वि.स.ले होमस्टेको लागि विभिन्न ठाउँमा अवलोकन गर्दा बौघा गुम्बालाई उपयुक्त मानी होमस्टेको लागि छनोटमा परेको थियो । छनोट पछि जि.वि.स.बाट ५ दिन र महिला विकासबाट ५ दिन गरी जम्मा १० दिनको अतिथि सत्कार र व्यवस्थापन गर्ने तालिम लिएर त्यहाँका मगरहरुले विधिवत रुपमा होमस्टे सञ्चालन गरेपछि होमस्टेमा आउने आन्तरिक तथा वाह्य पर्यटकहरुको घुइचो नै लागेको छ ।

त्यहाँ आउने पर्यटकहरु शैक्षिक क्षेत्र संग सम्बन्धित र औपचारिक भ्रमणको पद यात्रामा त्यहाँको प्रकृतिसँग रमाउदै र प्रकृतिलाई नजिकबाट नियाल्न चाहनेहरुको लागि निकै उत्कृष्ट मानिन्छ त्यो होमस्टे । पर्यटकको मन लोभ्याउने दृष्य र त्यहाँको मगर संस्कृति झल्किने कार्यक्रमले पर्यटकहरुको चाप ह्वात्तै बढेको देखिन्छ । होमस्टेबाट लगभग ४ कि.मी. तल रानी महल पर्ने हुँदा त्यहाँ आउने पर्यटकहरु सजिलै रानीमहल अवलोकन गर्न सक्दा रहेछन् । साथै होमस्टे स्थलबाट रमणीय हिम श्रृखला र छिमेकी जिल्लाहरु स्याङ्जा, गुल्मी, पर्वत लगायत ती ठाउँबाट देखिने विभिन्न टाकुराहरुको दृष्यले होमस्टमा आउने पर्यटकहरु जो कोहीको पनि मन लोभ्याउने गर्दछ । धुवा, धुलो र प्रदुषणयुक्त वातावरणबाट टाढा रही स्वच्छ वातावरणमा आफूलाई


पाल्पा बौघा गुम्हा मगर होमस्टेको भवन

समाहित गर्न पर्यटकहरु यो ठाउँमा धेरै लालाहित देखिन्छन् । त्यहाँका मगर महिलाहरु आफ्नो जातीय पहिचान झल्किने पोसाक लगाएर पर्यटकहरुलाई स्वागत, सत्कार गर्न फूलमाला सहित हर समय खटिएका हुन्छन । साँझमा पर्यटकको माग अनुसार मगर कल्चर र भेषभुषाको संस्कृति विभिन्न नृत्यहरु मगरको ठूलो नाच, सोरठी, नौमति बाजा, झ्याउरे गीतले मनोरञ्जन दिदा पर्यटकहरुको मन झनै आनन्दले झुमेको हुन्छ ।

पाहुनाको रोजाईमा त्यहाँको अर्गानिक खाना, स्थानीय उत्पादनबाट बनेको विभिन्न परिकारहरु कोदोको ढिडो, फापरको रोटी, भुटेको मकै, झिल्लुङ्गेको बारा, सेल रोटी, लोकल कुखुराको मासु र बंगुरको मासु साथै इच्छा हुनेले कोदोको तीनपाने खानपिनसँगै नौलो स्वाद लिएर पर्यटकहरु प्रभावित भएको देखिन्छन् ।

होमस्टेमा अवलोकन गर्न नेपालका विभिन्न जिल्लाहरुबाट आन्तरिक पर्यटकहरु आउने गर्दछन् भने विदेशीहरु इटली, फ्रान्स, युएस, भियतनामबाट पनि बढी पर्यटनहरु आउने गरेको कुरा बताउँछन होमस्टे अध्यक्ष लेख बहादुर थापा मगर । आजभोलि धेरैले प्राकृतिक जैविक विविधताको क्षेत्रमा भ्रमण गर्न रुचाउने हुँदा पर्यटकहरुलाई आकर्षकको गन्तव्य भनेकै प्राकृतिक सौन्दर्य, ऐतिहासिक, सांस्कृतिक सम्पदाहरु नै हुन । त्यसैले यो होमस्टेमा बढी पर्यटकहरुको आकर्षण बढेको पाइन्छ । त्यहाँ आउने पाहुनाहरुलाई स्वागत, सम्मान र खानापान देखि लिएर साँझ आराम गर्न एउटा घरमा ४ जना पाहुना राख्ने गरी होमस्टे पाहुना कोठा भनेर सबैको घरमा निर्माण गरिएको रहेछ । त्यहाँ बाटोघाटो देखि लिएर सरसफाईको पनि उत्तिकै महत्व बढेको देखिन्थ्यो ।

होमस्टेको आफ्नै भवन पनि निर्माण गरिएको छ । यो भवन निर्माण गर्न प्रदेश नं. ५ डिभिजन वन कार्यालयबाट रु. १० लाख र सांसद विकास कोषबाट रु. १० लाख सहयोग गर्नुका साथै वडाबाट २ लाख सहयोग रकमबाट भवन निर्माण गरेको बताउँछन् अध्यक्ष लेख बहादुर थापा ।

त्यो भवनमा पर्यटकहरुलाई नाँचगान प्रर्दशन गर्नुका साथै संघसंस्थाबाट आउने पाहुनाहरुले आफ्नो कार्यक्रम पनि सञ्चालन गर्ने गर्दछन् । यो बौघा गुम्हाको मगर होमस्टेलाई आगामी दिनमा युवा पुस्तालाई सक्रिय बनाई नयाँ तरिकाले सञ्चालन गर्ने कुरा होमस्टे अध्यक्षले जानकारी दिएका छन् । साथै त्यो क्षेत्रमा होमस्टे सञ्चालन पछि त्यहाँका स्थानीय बासीलाई आर्थिक उन्नतीमा निकै ठूलो टेवा पुग्नुका साथै बौघा गुम्हा विकासको हिसाबले राम्रै फड्को मारेको देखिन्छ ।

हार्दिक शुभकामना

"ओभेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**प्रो. चन्द्र बहादुर थापा**

## सम्राट रेष्टुरेण्ट

चिप्लेढुङ्गा-९, पोखरा, फोनः ०६१-५२५३४८, ९८४६७४१७२७
Email: samratmagar29@gmail.com
www.facebook.com/samratMomoRestaurant



हार्दिक शुभकामना

"ओभेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !



**टेक बहादुर बलाल मगर**
अध्यक्ष

## गैडाहवा गाउँपालिका

वडा नं. ९, रुपन्देही



हार्दिक शुभकामना

"ओभेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**प्रो.प्रेम थापा**
**मो. ९८४७१५८१३१**
**९८१७४०४३२२**

## भैरव ट्रेड एण्ड सप्लायर्स

बुटवल-८, सुखखानगर, अक्सफोर्ड स्कूलको अगाडि

**हामीकहाँ काठका गोलिया, चिरान, स्ट्रिप तथा झ्याल, ढोकाका चौकस एवम् पल्ला अर्डर अनुसार सुपथ मूल्यमा बनाईन्छ ।**



हार्दिक शुभकामना


"ओभेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**संगिता पुन मगर**
अध्यक्ष

## नेपाल मगर संघ

कास्की

# यसरी समयको ख्याल राखौं



दुर्गा प्रसाद शर्मा

**समय के हो ?**

- *कुनै पनि कार्य निश्चित गरिएको समय भित्र शुरु गर्ने र समापन गर्ने।*
- *खास योजना वा कार्यक्रम सन्चालन गर्न व्यवस्थित रुपमा बाँडफाँड गरिएको समय विवरण, समय-सारिणी आदि।*

**समयको महत्वः**

परापूर्वकाल देखि नै मानिसले समयको महत्वलाई उच्चतम् स्थानमा राखेका छन्। मानिसले समयलाई विभिन्न रुपमा मापन गर्दै आएका छन्। भाँडोमा पानी राखि पिंधमा सानो प्वालपारी प्वाल बाट झर्ने पानीको थोपाको समय, हातको रौं, सूर्यको उज्यालो, छाँया आदिबाट समयको मापन हुन्थ्यो । आधुनिकयुगमा त प्राय सबैसंग समय मापन गर्ने उपकरण रहेको पाईन्छ।

समयको मापन किन गर्न पर्‍यो त ?

समय बलबान हुन्छ, समयलाई कसैले रोकेर रोकिंदैन। समयको आफ्नै गति हुन्छ। यो न त मानिसले रोक्न सक्छ न त प्रकृतिले नै। समय पैसा पनि हो। समयकै सदुपयोगले पैसा आर्जन गर्न सकिन्छ।

के हामीले समयको सदुपयोग कसरी गर्ने र यसको महत्व के हो भन्ने कुरा बुझेका छौं त ? हो हामीहरुले केहि हदसम्म अवश्य बुझेका छौं तर राम्रो संग बुझेका पनि छैनौं र बुझ्न पनि कोशिस गरेका छैंनौं कारण किन ?

हाम्रो अल्छिपन आफ्नो दोष लुकाई अरुको दोष मात्र देख्नु, आफुले आफुलाई चिन्न नसक्नु र आफु प्रति फर्केर हेर्ने बानी नपर्नु।

हामी देशको समृद्धि चाहिरहेका छौं र बोली रहेका छौ समृद्धि समृद्धि समृद्धि। समृद्धि त आँफै फुत्त अगाडी आउने चिज त हैन। देश समृद्धि बनाउनका लागि बोलेर मात्र त हुँदैन काम गर्नुपर्छ। काम गर्नका लागि समयको महत्व, समयको उपयोग र प्राप्त प्रतिफलको उचित व्यवस्थापनको खाँचो पर्दछ। धेरै बोलेर, धेरै फलाकेर मात्र त काम सम्पन्न हुन्न। प्रत्यक्ष काममा संलग्न भै काम गरिसकेपछि मात्र प्रतिफल आउने होला नी रु किन यति छर्लङ्ग हुने कुराहरु हामी बुझ्न कोशिस गर्दैनौ।

समय कति बलवान हुन्छ भन्ने कुरा हामीले बुझेका छौ जस्तो लागेको छ त रु हामीले आँफैले आँफैलाई आत्मसाक्षि राखि गहिरोगरी मुल्याङ्कन गरी हेरौ त समय के रहेछ र के हो। कुरा गर्दा, भन्दा,बोल्दा र प्रत्यक्ष काम गर्दाको नतिजा हेरौ त समय के रहेछ। ध्यर्य संगबुझौ, पढौं र काम गरौं तव मात्र समयको महत्व बुझ्न सकिन्छ। देश समृद्धीमा लग्नका लागि समयको महत्व बुझ्नु अनिवार्य हुन्छ। नचाहीदो लामो र पट्याट् लाग्ने भाषणमा समय खर्च गर्नु आजको आवश्यकता हैन। आफ्नो र नागरिकको समय अनउत्पादन कार्यमा खर्च गर्नु देशको लागि हानिकारक हुनेछ। अति महत्व पूर्ण कुराहरुमा मात्र समय खर्च गर्नु उचित हुने छ। सकेसम्म धेरै समय विभिन्न किसिमको उत्पादन कार्यमा खर्च गर्न सिके र सिकाउन कोशिस गरे कति राम्रो हुन्थ्यो होला।

साधारणतया तालिम, बैठक, सभा सम्मेलन, कार्यशाला गोष्ठी, अधिवेसन, समारोह आदीमा भाग लिंदा देखिने र भोगिने कुराहरु हेर्दा देख्दा र भोग्दा अचम्म लाग्दा हुन्छन् । आयोजकले तोकेको समय भन्दा आधा घण्टा देखि दुई चार घण्टा पछि कार्यक्रम सुरुहुँदा कति छट्पटी हुन्छ होला तोकेको समयमा उपस्थित भएका नागरीक वा सदस्यहरुलाई । अधिकांश ठाउँहरुमा यस्तै देखिन्छ। हामी कहिले सुध्रिने होला। समयलाई नबुझ्दा धेरै मानिसको समय एक दुई जना जिम्मेवार सदस्य वा अथितीको कारणले वर्बाद भैरहेको पाइन्छ। यदि तोकेको समयमा सुरु गर्ने र तोकिएकै समयमा अन्त्य गर्ने परिपाटी बसाल्न सके मानिसको समय अन्य उत्पादनमुलक काममा खर्च गर्न सकिन्थ्यो र देश विकासमा सघाउन सकिन्थ्यो तर अझै हामीहरुको चेत खुलेको छैन। कार्यक्रम ढिलो सुरु गर्ने अनि बोल्न पाए पछि लङ्का हाक्ने,छेउन टुप्पाको लामोलामो भाषण छाट्ने आर्को वक्ताले पालो नपाउने। पालो पाए पछि आर्को वक्ताले पनि त्यहि कुरा दोहोरायर बोल्ने अनि समय खर्च गर्ने श्रोताहरुले हाईकाड्दै सुन्न बाध्यहुनु पर्ने कस्तो विडम्वना नबुझेपनि सुन्दीनु पर्ने।

कहिलेकाँहि यस्तो पनि देखिन्छ अथिति वा जिम्मेवार व्यक्ति आँफै ढिलो आउने अनि अनेक ठाउँमा जानुछ तसर्थ बोल्ने पालो छिटो दिनुहोस भनि आयोजक संग माग गर्ने र बोल्न सुरु गर्ने र भन्ने मेरो कार्यक्रम धेरै ठाउँमा छ छिटै जानु छ धेरै बोल्दीन भन्ने शब्दबाट सुरुगर्ने अनि सम्बोधन गर्दाबाटै लम्मेतान र फूलबुटा भरि सम्बोधन गर्ने र अन्य अथितीको साखिलो बन्न खोज्ने अनि समय गएको होसै नपाउने। अनिफेरि भाषण गर्ने स्तुति गाउने आफ्नो समय खर्चिएको ख्यालै नगर्ने र फेरि भन्ने मैलेसमय धेरै लिन्न भन्ने फेरी भाषणमा मस्त रहने। यसरी आफ्नो समय त गयो गयो अरुहरुको समय समेत खर्चिने बानीले हाम्रो समाज आक्रान्तित

भएको छ । यो पनि बुझ्नु पर्दछ कि मेरो कारणले आर्को ठाउँको कार्यक्रममा पनि ढिलो भएको छ र त्यहाँका आयोजक, जम्मा भएका नागरिकहरुको पनि समय खेर गै रहेको छ । यसरीत देशको समृद्धीमा टेवा पुग्दैन । चाहिंदा कुराहरु राखि छोटो,मिठो र सान्धर्भिक विषयमा आफ्ना भनाई राख्नुपर्ने हुन्छ । श्रोताहरुको हावभाव, सुनेनसुनेको बुझेनबुझेको अबस्था हेरी कुरा राख्नु पर्नेमा आफ्नै कुरा मात्र रतरत्ती राखि समय खर्चिनु किनपर्छ र रु समय बचत गर्न सकियो भने धेरै काम छिटो गर्न सकिन्छ ।

चीन, सिङ्गापुर, जापान, दक्षिण कोरिया, भियतनाम आदी देशहरुले छोटो समयमा विकासको फड्को मार्नु समयको उचित व्यवस्थापनले नै हो । बरिव १.५ अरव जनसंख्या रहेको विशाल देश चीनका राष्ट्रपति शी जिनपिंगले आफ्नो राष्ट्र विश्वको अग्रस्थानमा आउनुको मूख्यकारण समयको व्यवस्थापनमा

१) स्वअनुशान
२) स्वाभिमान
३) काममा प्रतिबद्ध
४) कडा परिश्रमी

र समयको महत्व बुझ्न सक्नुको कारणले नै प्रगति गर्न सकियको कुरा बतायका छन् ।

हामीले यो पनि बुझ्नै र सिक्नै पर्ने कुरा हो कि “नेपालीहरु धेरै कुरा गर्ने थोरै काम गर्ने ” यो भनाइ पनि विदेशिले घुमाउरो र कुटनितिक भाषामा भनेका छन् किन रु हाम्रो बानी यस्तै भएर त होलानी । हामीलाई अर्ति दिइरहेका छन् शुभचिन्तकको नाताले । कमसेकम केहीमा त सुधारगरौं । हामी चाहिने कुरामा किन संवेदनशिल हुन सकेनौ । हाम्रो समय नचाहिने कुरामा मात्र खर्चिन्छौ । आधा समय कुराकाट्ने र नकरात्कम कुरा सोच्ने, आफै अध्ययन नगर्ने, आर्काले हचुवाको भरमा बोलेको, लेखेको कुराहरुको विश्वास गरी राष्ट्र हाक्ने गफगर्दै समाजलाई अल्छी र कामचोर बनाउन तर्फ त लागेका छैनौरु बडो सोचनिय विषय भएको छ ।

ऐले त यस्तो पनि देखिन थाल्यो ीकिसान परिवार,कारखाना वा कार्यालयमा काम गर्ने मजदुर, कर्मचारी,गृहिणी,शिक्षक आदी सबैलाई फेसबुकको लतले समय बर्वाद भएको पत्तै पाएका छैनौ । राष्ट्को पैसा विदेशिने र समय खेरजाने । हामी मेहनती भन्दा सुविधा भोगि र अल्छी भएका त छैनौ । गम्भीर प्रश्न यहिं छ ।

चोट र घोंच पर्नेगरी बोलेको बोली र आर्कालाई हिर्काएको गोलि साथै बगेको खोला कहिलै पनि फर्कंदैन । समय पनि फर्कि आउँदैन । राज्य समृद्धी हुनका लागि विधिको शासन चाहिन्छ । शासन छ तर विधि तलबाट लागु गर्न खोजेर कहाँ हुन्छ र । विधिको शासन त माथिबाट कस्दै आउनु पर्दछ र राज्यसंचालनबाटै विधिको पालना हुनु पर्दछ तव मात्र विधिले समेट्दै जान्छ अनि देश समृद्धी तर्फ उन्मुख हुन्छ । त्यसैले पनि समय बलवान हुन्छ । समयले कसैलाई पनि पर्खि बस्दैन र कसैलाईपनि माया गर्दैन ,

समयको महत्वलाई कसरी उपयोग गर्ने ?

- थोरै बोल्ने धेरैगर्ने ।
- सम्पन्न काममा लागेको समयको विवरण राख्ने ।
- एक जनाले एकै समयमा गर्ने काममा धेरै जना र धेरै समय नलगाउने ।
- एक पटक गएर समपन्न हुने काममा पटक-पटक नजाने ।
- प्रभावकारी ढंगबाट काम गर्ने बानी बसाल्ने । सुन्नुहोस्, हेर्नुहोस, बुझ्नुहोस अनि काम गर्नु होस ।

गल्ति सुधार गर्ने तर पुन गल्ति नगर्ने ।

गल्ति स्वीकार गर्ने । गल्तीहरु हटाउने ।

अनावश्यक, अनाहक र फजुल गफ र अनउत्पादक कार्यमा समय खेर नफाल्ने ।

“मानिस केहि पनि हैन, उ समयको एउटा महत्वपूर्ण बाकस हो । पैसा भन्दा पनि समय बढि महत्वपूर्ण छ । समय आजकल आफ्नै अधिकारको लागि प्रतिष्पर्धी अस्त्र भएको छ” ।

समय राम्रोसंग प्रयोग गर्न जानेमा खर्च घटाउन मद्दत गर्दछ ।

माथिका बुँदाहरु बाहेक अन्य कतिपय कारणले समयलाई राम्रो संग सदुपयोग गर्न सकिरहेका छैनौं ।

तसर्थ सके सम्म समयको राम्रो सदुपयोग,राम्रो व्यवस्था गर्न सक्यौं भने र समयलाई चिन्न सक्यौं भने मात्र देश समृद्धीमा जाने छ ।


हार्दिक शुभकामना

“ओझेल भित्रका वास्तविक सचेतना अभियान” का साथ प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न सफल होस् हार्दिक शुभकामना !

**व्यवस्थापकः निरोज पौडेल** **फोनः ०७१-४६५१६३, ९८५७०३२०२२, ९८०१३५०१३७**

# कञ्चन लुम्बिनी मल्टी बिजनेस प्रा. लि.

**सालझण्डी-७, बनकट्टी,** Email: kanchanlumbini2016@gmail.com

**हामीकहाँ घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा पाइन्छ। साथै इन्जिनियरको पनि सुविधा उपलब्ध छ।**

# घैडाँडे मामा



मिन बहादुर राना

“हेर्नुस् सम्डी, मैले डेखुन् यो उमेरमा यसरी डेखुन् डुःख पाउनलाई आफूले बैसमा नखाइनलाइ डेखुन् सम्पत्ति जोगाइ राखेको रैछु।”

असी वर्ष टेकेको मान्छे । डुब्लाएर छेपारो जस्तै भएको बुढोको आँखामाथि चोट लागेको थियो। अनुहार सुनिएको थियो। हात र खुट्टाको छाला दर्फराएको थियो। आसकोटको एकातिरको पल्ला च्यमतिएको थियो।

“हजुरको सम्डेनीले डेखुन् बेलैमा बाटो तताएर डेखुन् ठिकै गरिछे भन्ने लाग्छ सम्डी। मैले त डेखुन् यो बुढे सकालमा डेखुन् असाध्यै दुःख पाएँ सम्डी। हिजो रातै भरी डेखुन् दुई भाइ मिलेर देखुन मलाई सुत्नै दिएनन्। मैले डेखुन् ढन्न डेखुन् सम्डी छिमेकी पक्का पाएको छु। दुई भाइले डेखुन् मलाई पिट्न भनेर पालै पालो डेखुन् रातै भरी जम्काजम्की गरेर हैरान पारे। बुरारे मइलाको बुराबुरीले डेखुन् रातै भरी मलाई कुरेर बसे।’’

एकाबिहानै घैडाँडे मामा हाम्रो घरमा रुन आएका थिए। उनी केही गाह्रो साह्रो पऱ्यो भने हाम्रो बाबासँग उजुर गर्न आउँथे। घैडाँडे मामा चौध वर्षको उमेरमा बेलायति सेनामा भर्ति भएका थिए। जापानसँगको लडाईंमा वीरता पूर्वक लडेका थिए। लडाईमा वीरता देखाएर वेलायती महारानीको हातबाट भि.सी.भन्दा तलका चारओटा युद्ध पदक पाएका थिए। घैडाँडे मामा पल्टने जीवन भरी लडेका र लडाईभरि तोप चलाएका थिए। त्यसैले उनले कानको सुन्ने शक्ति उतै युद्ध मैदानमै छाडेर आएका थिए।

पल्टनका सबै सकिएपछि जिम्दो आएकालाई मेडल दिएकाले घै डाँडे बूढाले यत्रा पदक भेटे। बूढा असाध्यै डर छेरुवा। अगाडि जान पर्छ भनेर पछाडि बस्ने मेसो खोजेका। अनि तोपखानामा परेछन्। ज्यान फर्काए पनि कान उतै हारेर आएछन्। गाउँका केही बुढाहरू गफगर्दा उनको खिसी गर्थे।

लडाईको कुरा सुरु हुने बित्तिकै घैडाँडे मामाको आँखा चम्किला हुन्थे। जिउमा जोस र जाँगर भरिएर आउँथ्यो। ‘‘हेर भान्जा यताबाट हामी तयारीको साथ गएका थिया[१]। दुस्मन हामीले सुराकी पाएको ठाँउभन्दा धेरै पछाडि हटेर बसेको रहेछ। हाम्रो पल्टन् यस्सो खाल्टो जस्तो परेको ठाँउमा पुग्दा एक्कासि उताबाट दुश्मनले असिना झ[१] गोली वर्षायो। एकतर्फी हानेको हान्यै छ। हाम्रो फौजको नामनिशाना छैन। हामी तोप हान्ने अल्लि पछि परेकाले जोगिएर बस्या[१]। पुरै रात गयो। उजेलो भयो। भोक र प्यासले आकुलव्याकुल बनायो। भएन भनेर गोरा साहेवले जा लुकेर हेरेर आइज, हाम्रो केटाहरूले के गर्दैछ भन्यो। म लुकेर हेर्न भनेर डाँडामा पुगेँ। हाम्रो फौजका जवानहरू सकिएछन्। दुश्मनले फाएरिङ्ग छाडेर हाम्रो हतियार जम्मा गर्न थालेको रैछ। घाइतेहरूलाई उठाउँदै गोली ठोक्दै गरेको। हाम्रो यौटा गल्ला ढिस्कोमा छेलिएर मिसिन गनले सिस मात्रै लिएर बसेको रैछ। नजिकै गएर हान न तेरो बाउलाई भनेको, त्यसका बाउको हिम्मत भए पो हान्नु त। साले त मुत छाडेर बसेको रैछ। मेरो पालो त्यसलाई लात्ताले धपाएर टिगर दबाएर मेसिनगन टट्ट्ट्ट्टट्ऽऽऽऽ घुमाउन थालेको त तेस्का बाजे दुस्मनले खुट्टा तन्काउन थाल्यो। मेरो जोसले होस् गुमायो।

‘‘ए केटा हो हान तेरा बाजे त ढुलो पिठो भयो। उठेर बजा।’’ भन्न के भ्याथेँ घाइते भएर ढलेका र जिम्दो भएका हाम्रा जवानहरू उठेर खुकुरी नचाउन थाल्यो। जितेर फर्कने बेलामा त ज्या पुरै घाइते मात्रै। विजय भने पछि त्यसरी घाइते भएर लतमन्न परेकाहरूमा पनि प्राण जागेर आउँदो रैछ। त्यसरी मैले दुइटा वीरचक्र पाँए। महारानीको हातबाट विगुलको बजाएर टक्मा लगाई दिंदा अह ऽऽऽ के बयान गर्नु र ?’’ युद्धका यस्ता कहानी उनले धेरै सुनाउँथे।

घैडाँडे मामाले दास्रो विश्वयुद्धमा वीरता देखाए तापनि विश्वयुद्ध सकिए पछि नाम कटुवामा परेका थिए। वेलायतले विश्वयुद्धमा लडेका नेपालीहरुलाई त्यसरी आफ्नो प्रयोजन सकिए पछि सेनाको संख्या घटाउँदै लगेको थियो। त्यति बेला घैडाँडे मामा सहित धेरै नेपाली वेलायती सेनाबाट बिना पेन्सन नाममात्रको बोनसमा निकालिएका थिए। जर्मनसँगको लडाईमा वीरता देखाए पनि जापानसँगको लडाईंमा लड्दालड्दै जापानको कब्जामा परेर युद्धबन्दी बनाइएका थिए। जापानले युद्ध बन्दीहरूलाई कष्टपूर्ण यातना दिने, भोकै तिर्खै राख्ने, पिट्ने, दिउँसो चर्को घाममा सुकाएर राख्ने, राति हजारा[१] जनालाई एउटै खोरमा थुनेर राख्ने गर्थ्यो। त्यस्तो यातना सहन नसकेर कति बन्दीहरू त्यहीँ मरे। कोही जीवनभर गरीखान नसक्ने भए। घैडाँडे मामा पल्टनबाट फर्कदा जापानीहरूको यातनाले विक्षिप्त भएका थिए। त्यसैले उनले अलिकता सम्झने शक्ति गुमाएका थिए। महारानीले टक्मा लगाइदिएको र उहाँले हातमा चुम्मा गरेको दुई ओटा फोटो अनि आफूले पाएकामध्ये चार ओटा टक्मा सुरक्षित राखेका थिए। महारानी एलिजावेथलाई उनले खुब सम्मान र प्रेम गर्थे। नसकी-नसकी डोको बुनेर बेचेको पैसा नखाइ-नखाइ जोगाएर बजारबाट राम्रो फ्रेम लिएर त्यो फोटोलाई भुपडी घरको ढोकामाथि टाँगेका थिए।

पल्टने जोस् र ठाँट त उनमा बुढेसकालसम्म थियो। माइजूसँग ठट्टा गर्दा

कहिले काँही रिसाएर माइजूले कुचोको डाँठले हातमा हान्नु हुँदोरहेछ ।

''वेलायती महारानीले चुम्मा गरेको हात हो यो मामुली हात सम्झेको छस् कि ? त'ले माल पाएर चाल नै पाएकी छैनस् । यस्ता अबुझीलाई अब के भनम् ? वेलायतकी महारानी तेरी आमै खुजेबुढी होइन संसारकै रानी हो ।'' मामाले जिस्कँदै भन्थे ।

लडाईबाट फर्केपछि पहाडमा बसेर दुख गर्न सकुला जस्तो लागेन । त्यसैले उनले गाँउको सुर्कासुर्की जग्गा त्यसै छाडेर पल्टनमा छँदा कमाएको अलिकता पैसाले तराईमा जग्गा किने । सानो भुपडी घर बनाएर त्यही घरमा दुखले गुजरा चलाउन थाले । दुई भाइ छोरा र एउटी छोरीलाई खुवाउन पिलाउन पनि मुस्किल हुन्थ्यो । धान त खेतमा फल्थ्यो तर नुन तेल किन्नै पर्ने । लत्ताकपडा किन्नै पर्ने । चाडबाड आउँछ केटाकेटीले चिची चिउरा खान रहर गर्छन् । आफ्नो कतै गएर कमाउने हब्बा छैन । कोटाकेटीले भुँई छाडेका छैनन् । आउने बाटो कतै छैन । यसरी दुखैदुखमा हराई रहेको घैडाँडे मामालाई एक दिन यौटा आशाको त्यन्द्रो पलायो । 'वेलायत सरकारले नामकटुवालाई पनि पेन्सन दिन थालेको छ ।' भन्ने थाहा पाए । त्यसपछि उनले पेन्सन क्याम्प र जिल्लामा खुब धाए । यताउता हार गुहार गरे । उनीसँग त्यही दुई ओटा फोटो र चार ओटा टक्मामात्र थियो । त्यत्तिको भरमा पेन्सन नमिल्ने भयो । उनले त आफ्नो पल्टन र नम्बर पनि बिर्सी सकेका रैछन् । लडाईमा परेर उनको पल्टन धेरैपल्ट खरानी भएको थियो । त्यति बेलाको व्यवस्था अनुसार उनी लगायत बाँचेखुचेकालाई अर्को पल्टनमा मिलाइएको थियो । त्यसैले पनि उनले पल्टन सम्झन सकेनन् । भएका कागज पत्र पनि बर्खामा घर चुहिँदा भिजेर धुजाधुजा परेछ । रोगी शरीर यताउता लत्रँदा लत्रँदै उनले पाँच कठ्ठा खेत पनि सकिसकेछन् ।

''अब म पेन्सनको पछि लाग्ने हो भने यी छोराहरूले मेरो घर भनेर खाँबो ठड्याउने ठाम पनि पाउन्नन् ।'' भनेर उनले पेन्सनको आश मारेका थिए ।

छोराहरू हुर्के, बढे, विहाबारी गरे । छोरी पनि भान्जालाई दिइपठाए । नाति नतिना पनि भए । घैडाँडे मामालाई भने बुढेसकालमा सुख होलाभन्दा दुखैदुख आइलाग्यो । खुवाउन पिलाउन त मुस्किलले पुग्थ्यो तर छोराहरूलाई कसरी पढाउने । जति सके स्कुलसम्मको पढाइ गरेका छोराहरू बिहे गरेपछि छुट्टिनको हतार भयो । सम्पत्ति बाँडिचुँडी गरेर त्यही भएको भुपडी र वरिपरिको दुई ओटा सुर्का बुढ्यौली राखेर बुढाबुढी मात्र बस्न थाले । छोराहरूले आ-आफ्नो बन्दोबस्त गरेर बस्न थाले । बाले बुढ्यौली धेरै राखे भनेर दुई भाइ झगडा गर्न आइरहने गर्थे । छुट्टिएको अर्को वर्ष घैडाँडे माइजूलाई सर्पले टोक्यो । उपचार गर्ने त के कात्रो किन्ने पैसा थिएन घरमा । माइजू बितिन् । घैडाँडे मामा एक्लै भए । छोराहरूले बुढो भएको बाबाको हेरचाह गर्लानभन्दा उल्टै निहुँ खोज्थे । पिट्ने र लखेट्ने गर्थे ।

घैडाँडे मामा बुढो मान्छे । खानपिनको ठेगान छैन । नाम्लो दाम्लो बाट्न पनि नसक्ने भैसकेका थिए । फेरि आज छोराहरूले दुःख दिएर लौरोको साहाराले हाम्रो घरमा त्यसरी रुन आएका थिए । उनको लौरो कति पुरानो हो भन्न मुस्किल थियो । टेक्दा टेक्दा हातको पसिनाले चिल्लो भएको त्यो लौरोले उनको संसार थामेको थियो ।

"म त डेखुन् यो वर्ष त मर्छु होला सम्डी । घर पनि डेखुन् चुहेको छ । छाउनकोलागि मेरो डेखुन् टाकट छैन । छोरा भन्ने दुश्मनहरूको त डेखुन् उपति अघि नै पनि डेखुन् भनि सकेँ । अब त बाँचेर पनि डेखुन् दुख देखाउनु मात्र हुन्छ सम्डी ।" भन्दै फेरि रुन थाले ।

''सम्डी पीर नर्गनुस् हजुरको भान्जाहरूलाई मैले मामाको घर बनाउन पठाइदिम्ला । खान पिउनको पीर नर्गनुस् । म हेर्छु नि सम्डी । म मरेको छैन सम्डी ।'' भन्दै हाम्रो बाबाले सम्झउनुभयो । त्यही दिन हामी तीन भाइले जङ्गलबाट चार-चार भारी थक्कल काटेर ल्याएर मामाको घर अगाडि थुपान्या[१] । भोलिपल्ट साता भाता तयार पारेर थाक्कल सुक्ने बित्तकै घैडाँडे मामाको घर छाइदिने तरखर गरेका थिया[१] ।

छोराहरूको पिटाइले घैडाँडे मामाको रोगी जीउमा बेसरी मर्का परेको रैछ । हाम्रो बाबाले किनिदिएको औषधी खान मानेन् । त्यसै-त्यसै नबोलेर टोलाएर बस्ने गर्न थाले । र त्यसको केही दिनमा भुपडी छाएको पनि देख्न नपाइ घैडाँडे मामाले संसारबाट बिदा लिए । ''गोरा साहेबले कानमा हाल्नलाई डेखुन् रुइजस्तो फुल्लिने चिज डिन्ट्यो भान्जा । मैले ट डेखुन् गुरुम्म-गुरुम्म पड्केको सुन्न मजा मानेर डेखुन् रुइसुइ मिल्काएर चार जनाले उठाउन पर्ने यत्रा-यत्रा लोला डेखुन् एक्लै तोपमा जाक्डिन्ट्याँ । ट्यै रमाइलोले डेखुन् कान हरायो भान्जा ।'' भन्दै दोस्रो विश्वयुद्धको सजीव कहानी सुनाउने ८४ वर्षे वीर गोर्खाली घैडाँडे मामा मरे ।

घैडाँडे मामा मरेको आठ दिनको दिन गोर्खा वेल्फेयरका मान्छेहरू घैडाँडे मामाको नाम नम्बर सहित खोज्दै आइपुगे । उनी मरेको थाहा पाएपछि वीर गोर्खाली योद्धाको सम्मान र सम्झनामा शिर झुकाएर मौन धारण गरे । उनका छोराहरूलाई वीर गोर्खाली योद्धाका सपूतहरू भनेर सम्मान गरे । काजक्रिया सकेर अहिलेसम्म रोकिएको पेन्सन, क्रिया खर्च र युद्धबन्दी भएका वीर गोर्खाले पाउने क्षतिपुर्ति बुझ्न वेल्फेयर कार्यालयमा आउन उनका छोराहरूलाई निम्ता दिएर गए ।

"यी घैडाँडेका छोरोहरू त वीर मात्र होइनन् । यी त महावीर हुन, त्यस्ता वीर बाबालाई पनि हैरानै पारेर मारे ।''

''त्यो बुढो पनि भाग्य नभएको भनेको यस्तै हो । जिम्दो हुन्जेल आटोको ठेला खान नदिने छोराहरूले पो हात पारे बुढाको पौरख । कम्ति हो र युद्ध बन्दीको मात्र तेह्र लाख रे अरु त कति हो कति ?''

''भो हुन्देऊ ठूली, त्यस्ताको के कुरा गर्ने । बुढाको धन पैसा खानु र सिनो खानु एउटै हो ।''

''हेला गरेको फेला पर्छ भनेको यही त हो ।''

खोलाको छेउ च्वाँडीमा (जरुवा) पानी भर्न भेलाभएका पर्धेनीहरू दुई चार दिनसम्म यसरी नै खिसी गरे । केही दिनदिन सबैले उनलाई बिर्सिए ।

प्रगतिशील लेखक संघ केन्द्रिय सदस्य

# एम. जी. द्वारा बौघा गुम्हामा निःशुल्क दन्त शिविर

बुटवल उपमहानगरपालिका वडा नं. ११ का एम.जी. क्लबले तानसेन नगरपालिका १३ बौघा गुम्हा स्वास्थ्य चौकीमा एक दिने निःशुल्क दन्त शिविर कार्यक्रम सम्पन्न गरेको छ। एम.जी. क्लबको आयोजनामा बुटवल १० योगिकुटीको डक्टर्स डेन्टल होमले प्रायोजन गरेको शिविरमा त्यस क्षेत्रका महिला पुरुष र बालबालिका गरी १ सय भन्दा बढी सेवा ग्राहीहरुले दाँत परिक्षण गराएका थिए।



चिकित्सक टोली र एम.जी. परिवार

त्यहाँ निःशुल्क दन्त शिविर राखिएको हुनाले नागरिकहरु निकै उत्साहित देखिनुका साथै दन्त परिक्षण गराउने महिला र पुरुष बराबर नै रहेका थिए। शिविरमा चिकित्सक टोली योगिकुटी डक्टर्स डेन्टल होमका डा. स्वीकृति झाँ, सि.डि.एस राम श्रेष्ठ सिंह, सिंजाली फार्मेसी चरङ्गेका दैनिक सिंजाली मगर, बिक्रम श्रेष्ठ, भावना थापा लगायत एम.जी. क्लबका टिमले सेवाग्राहीहरुलाई सेवा प्रदान गरेका थिए।

कार्यक्रममा वडा नं. १३ का अध्यक्ष टुक प्रसाद भट्टराईले बोल्दै हाम्रो स्वास्थ्य चौकी निर्माण भए पश्चात उद्घाटन गर्न संयोग नजुर्दै वडामा हामीले गर्ने काम एम.जी. क्लबले निःशुल्क दन्त शिविर राखिएकोमा धन्यवाद व्यक्त गर्दै क्लब सञ्चालन भएको छोटो समयमा थुप्रै सामाजिक काम गर्दै आएकोले क्लबको उत्तरोत्तर प्रगतिको कामना गरेका थिए।

यसै गरी बौघा गुम्हा स्वास्थ्य चौकी केन्द्रका इन्चार्ज शिव बहादुर थापाले बोल्दै यो क्लबले सामाजिक कार्य गरेर गुम्हा बासीलाई सेवा प्रदान गरेकोमा उदाहरणीय काम भएको बताएका थिए। साथै चिकित्सक टोली तथा सम्पूर्ण एम.जी. परिवारलाई धन्यवाद दिदै आगामी दिनमा पनि क्लबबाट यस्तै सहयोगी भावनाको अपेक्षा गरेका थिए।


डा. स्वीकृति झा दन्त परिक्षण गर्दै

यसै गरी डेन्टल होमका बिक्रम श्रेष्ठले दाँतलाई कसरी सफा राख्न सकिन्छ र ब्रस कसरी गर्ने बारे शिविरमा आएका सेवाग्राहीहरुलाई जानकारी गराएका थिए। उक्त शिविरको कार्यक्रममा विभिन्न दलका जनप्रतिनिधि तथा थुप्रै संघसंस्थाका समाजसेवीहरुको उपस्थिति रहेको हुनाले त्यहाँका समाजसेवी चेतबहादुर सिंजाली तथा जनप्रतिनिधि तुल बहादुर सोमै मगरले पनि आ-आफ्नो धारणा व्यक्त गर्दै क्लबलाई धन्यवाद दिएका थिए।

क्लबका अध्यक्ष तुलजी सारुले भोलिका दिनहरुमा पनि आवश्यक परे यसै ठाउँमा यो क्लबले सक्दो सहयोग गर्नेछ भन्ने बचन दिएका थिए भने वरिष्ठ उपाध्यक्ष श्रीधर अर्घालीले यो क्लब नाफा कमाउन सञ्चालन गरेको होइन यसले नितान्त समाजसेवा गर्दै आएको छ भन्दै क्लबले गरेको काम बारे प्रष्ट पारेका थिए। साथै शिविरको कार्यक्रममा एम.जी. ले बौघा गुम्हा मगर होमस्टे संघलाई र चिकित्सक टोलीलाई प्रमुख अतिथिको हातबाट प्रशंसा पत्र प्रदान गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि बौघा गुम्हा वडा नं. १३ का अध्यक्ष टुक प्रसाद भट्टराई रहेका थिए भने विशिष्ट अतिथि बौघा गुम्हा स्वास्थ्य चौकी इन्चार्ज शिव बहादुर थापा रहेका थिए।


यो क्लबले स्थापना काल देखि नै विभिन्न ठाउँमा सामाजिक काम गर्दै आएको हुनाले क्लबले गरेको काम प्रति एक दिन राज्यले अवश्य पनि उचित मूल्याङ्कन गर्नेछ।

"ओभेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**लाल बहादुर राना**
प्राचार्य
तथा
**शान्ति निकुञ्ज बोर्डिङ्ग सेकेण्डरी स्कूल परिवार**
पोखरा-१७, हिमाली टोल, कास्की

"ओभेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**प्रो. इन्द्र बहादुर राना मगर**
**गोरखाली होटल एण्ड लज**
भरतपुर-७, क्यान्सर गेट १ अगाडि, चितवन
फोन. ०५६-५२७१८८, ९८४५२१३६१०



हामीकहाँ खाना, मःम, चाउमिन, चिकन मटन, सुकुटी
लगायत शान्त वातावरणमा बस्नको लागि राम्रो व्यवस्था छ।

"ओभेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**प्रो.प्रेम थापा**
**मो. ९८४७१५८१३१**
**९८१७४०४३२२**
**भैरव ट्रेड एण्ड सप्लायर्स**
बुटवल-८, सुखखानगर, अक्सफोर्ड स्कूलको अगाडि

**हामीकहाँ काठका गोलिया, चिरान, स्ट्रिप तथा झ्याल, ढोकाका चौकस एवम् पल्ला अर्डर अनुसार सुपथ मूल्यमा बनाईन्छ।**

"ओभेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**संगिता पुन मगर**
अध्यक्ष
**नेपाल मगर संघ**
कास्की

# मानवीय पहिचान नै चाहिन्छ

• डि. बि. पुन

स्वर्ग चुम्ने भऱ्याङको रुपमा
छ सिस्ने हिमाल मसँग
कर्णालीको मुहानका रुपमा
छ पुपाल दह मसँग
तर मलाई मानव पहिचान नै चाहिन्छ

पहाडकी परीको रुपमा
छ उभिएको जलजला मसँग
राप्तीको उद्गम थलोका रुपमा
छ बगेको उत्तरगंगा मसँग
तर मलाई मानव पहिचान नै चाहिन्छ

पहाडको चुचुरोमा अद्भूत अचम्म
छ गौमुखीको बुलबुले मुहान मसँग
अवतारी भगवानको बासस्थानका रुपमा
छ स्वर्गद्वारी मसँग
तर मलाई मानव पहिचान नै चाहिन्छ

पौराणीक इतिहास झल्काउने
छ रेसुङ्गाको लेक मसँग
मृत आत्माको शान्ति संगमका रुपमा
छ रिडी गण्डकी मसँग
तर मलाई मानव पहिचान नै चाहिन्छ

त्रिशुलको राजा मानिने मन्दिरका रुपमा
छ भैरवस्थान मसँग
कमल दह र पाल्पा दरबार इतिहास चिनाउने
छ श्रीनगर डाँडा मसँग
तर मलाई मानव पहिचान नै चाहिन्छ

ब्राह्मा देवताहरुको कुण्डका रुपमा
छ बाह्र कुने दह मसँग
काला धनको भण्डार रहेको
छ चौघेराको फाँट मसँग
तर मलाई मानव पहिचान नै चाहिन्छ

दक्षिणी किल्लाको रुपमा
छ ठाकुरद्वार मसँग
संसारलाई लोभ्याउने हरिणसार
छ बाँके बर्दिया निकुञ्ज मसँग
तर मलाई मानव पहिचान नै चाहिन्छ

शिवजीको चुरे बस्तीका रुपमा
छ शिवगढी मन्दिर मसँग
प्राचीन इतिहासको प्रतिक
छ अशोक स्तम्भ मसँग
तर मलाई मानव पहिचान नै चाहिन्छ

शान्तिको अग्रदुत गौतम बुद्ध जन्माउने
छ पवित्र भूमी लुम्बिनी मसँग
साम्राज्यवादलाई धुलो चटाउने
छ जितगढी किल्ला मसंग
तर मलाई मानव पहिचान नै चाहिन्छ


मानव इतिहासमा अनुसन्धानको इट्टा थप्ने
छ रामापिथेकसको बासस्थान मसँग
नेपाल मुटुमा सधै काँडा भई बल्झिरहने
छ सुस्ताको भूमी मसँग
तर मलाई मानव पहिचान नै चाहिन्छ


"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न सफल होस् हार्दिक शुभकामना !

प्रो. गंगा पुन गाहा मगर

मो. नं.: ९८६७२३२८३८, ९८२७४४२३९२

**मगर खाजा घर**





बुटवल–८, सुख्खानगर, रुपन्देही

हामीकहाँ सेलरोटी, बटुक, ईदल्ली, चुकौनी, म:म, चाउमिन, थुप्पा, लोकल खाना, आटो, ढिडो, सिस्नो पाइनुका साथै अर्डर अनुसार सम्पूर्ण खाना पाइन्छ। होमडेलिभरीको व्यवस्था पनि छ।


हार्दिक शुभकामना
"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिकाले छैठौं वर्ष
सफलता साथ पूरा गरी **सातौं वर्ष** मा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निष्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना ।
गोकर्ण बहादुर क्षेत्री
अध्यक्ष
एवम्
गोमा तरामु मगर
उपाध्यक्ष
कञ्चन गाउँपालिका परिवार
रुपन्देही


G.K. TECHNICAL
NEPAL PVT. LTD.
Butwal-11, Rupandehi
Ph. 071-508065
M:9857039148, 9847230300
Url: www.gktechnical.com
E-mail: nepalgktechnical@gmail.com
हामी कहाँ विभिन्न किसिमका ग्यारेण्टी तथा नन ग्यारेन्टी LED बल्वहरु आफ्नै ब्राण्डमा उत्पादन गरी न्यूनतम होलसेल मूल्यमा बिक्री वितरण गरिन्छ ।


Tel: 071-540097
लुम्बिनी स्कीन एण्ड लेजर सेन्टर
Lumbini Skin & Laser Center
अन्य सेवाहरु
कम्प्युटर विधिद्वारा छाला परीक्षण
कोठी, मुसा, दादु झाडी हटाउने
चाउरीपना हटाउने
कपाल सम्बन्धी समस्या
नङ सम्बन्धी समस्या
यौन तथा कुष्ठ रोगको उपचार
लेजरबाट अनावश्यक रौं हटाउने
शरीरको बोसो घटाउने
एलर्जी परीक्षण सेवा
घाउ चोटका दागहरु
छालाको ट्युमर तथा क्यान्सरको उपचार
छाला सम्बन्धी अन्य सम्पूर्ण रोगहरुको उपचार
प्रदेश नं. ५ मै अत्याधुनिक प्रविधियुक्त
Emergency Help
071-540097
Lumbini Skin & Laser Center
Dharmapath, Butwal-8, Rupandehi, Nepal

# बम काण्डका मुख्य अभियुक्त आलम पक्राउ

१२ वर्ष अघि रौतहटको बम काण्डका मुख्य अभियुक्त मोहम्मद अफताफ आलमलाई सर्वोच्च अदालतले २०६९ जेठ १६ गते फक्राउ गरी अनुसन्धान गर्न आदेश दिए पनि करीब ७ वर्षसम्म बच्दै आएका थिए। आलमलाई पीडितहरुले सर्वोच्चको आदेश कार्यान्वयन नभएको भन्दै गृहमन्त्रालय र नेपाल प्रहरी विरुद्ध अपहेलता मुद्दा दर्ता गरे लगत्तै सर्वोच्च अदालतले पक्राउ नगर्नुको कारण माग्दै पत्र लेकेको थियो। त्यसपछि प्रहरीले उनलाई यही २०७६ असोज २६ गते पक्राउ गरी विभिन्न प्रमाण सहित कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र विस्फोटक पदार्थ प्रयोग तथा भण्डारणको अभियोग लगाएको छ। जिल्ला सरकारी वकिलको कार्यालयले गत १८ गते आलम सहित ११ जना माथि सँजायको माग दाबि गर्दै जिल्ला अदाल रौतहटमा मुद्दा दायर गरेको थियो।

पहिलो संविधान सभा निर्वाचनको अघिल्लो दिन २०६४ चैत्र २७ गते साँझ आलमको घर छेउमै उनका काका सेख इद्रिसको गोठमा वम विस्फोटन हुँदा त्यसको छर्रा लागेर घाइते भएका १२ जना व्यक्तिहरुलाई जिउदै इट्टाभट्टामा हालेर मारेको प्रमाण भेटिएपछि उनलाई पक्राउ गरिएको हो। २०६४ सालको पहिलो संविधान सभाको निर्वाचनमा बुथ कब्जा गर्न ल्याइएको बम विस्फोट हुँदा केही व्यक्तिहरु मारिएका थिए भने केही घाइते भएका थिए भने विस्फोटबाट क्षति हुन पुगेको गोठ तत्कालै मर्मत गरिएको थियो।



अफताफ आलम २०३४ सालमा राजनीतिमा प्रवेश गरेका थिए। २०४५ सालमा रौतहट जिल्लामा नेपाली कांग्रेसको सभापति भएका थिए। त्यसपछि २०६७ सालमा पार्टीको केन्द्रीय सदस्य समेत बनेका थिए। उनी नेपाली कांग्रेसबाट रौतहट क्षेत्र नं. २ बाट २०५१, २०५६, २०६४, २०७४ मा गरी ४ पटक सांसद बनेका थिए। नेपाली कांग्रेस भित्र बलियो प्रभाव रहेको आलम २०५४ सालमा सहायक मन्त्री बनेका थिए। त्यसपछि २०५७ सालमा वन मन्त्री बनेका थिए भने २०५८ सालमा भूमी सुधार मन्त्री बनेका थिए र २०६५ सालमा श्रम तथा यातायात मन्त्री बनेका थिए।

त्यसो त घटनाका पीडित पक्षबाट आफै मारिने डरले घटनाको धेरै वर्षसम्म बोल्न नसकेकाले पछि २०६५ बैशाख ९ मा आलम विरुद्ध जाहेरी परेको थियो। पार्टीको पहुँचको कारण २०६५ असार ३० मा महान्यायधिवक्ता कार्यालयले मुद्दा नचलाउने निर्णय गरेको थियो। पछि पीडितहरु सर्वोच्चमा गएपछि २०६९ जेठ १६ मा सर्वोच्चद्वारा कारवाहीको आदेश दिएको थियो। त्यस्तै २०७३ मा आलमले जिल्ला प्रहरी रौतहट विरुद्ध मानहानी मुद्दा दायरा गरेका थिए।

बिएस्सीसम्म अध्ययन गरेका आलमका काका शेख इद्रिसको प्रभावबाट राजनीतिमा लागेका थिए। पैसा, पावर र सत्ताको भरमा जस्तो सुकै घटनालाई पनि लुकाउन छिपाउन सकिन्छ भन्ने मानसिकता बोकेका आलम लामो समय घटना लुकाउन सफल भएका थिए। रौतहटका तत्कालिन एस.पी. पनि घटना लुकाउन मिलेको आरोप छ। आलम त्यसबेला रौतहटको सिंह जस्तै थिए। सिंहको अगाडि कसले आवाज उठाउने ? प्रहरी प्रशासन, कानुन एवम् उसैको पक्षमा थियो। स्थानीयको कथन छ। त्यसो त आलमको बचाउको लागि सिङगो नेपाली कांग्रेस पार्टी पनि लागेको थियो। सारा नेपालीको अहिले एउटै आवाज छ हत्या, हिंसा र धाँधली गरी सत्ताको पावरमा पुग्ने छुट कसैलाई दिन हुँदैन। सरकारले कानुनी राज्यको स्थापना गर्नुपर्दछ।

# सार्वजनिक सूचना

**व्यक्तिगत घटना दर्ता र  समयमा कर तिरी आफ्नो कानुनी अधिकार स्थापित गर्नु प्रत्येक नागरिकको कर्तव्य हो ।**

- वडा कार्यालयमा जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता र बसाई दर्ता जस्ता व्यक्तिगत घटनाको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गराऔं ।
- वातावरण मैत्री वालमैत्री र समृद्ध गाउँपालिका निर्माणमा सहभागी बनौं ।
- आफ्नो घर पसल, संघसंस्थाबाट निस्कने फोहोर जथाभावी नफालौं,सभ्य नागरिकको परिचय बनाऔं ।
- पूर्णसरसफाईका सुचक अनुरुप घर,टोलको व्यवस्थापन गरी पुर्णसरफाई युक्त गाउँपालिका बनाउन मद्दत गरौं ।

**सन्तोष थापा**
अध्यक्ष

## माथागढी गाउँपालिका

भ्रडेवा, पाल्पा

---

“ओभ्रेल भित्रका वास्तविक सचेतना अभियान” का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अभ्र निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**भुवन राना**
अध्यक्ष

## गैडहवा गाउँपालिका

**वडा नं. ८, रुपन्देही**

---

“ओभ्रेल भित्रका वास्तविक सचेतना अभियान” का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अभ्र निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**प्रो. थमन इन्दिरा रजाली मगर**

## थमन अर्गानिक एग्री फर्म

हुप्सेकाट–३, बेलाहानी चौरङ्गी, नवलपुर, मो. ९८१५४२३३३६, ९८०५४८६५३३

**प्रो. थमन रजाली/दान बहादुर सुनारी**

## थमन एग्री सोलुसन

काबासोती–८, होटल दियालोको ठिक अगाडि, नवलपूर
मो. ९८१५४२३३३६, ९८०३४३६५३८

**कृषि विकासको मूल आधार आधुनिक प्रविधिको विस्तार**

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !



**तारा प्रसाद राना**
**समाजसेवी**
सि.न.पा.-३, दरखसवा, भैरहवा

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**भिम बहादुर श्रेष्ठ**
**अध्यक्ष**
**बुटवल उपमहानगरपालिका**
**वडा नं. ८,** सुख्खानगर, रुपन्देही

# गजल



**सीता गाहा**
बटवल-८, सुख्खानगर

आजकल त चिने पनि नचिने झै गर्न थाल्यौं !
लाग्छ मेरो माया पनि अन्तै बसाई सर्न थाल्यो !!

माया के गराई भो र दुःखमा साथ हुन्नौ भने !
तिमी बिना पनि आज सबै दुःख तर्न थाल्यो !!

बाँच्दिन जस्तो लाग्थ्यो तिमी बिना एक पल पनि !
तिमी बिना बाँच्न पनि अब बानी पर्न थाल्यो !!

देवतासरी विराजमान थियौं मेरो मन मन्दिरमा !
देवताबाट दानवतामा खै किन झर्न थाल्यौं !!

भेटियो कि अर्को कुनै साथ दिन सहयात्री !
त्यसैले त मेरो माया यति चाडै मार्न थाल्यौं !!

साथ देऊ भन्दिन म हाँसी बोले पुग्छ मलाई !
बिना कारण खोई किन बोली पनि बार्न थाल्यौं !!

कविता

# हाम्रो गोरेटोलाई सातौं वर्षको शुभकामना !



ताराप्रसाद श्रेष्ठ

'' हाम्रो गोरेटो '' छैठौँ वर्ष पूरा गरी लाग्यौं सातौं वर्षमा ।
लाखौं लाख शुभकामना खुसी र हर्षमा ।।
शिक्षा, स्वस्थ्य, मनोरञ्जन चेतनाका कुरा ।
ज्ञान, विज्ञान, इतिहास, भूगोलका दिने जानकारी पूरा ।।

भाषाभेष, लिपी, संस्कृति मौलिक पर्व ।
खोजविनका साथ पढ्न पाउदा लागेको छ हर्ष ।।
श्रम, सीप, कला घरेलु उद्योग कृषिबाली ।
आय-आर्जन हुने हात नराखी खाली ।।

भूगोल पहिचान पूर्वजहरुका गौरवगाथा ।
राष्ट्रको धरोहर लुम्बिनी बुद्ध, पशुपति, सगरमाथा ।।
जल,जमीन, जडिबुटी, जङ्गल ।
प्राणी सकलको हुन्छ यसैमा मङ्गल ।।

यसैमा रमेका छौं सकल हामी आदिवासी ।
राष्ट्रको लागि जीवन उत्सर्ग गर्छौं हाँसी-हाँसी ।।
हाम्रो मार्ग दर्शक, हाम्रो गोरेटोलाई सद्भावना ।
हाम्रो गोरेटोलाई उत्तरोत्तर प्रगतिको शुभकामना ।।

# रक्षा गरौं हाम्रो भूमी



**प्रशंसा भट्टराई**
कालीका मानवविज्ञान मा.वि.
कक्षा ९, बुटवल

सारिदैछ सीमा अनि मेटाउँदैछ नक्सा
अझै पनि मौन छौं नेपाली, कहाँ गयो हाम्रो स्वाभिमान

गौरवसाथ भन्छौं, गोरखाली हामी आँट बलिदान दिन
देशलाई गुमाउन लाग्दा पनि हिम्मत भएन डटेर लड्न

राती सुत्दाका हामी नेपाली नागरिक विहान उठ्दा भारतीय हुने हौं कि
छिमेकी राष्ट्र भन्दै सम्बन्ध गाँस्दा गाँस्दै स्वाभिमान नै गुमाउने हौं कि

कालापानी, लिपुलेक र लिम्पियाधुरालाई फर्काउन
पछि सर्नु हुन्न नेपाली भारतलाई सीमा बढाउन

आजसम्म गुनगान गयौं पुर्खाका त्यो बलिदानमा
अब उभिने बेला आएको छ नेपालको सिमानामा

सरकार कति कुर्छौं अझै भारतको निर्णयलाई
चाल्नु पर्छ कदम अब आफ्नो भूभाग फर्काउनलाई

कति भर पर्छौं अझै मोदीका ति आश्वासनले
राष्ट्र लुटी लागि सक्यो नेपालीको दुर्बलताले

कति प्रयास गरे अंग्रेजले नेपाललाई हड्प्नलाई
सम्मान दिइ फर्कि गए नेपालीको वीरतालाई

आधा नेपाल लिइसके अरुमा पनि आँखा लाए
विकास गरिदिन्छु भनिभनि नेपाललाई लुटि लगे

एकबद्ध होऔं अब नेपाली आफ्नो पाइला चलाउनलाई
नेपाली भूमी बचाउन स्वाभिमान जोगाउनलाई